किरात मुन्दुम कला, संस्कृति र सभ्यता विकास

# अध्ययन प्रतिवेदन



साकेला गाउँपालिका, खोटाङ


**प्रस्तुतकर्ता**

किरात मुन्दुम अध्ययन केन्द्रका तर्फबाट

पूर्णबहादुर राई (जीतेन)

अधिवक्ता डा. शान्तिदेवी राई

सन्तोष (निरा) राई


२०८३

## कृतज्ञता

किरात मुन्दुमलाई धार्मिक नजरले हेर्ने गरिन्छ । यद्यपि यो त्यति मात्र होइन, यो विज्ञानसङ्गत र व्यवहारिक छ । यो मुन्दुमी व्यवहारिक ज्ञान, सभ्यता तथा संस्कृति नेपालको अमूल्य निधि हो । मुन्दुम संस्कृति, ज्ञान, कला र सभ्यताझैँ अन्य सांस्कृतिक निधि पनि नेपालका सम्पदा हुन् । यिनको संरक्षण तथा संवर्द्धन गर्नु हामी सबैको दायित्व हो । यसरी नेपालमा रहेका विभिन्न जातजातिको सांस्कृतिक सम्पदा जोगाउन नसके नेपालकै पहिचान लोप भएर जानेछ । त्यसैले राज्य तथा जनस्तरबाट पनि यस्ता निधिको संरक्षण गर्नु कर्तव्य हुन आउँछ । त्यसैअनुरूप साकेला गाउँपालिकाको आर्थिक सहयोगमा प्रस्तुत किरात मुन्दुम संस्कृति तथा कलाको अध्ययन गरिएको हो । यस अध्ययनमा यस गाउँपालिकालाई आधार मानेर अध्ययन गरिएको छ ।

जिल्ला सदरमुकाम दिक्तेलदेखि करिब २८ किलोमिटर टाढा पूर्वतिर रहेको यो गाउँपालिका सांस्कृतिक रूपमा सम्पन्न देखिन्छ । यद्यपि यहाँको स्थानीय भाषा चाम्लिङ भने अधिकांशले व्यवहारिक बोलीचालीमा बोल्न छाडेको देखिन्छ । धार्मिक अनुष्ठानमा भने प्रयोग हुँदै आइरहेको छ । खस नेपालीमा औपचारिक शिक्षा दिइएपछि चाम्लिङ भाषा व्यवहारिक बोलीचालीमा बोल्न छाडिएको देखिन्छ । यसकारण कतिपय मौलिक ज्ञान पनि लोप भयो कि भन्ने देखिन्छ । यसका लागि थप भाषिक अध्ययनको पनि आवश्यक देखिन्छ ।

अध्ययनका क्रममा आफ्नो अमूल्य समय र कयौँ वर्षदेखि मौखिक रूपमा हस्तान्तरण हुँदै आइरहेको ज्ञान हामीसमक्ष प्रस्तुत गर्नुहुने सम्पूर्ण स्रोत व्यक्तिहरूप्रति हामी कृतज्ञ छौँ । त्यस्तै यस अध्ययनका लागि नीतिगत रूपमा सहयोग गर्नुहुने पालिकाका अध्यक्ष रविप्रकाश राई, उपाध्यक्ष विर्षिका राई, व्यवस्थापकीय रूपमा सहयोग गर्नुहुने सामाजिक विकास अधिकृत दुर्ग राई, वडाध्यक्षज्यूहरू, अन्य जनप्रतिनिधिप्रति हार्दिक धन्यवाद । त्यस्तै प्राविधिक रूपमा सहयोग गर्नुहुने डिएम चाम्लिङ, लेखापाल उत्तम आचार्यलगायत सम्पूर्ण कर्मचारीमा हार्दिक आभार । हामीलाई प्रत्यक्ष अवलोकन अध्ययनमा सवारी, सन्देश प्रवाहलगायतमा सहयोग गर्नुहुने हरिकुमार राई, उज्जल राई, रुपेश राईलगायतलाई धन्यवाद । साथै बद्रीकुमार राई, इन्द्रकलाराई, आशा राई तथा यादव राईज्यूप्रति पनि विशेष धन्यवाद ।

अध्ययनकर्ताहरू

**पूर्णबहादुर राई (जीतेन)**
**अधिवक्ता डा. शान्तिदेवी राई**
**सन्तोष (निरा) राई**

## विषय सूची


अध्याय एक

अध्ययनको परिचय

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | अध्ययनको उद्देश्य | १ |
| १.३ | अध्ययन विधि | १ |
| १.४ | अध्ययनको सीमा | २ |
| १.५ | उद्देश्य प्राप्तीका लागि गरिएका कार्य | २ |
| १.६ | अध्ययनको प्राप्ती | २ |
| १.७ | अबको बाटो | ३ |

अध्याय दुई

मुन्दुम

| | | |
|---|---|---|
| २.१ | पृष्ठभूमि | ५ |
| २.२ | मुन्दुमको अवधारणा | ५ |
| २.३ | मुन्दुमको आवश्यकता | ६ |
| २.४ | मुन्दुमको उत्पत्ति र विकास | ७ |
| २.५ | मुन्दुमको वर्गीकरण | ७ |
| २.६ | मुन्दुम रिसिया : स्वरूप र स्रोत | ९ |
| २.८ | किरात राई सभ्यताको विकासमा मुन्दुमको भूमिका | ९ |

अध्याय तीन

किरात राई समुदायले गर्ने संस्कार, पूजा एवम् अनुष्ठानहरू

| | | |
|---|---|---|
| ३.१ | पृष्ठभूमि | १० |
| ३.२ | साकेला स्योपुइया : सुरुवात र प्रयोग | १० |

अध्याय चार

मुन्दुमी मौलिक गीत, लय तथा भाकाहरू

| | | |
|---|---|---|
| ४.१ | पृष्ठभूमि | ३९ |
| ४.२ | दोलोकुम्मा दो | ३९ |
| ४.३ | होप्मा छाम (गेयात्मक मुन्दुम रिसिया गीत) | ४० |
| ४.४ | हियारी/हियाछाम | ४१ |
| ४.५ | साकेला गीत | ४३ |
| ४.६ | साकेला गाउँपालिकामा रहेका मौलिक वाद्ययन्त्रहरू | ४६ |

अध्याय पाँच

किरात मुन्दुम संस्कार


५.१ पृष्ठभूमि ५६

५.२ खराधिम्मा/बुनहेक्मा/बुखुन्दिमा ५६

५.३ हियाफ्रमा ५७

५.४ नुङवैमा/मलिडा पमा (न्वारन) ५८

५.५ द्यो पम्मा/अन्नप्राशन ५८

५.६ टुइईमा/गुन्यू चोलो ५९

५.७ टखोमा (छेवर) ५९

५.८ रुङरीकाम्मा/रुङरीखम्मा (विवाह) ५९

५.९ सिरा रिलुङ (मृत्यु संस्कार) ६१

५.१० अन्य चलन तथा संस्कारहरू ६१


अध्याय छ

मुन्दुमी चिकित्सा


६.१ पृष्ठभूमि ६७

६.२ मुन्दुमी उपचार ६७

६.३ जडिबुटी ६७

तस्बिरहरू

सन्दर्भ सामग्री

स्रोत व्यक्तिहरू

# अध्याय एक

# अध्ययनको परिचय

## १.१ पृष्ठभूमि

साकेला गाउँपालिका र किरात मुन्दुमको अध्ययन अनुसन्धान गर्दै आइरहेको संस्था किरात मुन्दुम अध्ययन केन्द्रबीच सम्झौता भई पालिकामा रहेको किरात राई मुन्दुमी कला, संस्कृति र सभ्यता विकासको अध्ययन गरी उक्त अध्ययन प्रतिवेदन यहाँ प्रस्तुत गरिएको छ । अध्ययनले साकेला गाउँपालिकामा बसोबास गरिरहेका किरात राई तथा गैर किरात राई समुदायमा प्रचलित मुन्दुमी कला, संस्कृतिको संरक्षणमा चुनौति सिर्जना भएको पाएको छ । मौलिक कलाहरू, संस्कृति, गीतहरू छेउलागेको अवस्था छ । यद्यपि यसलाई पुन अध्ययन अनुसन्धान गरेर शैक्षिक रूपमा अगाडि बढाउनुपर्ने देखिएको छ ।

नेपाल बहुजाति, बहुसांस्कृतिक रूपमा सम्पन्न मुलुक हो । विश्वमा हरेक जाति, वर्ग र समुदायले आफ्नै तवरले जीवनयापन गर्ने भएकाले सोहीअनुरूपका परम्परा बन्दै संस्कृति निर्माण हुने गर्दछ । हावापानी, बसोबास क्षेत्रको स्थिति, त्यहाँको आवश्यकताले परम्परा निर्माण हुन्छन् र संस्कृति बन्छ । किरात राई समुदायको मुन्दुम संस्कृति पनि जीवनयापनमा आवश्यकताले जन्माएको संस्कृति हो ।

साकेला गाउँपालिकाका ५ वटा वडाका विभिन्न गाउँ तथा टोलहरूमा पुगी प्रत्यक्ष अध्ययन, अन्तरवार्ता तथा अवलोकन गरी प्रस्तुत प्रतिवेदन तयार पारिएको हो । प्रतिवेदनमा अध्ययनबाट प्राप्त तथ्य/तथ्याङ्कलाई विश्लेषण गरी केही निष्कर्षात्मक सुझावहरू पनि प्रस्तुत गरिएको छ । साथै प्राप्त मुन्दुम कला, रिसिया, गीत, बाद्ययन्त्र तथा संस्कार एवम् सांस्कृतिक अनुष्ठानका रिसियालाई समेत समावेश गरी उक्त अनुष्ठान गर्ने विधि, सामग्री, संस्कार गर्नुका कारणलगायतका विषय पनि प्रस्तुत गरिएको छ । यसले गाउँपालिकालाई किरात राई समुदायको अमूर्त सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्न मद्दत मिल्ने हाम्रो ठम्याइ छ । यसले सही मार्गनिर्देश हुन गाउँपालिकालाई टेवा मिल्नेछ ।

## १.२ अध्ययनको उद्देश्य

किरात मुन्दुम कला, संस्कृति र सभ्यताको अवस्था साकेला गाउँपालिकामा के कस्तो रहेको छ भनेर खोजी गर्नु अध्ययनको उद्देश्य रहेको थियो । हराइसकेका मुन्दुमी कला, संस्कृतिहरूको समेत अध्ययन अनुसन्धान हुनुपर्छ भन्ने उद्देश्य रहेको थियो । अध्ययनले किरात मुन्दुमी समुदायमा रहेको मौखिक ज्ञान, कला, र संस्कृतिलाई संरक्षण गर्ने अभिप्राय रोखेको थियो ।

## १.३ अध्ययन विधि

प्रस्तुत अध्ययन प्रत्यक्ष अवलोकन, स्रोतव्यक्तिहरूसँग कुराकानी वा अन्तरवार्ता तथा द्वितीय स्रोतको समेत उपयोग गरी गरिएको हो । त्यस्तै सामूहिक छलफललाई पनि अध्ययनको विधिको रूपमा समावेश गरिएको छ ।

## १.४ अध्ययनको सीमा

साकेला गाउँपालिकासँगको सहकार्यमा अध्ययन गरिएकाले भौगोलिक रूपमा साकेला गाउँपालिकालाई नै सीमा निर्धारण गरिएको छ । यस पालिकामा किरात राई समुदायको मुन्दुमी संस्कृति, कला, सभ्यताको अध्ययन गरिएको छ । साकेला गाउँपालिकामा बसोबास गर्ने किरात राई समुदायले झैँ अन्य स्थानमा बसोबास गर्ने समुदायले पनि अधिकांश सांस्कृतिक अनुष्ठान गर्ने तथा अधिकांश अनुष्ठान मिल्ने भएकाले यसलाई समग्र किरात राई समुदायको निधिको रूपमा नै प्रस्तुत गरिएको छ । प्रशासनिक रूपमा पाँच वटा वडामा बाँडिएको यस पालिकाका प्रत्येक वडामा प्रत्यक्ष अवलोकन तथा स्रोतव्यक्तिसँगको अन्तरवार्ता मार्फत् तथ्य तथ्याङ्क सङ्कलन गरिएको छ ।

## १.५ उद्देश्य प्राप्तीका लागि गरिएका कार्य

उल्लेखित उद्देश्य प्राप्तीका लागि किरात मुन्दुम अध्ययन केन्द्रका अध्यक्ष श्री जीतेन राईको नेतृत्वमा अधिवक्ता डा. शान्तिदेवी राई र सन्तोष राईको तीन सदस्यीय अध्ययन टोली साकेला गाउँपालिका पुगेको थियो । टोलीले पालिकाका पाँच वटै वडामा पुगेर विभिन्न स्रोतव्यक्तिहरूसँग प्रत्यक्ष भेटेर कुराकानी गरी मुन्दुमबारे अध्ययन तथा रिसिया, गीत, कथा, मिथक सङ्कलन गऱ्यो । त्यस्तै मुन्दुमी समाजले गर्ने पितृपूजा, साकेला सभ्यता, विवाह, मृत्यु संस्कार जस्ता संस्कार र कार्यको प्रत्यक्ष अवलोकन गऱ्यो । अध्ययन टोलीले २०८२ चैत ५ देखि १२ गते पालिकाको प्रत्येक वडामा अध्ययन सम्पन्न गऱ्यो । उक्त कार्यमा पालिकाका अध्यक्ष, पालिका प्रतिनिधि, कर्मचारीहरू, वडाध्यक्ष तथा वडा सदस्य, कर्मचारीहरू, शिक्षक, समाजसेवी, बुद्धिजिबी, नछुङ एवम् सरोकारवालाहरूको उपस्थिति रहेको थियो । अध्ययनकै शिलशिलामा पालिका हलमा पालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू, वडा अध्यक्षहरूलगायतका जनप्रतिनिधिहरू, कर्मचारीहरू, शिक्षकहरू, समाजसेवी, बुद्धिजिबी, नछुङ, रिसिमी तथा सरोकारवालाहरूको उपस्थितिमा प्राप्त गरिएका तथ्याङ्कहरूको बारेमा रुजु गर्ने गराउने तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

## १.६ अध्ययनको प्राप्ती

साकेला गाउँपालिकामा मुख्यतः मुन्दुमी संस्कृतिमा आधारित सबै जातिहरूले जीवन पद्धतिलाई अगाडि बढाइएको पाइएको छ । किरात राईहरूको संस्कार, संस्कृति अन्य समुदायले अक्षरसः वा हुबहु नअपनाएता पनि खेतीपाती, वस्तुपालन, औषधि उपचार, आध्यात्मिक विश्वासहरू समान रहेको पाइयो । यहाँ चाम्लिङभाषी राईहरूको बाहुल्य बसोबास भएकोले प्रायः सबै जातिले चाम्लिङ भाषा बोल्न जान्ने, र नबोले तापनि बुझ्ने पाइयो । अन्य समुदायका नयाँ पुस्ताहरू साकेला सिली समारोहमा उपस्थिति हुने गरेको पाइयो । पूजाआजा, बिहेबटुलमा सबैमा सहभागिता हुने गरेको देखियो ।

साकेला गाउँलाई, साकेला र चाम्लिङभाषी राईहरूको उद्गमस्थलको रूपमा लिइएको देखियो । अन्य भाषाको प्रभाव मुन्दुम कार्य गर्दा तथा बोलीचालीको सामान्य भाषामा पनि प्रष्ट देखियो । यद्यपि नयाँ पुस्ताका मुन्दुमी बालबालिकाहरूले आफ्नो भाषामा चासो दिएको पाइएन । यसकारण धेरै मौलिक

ज्ञानहरू हराउने अवस्थामा रहेको छ । औपचारिक शिक्षामा मौलिक ज्ञान वा मुन्दुमी ज्ञानको बारेमा पढाइ नभएको हुनाले पनि यी नयाँ पुस्ताका बालबालिकामा चाम्लिङ भाषाको महत्व नरहेको देखियो । यस प्राप्तीले किरात मुन्दुम कला, संस्कृतिलाई अझ मिहीन ढङ्गले अध्ययन गरी यसको संरक्षण गर्नुपर्ने देखिन्छ ।

किरात मुन्दुम कला, ज्ञान समुदायमा पछिल्लो समय निरन्तरता दिने व्यक्तिको अभाव खड्किँदै गइरहेको छ । यसले संस्कार, संस्कृति र भाषा पनि लोप हुँदै गइरहेको छ । साकेला गाउँपालिकामा पनि मुन्दुमी कार्य गर्ने व्यक्तिको अभाव रहेको देखियो । मुन्दुमका जानकार व्यक्तिहरूको शेष र विविध विश्वासको बन्धनका कारण मुन्दुमी संस्कार गर्ने व्यक्ति कम भएको हो । यसले मुन्दुमी शिक्षा प्रदान गर्नुपर्ने र जनचेतना जगाउनुपर्ने आवश्यकता देखिएको छ । मुन्दुमी शिक्षा र जनचेतनाले मुन्दुमी संस्कार गर्ने व्यक्तिको विकल्प दिन सक्छ भन्ने हाम्रो ठम्याइ छ । अन्य दर्शन जस्तै मुन्दुम दर्शन पनि शक्तिसाली र महत्वपूर्ण छ । अझ भन्नु पर्दा अन्य दर्शनहरू व्यक्तिमार्फत बनाइएको छ भने मुन्दुम दर्शन सामूहिक र अनुभवको आधारमा बनेको हो भन्ने गरेको पाइन्छ । यसैले यो प्रकृतिमैत्री र उत्पादनमुखी छ । पृथ्वीको आयु बढाउनु छ भने मुन्दुम ज्ञानको विस्तार गर्न अतिआवश्यक देखिन्छ भन्ने भाव मुन्दुम रिसियाहरूबाट प्राप्त गरिएको छ । मुन्दुम दर्शनले मानव र प्रकृति एक अर्काको परिपूरक मानेको छ । मानवको जीवन भूमिमा आधारित छ । त्यसैले 'भूमि किनबेच गर्ने वस्तु हैन यो सबैको जीवन संरक्षण गर्ने साधन हो' भन्ने गरेको पाइन्छ । यसैकारण किरात राई मुन्दुमले सामे, पाछा, मेचिनुङ, बोबी मार्फत उस्को पुर्ख्यौली थातथलोको दृष्टिगत गराउँदछ । मुन्दुम सभ्यता बचाउन मुन्दुम सभ्यताभित्र भएका ज्ञानहरूलाई एकत्रित गरी शैक्षिक पाठ्यक्रम बनाई शिक्षण सिकाइ गर्न जरुरी देखिन्छ ।

## १.७ अबको बाटो

मुन्दुम संस्कृतिको संवर्द्धन र प्रवर्द्धन गर्न जरुरी रहेको छ । मौलिक संस्कृति तथा परम्परा मुलुक र यस पालिकाको सम्पदा भएकाले पनि राज्य र स्थानीय सरकारको यसमा दायित्व हुन्छ । जनचेतना अभिवृद्धि गर्ने, औपचारिक शिक्षामा मुन्दुम दर्शन र ज्ञानको अध्यापन गराउने, प्राज्ञिक छलफल तथा आधारभूत तहमा रहेका जनमाझ नियमित छलफलले मुन्दुमको महिमा बढ्न सक्छ । साथै मुन्दुम दर्शन शिक्षामा जागरण आउन सक्छ ।

मुन्दुमी अस्थाका स्थलहरूलाई संरक्षण संवर्द्धन गर्न पहल छलफहरू आवश्यक छन् । आस्थाका स्थानहरूको बारे शैक्षिक रूपमा पनि अगाडि बढाउन जरुरी छ । साझा माङखिम, साझा सुप्तुलुङहरू निर्माण गर्न आवश्यक छ । मुन्दुमी ज्ञान शिक्षा र विश्वासहरूको हस्तारण गर्ने माध्यम संस्कृति नै भएकोले हरेक मुन्दुमी समारोह चाडहरूमा नयाँ पिँडीहरूलाई पनि सहभागिता गराउन आवश्यक छ । जन्मस्थल छोडी अन्यत्र घर बनाएर वा भाडामा बसेता पनि मुन्दुमी आस्था, विश्वासको केन्द्र सुप्तुलुङलाई विभिन्न विश्वास भनाइको कारण उतै छोडेको आएका हुन्छन् । अबको आवश्यक्ता भनेको

मुन्दुमीहरूले सुप्तुलुङलाई आफै सँगसँगै राख्नुपर्ने आवश्यक्ता छ । त्यस्तै साझा सुप्तुलुङ निर्माण गरेर विश्वासहरू साझा गर्न आवश्यक गर्न सकिने देखिन्छ ।

महिलाहरू मुन्दुम संस्कृतिका आधा हिस्सा हुन् । यसलाई समृद्ध बनाउनमा उनीहरूको ठूलो हात हुन्छ । त्यसैले महिलाहरूलाई मुन्दुम समृद्ध बनाउने चेतना तथा अभिमुखीकरण गर्न जरुरी देखिन्छ । महिला, बालबालिका तथा युवालाई अभिमुखीकरण गराउन आवश्यक छ । यसका लागि स्थानीय सरकारले कार्यक्रम गर्न सक्छ ।

# अध्याय दुई

# मुन्दुम

## २.१ पृष्ठभूमि

किरात राई समुदायको सामाजिक, सांस्कृतिक, आध्यात्मिक तथा दार्शनिक जीवनको मूल आधार मुन्दुम हो । यो केवल धार्मिक आस्था वा कर्मकाण्डको सङ्ग्रह मात्र नभई जीवन, जगत्, प्रकृति, मानव अस्तित्व, समाज निर्माण तथा सांस्कृतिक विकासको समग्र ज्ञान प्रणाली पनि हो । किरात राई समाजले हजारौँ वर्षदेखि पुस्तान्तरण गर्दै ल्याएको मौखिक ज्ञान, अनुभव, विश्वास, संस्कार, रीतिथिति तथा सामाजिक मूल्यहरूको समष्टिगत अभिव्यक्ति नै मुन्दुम हो । यसले मानव जीवनको जन्मदेखि मृत्युसम्मका विभिन्न चरणहरूको व्याख्या गर्नुका साथै मानिस र प्रकृतिबीचको सम्बन्धलाई पनि स्पष्ट पार्दछ ।

मुन्दुमलाई किरात सभ्यताको जीवित दस्तावेजका रूपमा समेत लिन सकिन्छ । यसभित्र इतिहास, मिथक, संस्कृति, दर्शन, सामाजिक नियम, नैतिक शिक्षा, प्रकृतिप्रतिको दृष्टिकोण तथा पूर्वजहरूप्रतिको सम्मानका अवधारणाहरू अन्तरनिहित रहेका छन् । मुन्दुमका विविध विषयका आस्था, विश्वास, मान्यता तथा ज्ञानहरू बोक्टोङमि, सुरलुमि, नाक्छोङ/नछुङ, माबि/मबमि/कुबि/सेले/भ्वाम्चो/ज्वाम्चो, माङपा/खातवा तथा रिसिमि/चप्समि/सदुङपा/चेरेपा/ङाबुचोका साथै जानकार व्यक्तिहरू, बुढापाका, कथावाचक, पितापुर्खा आदि अघिल्लो पुस्तामार्फत पछिल्लो पुस्तालाई कथा, गीत, उखान, टुक्का, पितृपूजन र धार्मिक अनुष्ठान तथा मौखिक शिक्षाको माध्यमबाट हस्तान्तरण हुँदै आएका छन् । पछिल्लो समय भने यसलाई लिखित दस्तावेजीकरण गर्ने कार्य भइरहेको छ ।

## २.२ मुन्दुमको अवधारणा

मुन्दुमलाई चिनाउन वा परिभाषित गर्न कठिन छ । यद्यपि यसलाई विभिन्न कोणबाट बुझ्न सकिन्छ । सामान्य अर्थमा मुन्दुम भनेको किरात राई समुदायका जान्ने-मान्ने पुर्खाहरूले जीवन र जगत्का विषयमा संचित गरेको ज्ञानको मौखिक परम्परा हो । यसमा सृष्टिको उत्पत्ति, मानव जीवनको विकास, सामाजिक सम्बन्ध, कर्मकाण्ड तथा संस्कारका विषयहरू समेटिएका छन् । यसमा भाषिक विविधता, ऐतिहासिकता, धार्मिकता, सीमितता रहेको छ ।

मुन्दुमले पूर्वजहरूको स्मरण, सम्मान तथा उनीहरूसँगको आध्यात्मिक सम्बन्धलाई निरन्तरता दिन्छ । यसले जन्म, विवाह, मृत्यु लगायत जीवनका विभिन्न संस्कारहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने आधार प्रदान गर्दछ । नछुङ, माङपा, धामी, रिसिमी लगायतका मुन्दुमी ज्ञाताहरूले विभिन्न अनुष्ठान तथा संस्कारहरूमा वाचन गर्ने मन्त्र, रिसिया र कथाहरू पनि मुन्दुमकै अभिन्न अङ्ग हुन् ।

अर्कोतर्फ, मुन्दुमलाई मानिसको मनोवैज्ञानिक सन्तुलन र आत्मबल वृद्धि गर्ने सांस्कृतिक प्रणालीका रूपमा पनि बुझ्न सकिन्छ । कठिन परिस्थितिमा पूर्वजहरूको स्मरण, सामूहिक विश्वास तथा सांस्कृतिक अभ्यासहरूले व्यक्तिलाई मानसिक रूपमा सबल बनाउने कार्य गर्दछन् । यस दृष्टिले हेर्दा मुन्दुम केवल धार्मिक अनुष्ठान नभई जीवन व्यवस्थापनको ज्ञान प्रणाली पनि हो ।

विभिन्न अध्ययनकर्ताहरूले मुन्दुमलाई आ-आफ्नै तवरले परिभाषित गर्ने प्रयत्न गरेका छन् । दुर्गाहाङ याक्खा राईका अनुसार मुन्दुम भनेको प्राचीन किरात पुस्ता दरपुस्ता बिच मुखैली सुन्दै कण्ठस्थ पार्दै ल्याइएका सृष्टि र धार्मिक रहस्यसम्बन्धी कवितामय प्राचीन वचनहरू हुन् । अतीत मुखियाका अनुसार मुन्दुमले किरातीहरूको आफ्नै छुट्टै विशिष्ट धर्म, संस्कृति, भाषा, सामाजिक चालचलन र संस्कार, संस्कृति छ भन्ने पुष्टि गर्ने तथा उनीहरूको पुर्खौली थलोको समेत किटान गर्छ ।

मुन्दुमलाई शाब्दिक अर्थबाट पनि बुझ्न सकिन्छ । केही अध्यतालाई यसको विन्यास गरेर प्रष्ट्याउने प्रयास गरेका छन् ।

मुन्दुमलाई शब्द विन्यासका तवरले अर्थ लगाएर पनि हेर्ने गरिन्छ । जे.पी. राईले 'मुन्दुम' शब्द दुई वटा शब्दहरूको गठन जोडबाट निर्माण भएको बताउँछन्– मुना + दुम = मुन्दुम । मुन्दुमले 'मुन' र 'दम' शब्दहरूलाई संयोजन गर्दछ । 'मुन' शब्द मन मुनिबाट आएको हो । मनलाई मानवको रूपमा चिनिन्छ, र मुनि (पलाउनु) विकासको रूपमा चिनिन्छ । यसबाहेक 'दम'ले मनको गतिविधिहरूको वर्णन गर्दछ ( राई, २०२१, पृ.८) ।

अन्य अध्ययता तथा मुन्दुम ज्ञाताहरू तथा विभिन्न ग्रन्थमा पनि मुन्दुमको व्याख्या गरिएको छ । मुन्दुम मानव उत्पत्तिको ज्ञानमाला तथा आदिवासी ज्ञानको स्रोत हो (राई, २०१७) । मुन्दुम, 'मना' र 'दुम' गरेर दुई शब्दबाट बनेको देखिन्छ (राई र राई, २०२१) । मुन्दुम र सुप्तुलुङ एकअर्कामा अन्यान्योस्रित छ (राई र अन्य, २०२१) । त्यसैले मुन्दुमी इतिहास बुझ्नलाई सुप्तुलुङको बारेमा जान्न अनिवार्य हुन्छ । मुन्दुम त्यस्तो शक्तिशाली ज्ञान हो जहाँ मानिस भौतिक रूपमा पुग्न सक्दैन तर मुन्दुमी ज्ञानबाट पुग्न सकिन्छ भन्ने विश्वास गरिन्छ (राई, २०८२, पृ. १९-२९) । मुन्दुममा उल्लेख गरिएको कुराहरू धामीहरूले भौतिक रूपमा नपुगेको बताउने गरेको पाइन्छ । मुन्दुमले महिलाहरूलाई अग्रभागमा वा ज्ञानको स्रोतको रूपमा मानेको पाइन्छ (राई, २०८२) । मुन्दुम प्राकृतिक स्रोत र मानव बीचको सम्बन्धबाट निर्माण भएको पवित्र ग्रन्थ हो (राई, २०२६) । मुन्दुमको सुरुवात दोलोकुम्मा भन्ने पात्रबाट भएको देखिन्छ, र दोलोकुम्माले नै विश्व ब्रह्माण्डको सृष्टि गरेको हो (राई र राई, २०२६) । यो ज्ञानको पनि ज्ञान वा महाज्ञान हो (राई, २०२० बी) । प्रपन्नचार्य (२००३)ले मुन्दुम किरात राईको पूर्व प्रतिबिम्ब हो भनी दाबी गरेका छन्, जसले किरात राईको उत्पत्तिको बारेमा वर्णन गर्दछ । मुन्दुम भनेको गतिविधि, व्यवहार, सांस्कृतिक संस्कार र समर्थनको पूर्वनको संहिताकरण हो (शिवाहाङ, २०११) । मुन्दुम धार्मिक शास्त्र, प्राकृतिक र मौखिक दर्शन, किरात तथा किरात राईहरूको सांस्कृतिक संस्कारको जग, विश्वदृष्टिकोणको वर्णन, किरात सामाजिकरणको जग, किरात ज्ञानको भण्डार, भूत, वर्तमान र भविष्यको मन्त्र र जीवनशैली हो (राई, २०१८) । लुगुन एट अल (२०१९) ले मुन्दुम लिखित र अलिखित सांस्कृतिक ग्रन्थ हो भनेका छन् । मुन्दुम सांस्कृतिक सम्पदा, सङ्ग्रह र किरात राईको मूल भूमिको विवरण हो (याम्फू, २०१८) । मुन्दुम किरात राईको सांस्कृतिक दर्पण हो, जुन पुर्खाहरूको विरासत पनि हो (राई, २०१८) । निकोलेटी (२००६)ले भनेका छन्– मुन्दुम पुर्खाहरूको आवाज हो । मुन्दुम किरात राई समुदायको लोक कथा हो (चाम्लिङ, २०१५) । अलौकिक वा अदृश्य शक्ति हो मुन्दुम (काइला, २००६) । मुन्दुम भनेको पुर्खाहरूको विगतका अनुभवहरू मात्र होइन, किरात राईहरूको वर्तमान र भविष्यको ज्ञान हो (राई, २०२०, सी) । मुन्दुम मूर्त र अमूर्त भूगोलको व्याख्या गर्ने शास्त्र हो (राई, २०१६) । मुन्दुम किराती जातकिो उत्पत्ति, विकास र जीवनचर्याको शास्त्रीय वर्णन हो (बान्तावा

शब्दकोश, २०८०) । यी अध्यताहरूले प्रस्तुत गरेको परिभाषा तथा ग्रन्थमा उल्लेखित परिभाषालाई मध्यनजर गर्दा मुन्दुम मानवले भनेको कुरा हो । मुन्दुम सृष्टिको पहिचानमा ल्याउने मानव उत्पत्ति साथै ऐतिहासिक विकासक्रमको पहिचान गर्नुका साथै मानव जातिको असल र खराब पक्षको खोजी गर्नु हो ।

## २.३ मुन्दुमको आवश्यकता

मुन्दुमको आवश्यकता बहुआयामिक छ । पहिलो, यसले पूर्वजहरूको सम्मान र स्मरणलाई निरन्तरता दिन्छ । किरात राई समाजमा पितृहरूको योगदानलाई विशेष महत्व दिइन्छ, र मुन्दुमले उनीहरूप्रति कृतज्ञता व्यक्त गर्ने माध्यमको रूपमा काम गर्दछ । दोस्रो, मुन्दुम किरात राईहरूको रीतिथिति, चालचलन, परम्परा, संस्कृति, भाषा र सामाजिक पहिचानको संरक्षण गर्ने प्रमुख आधार हो । समाजको सांस्कृतिक निरन्तरताका लागि पुस्तादेखि पुस्तामा ज्ञान हस्तान्तरण आवश्यक हुन्छ, जुन कार्य मुन्दुमले गर्दै आएको छ । तेस्रो, जन्मदेखि मृत्युसम्म गरिने संस्कारहरूको आधार पनि मुन्दुम नै हो । नामकरण, विवाह, मृत्यु संस्कार लगायतका सामाजिक-धार्मिक कार्यहरू मुन्दुमी विधि अनुसार सम्पन्न गरिन्छन् । चौथो, मुन्दुमले प्रकृति र मानवबीचको सहअस्तित्वको दर्शन प्रस्तुत गर्दछ । किरात राई समुदायले प्रकृतिलाई जीवनको मूल स्रोत मानेर सम्मान गर्दछ। नयाँ अन्नबाली उत्पादन भएपछि प्रकृति र पितृहरूलाई अर्पण गरेर मात्र ग्रहण गर्ने परम्परा यसको उदाहरण हो ।

## २.४ मुन्दुमको उत्पत्ति र विकास

मुन्दुम कुनै एक समय वा एक व्यक्तिद्वारा रचना गरिएको ग्रन्थ होइन । यो मानव समाजको दीर्घकालीन अनुभव, संघर्ष, चेतना तथा सामाजिक विकासको क्रमसँगै विकसित भएको ज्ञान प्रणाली हो ।

मानव समाजको प्रारम्भिक अवस्थाबाटै मानिसले प्रकृतिसँग सङ्घर्ष गर्दै बाँच्न सिक्यो । सामाजिक जीवन व्यवस्थित गर्न नियमहरू आवश्यक भए । आपसी सम्बन्ध, विश्वास, संस्कार तथा जीवनपद्धतिहरू निर्माण हुँदै गए । यही प्रक्रियामा मुन्दुमको विकास भएको मानिन्छ ।

किरात परम्पराअनुसार सुम्निमा र पारुहाङले मानव जातिलाई जीवन सञ्चालनका लागि आवश्यक ज्ञान प्रदान गरेका थिए । त्यही ज्ञानलाई होङ्छाले ग्रहण गरी व्यवहारमा ल्याए । पछि पातेसुङ, दिलिदुङमा तथा अन्य पुर्खाहरूले त्यसलाई पुस्तान्तरण गर्दै समाजमा स्थापित गरे । यसप्रकार मुन्दुम मानव अनुभव, सांस्कृतिक विकास तथा पूर्वजहरूको ज्ञानको समन्वित परिणामका रूपमा विकसित भएको देखिन्छ ।

## २.५ मुन्दुमको वर्गीकरण

मुन्दुमलाई तीन भागमा वर्गीकरण गरिएको छ । हसुङ मुन्दुम, ससी मुन्दुम र रिलुङ मुन्दुम भनेर वर्गीकरण गरिएको छ । यस वर्गीकरणअनुसार आवश्यकताअनुसार मुन्दुम प्रयोग हुन्छ ।

### २.५.१ हसुङ मुन्दुम (सृष्टि मुन्दुम)

हवा + पासुङ = हसुङ । 'हवा'को अर्थ मानव उत्पत्ति, पुर्ख्यौली र प्रकृतिसँगको नाता, साइनो, सम्बन्ध बारेमा भनिने मुन्दुमलाई बुझाउँदछ । यसलाई गैरकिरात राई भाषामा सृष्टि मुन्दुम पनि भन्ने गरेको पाइन्छ । तर सृष्टि मुन्दुम र हसुङ मुन्दुममा केही फरक देखिन्छ । सृष्टि मुन्दुममा सम्बन्धभन्दा उत्पत्तिको मात्र कुरालाई जोड दिइन्छ र हसुङ मुन्दुममा उत्पत्तिसँगै प्रकृतिसँग रहेको सम्बन्ध, आध्यात्मिक सम्बन्धको बारेमा बताउने गरेको पाइन्छ । सृष्टिको कुरामा मुन्दुम रिसिया नआउन पनि सक्छ तर हसुङ मुन्दुम मुन्दुम रिसियाबाट नै सुरुवात हुन्छ ।

जस्तैः *ए....दुङमाहेरयो दुङवाङान लनाहेरयो लाछयोरुसा,*
*अर्थात्, ए... समयको गतिसँगै जूनको उज्यालो आकाशमा देखियो*

यो माथिको भनाइले समय प्रकृति र मानवको सम्बन्धलाई व्यक्त गर्दछ ।

सृष्टि मुन्दुममा ब्रह्माण्ड, पृथ्वी, पानी, आगो, हावा, आकाश, मानव जातिको उत्पत्ति तथा सांस्कृतिक विकासका विषयहरू समावेश हुन्छन् । हसुङ मुन्दुममा विभिन्न आध्यात्मिक मिथक, प्राचीन कथन, लोक विश्वास तथा पूर्वजहरूले हस्तान्तरण गरेका ज्ञानहरू समेटिएका छन् । हसुङ मुन्दुमले मानव र प्रकृतिको सम्बन्ध, सृष्टिको क्रमिक विकास तथा जीवनको उत्पत्तिबारे व्याख्या गर्दछ । यसलाई मुन्दुमको दार्शनिक तथा वैचारिक आधार पनि मान्न सकिन्छ ।

### २.५.२ ससी मुन्दुम

ससी मुन्दुम व्यवहारिक पक्षसँग सम्बन्धित छ । ससी मुन्दुमका कुराहरू विरलै मात्र पाइन्छ । प्रयोगको सन्दर्भमा ससी मुन्दुमलाई अहिले सानो कार्यको क्षेत्रमा मात्र सिमित गरेको देखिन्छ । जस्तै; ससिया मलिया अथवा कुल बिग्रेमा सुप्तुलुङलाई ससिया मलिया गनुपर्छ भन्ने गरिन्छ । यसको अर्थ हो पितृ, पुर्खाहरूले मान्दै आएको रीतिथिति, नीति नियमहरू, चोखोनितोमा ताकफेल (तलमाथि) पर्न गएको कारण रिसाएको भन्ने बुझिन्छ । यसर्थ ससी मुन्दुम पूर्वजहरूले स्थापित गरेका सामाजिक नियम, परम्परा, संस्कार तथा रीतिथितिहरूलाई शुद्ध र व्यवस्थित रूपमा अभ्यास गर्ने विधिहरू तथा वैधानिकताको व्याख्या गर्दछ भन्ने बुझिन्छ । मुन्दुमी समाजलाई अनुशासनमा राख्नेदेखि, जन्म, विवाह, मृत्यु लगायतका संस्कारहरू विधिगत रूपमा सम्पन्न गर्ने प्रक्रियाहरू ससी मुन्दुम भित्र पर्दछ भन्ने गरेको पाइन्छ । मुन्दुमी समाजमा भएका सामामाजिक कानूनका वा प्रथाजन्य परम्पराहरू नै ससि मुन्दुमका मूल रूप हुन् । माथि उल्लेखित कुराको आधारमा मुन्दुमी समाजको विधि विधान नै ससी मुन्दुम हो भन्ने कुरा देखिन्छ ।

### २.५.३ रिलुङ मुन्दुम

रिलुङ मुन्दुमले समाजको परिवर्तनशील स्वरूपलाई स्वीकार गर्दछ । समय अनुसार बनेको वैधानिक मुन्दुमी रीतिथिति, नीति नियमलाई बुझाउँदछ भन्ने गरेको पाइन्छ । समय, स्थान र परिस्थितिअनुसार समाजमा नयाँ अभ्यास तथा सांस्कृतिक रूपान्तरणहरू विकसित हुन्छन् । यद्यपि ती परिवर्तनहरू मुन्दुमको मूल्य र दर्शनसँग जोडिएका हुनुपर्छ भन्ने अवधारणा रिलुङ मुन्दुमले प्रस्तुत गर्दछ । यसले परम्परा र परिवर्तनबीच सन्तुलन कायम गर्ने प्रयास गर्दछ । त्यसैले रिलुङ मुन्दुमलाई मुन्दुमको जीवित

र गतिशील पक्षका रूपमा बुझ्न सकिन्छ । उदाहरणको लागि– सात पुस्तामा वंश फुटाउने र पाछा दिने कुरालाई वैधानिक मानिन्थ्यो । पछि आएर चौध पुस्तामा वंश फुटाउने र पाछा दिने चलनलाई वैधानिकता मानिन्थ्यो । तर हाल वंशावाली बनाउने चलन र पाछाको विकास रोकिएको चलन यसलाई वैधानिकता दिइयो । त्यस्तै गरेर पहिला सुप्तुलुङ सामूहिक रूपमा प्रयोग गरिन्थ्यो । सन्तानहरू बढ्दै जाँदा एक बाजेको सन्तानको सुप्तुलुङ हुन थाल्यो । त्यहाँ पनि सन्तान बढेपछि घरघरमा राख्ने चलनलाई मान्यता दिँदै आएको देखिन्छ । हाल बढ्दो शहरीकरण र विश्वव्यापीकरणको कारण फेरि सामूहिक, वंश-वंश, पाछा-पाछाको सुप्तुलुङ, पोर्टेबल सुप्तुलुङको चलन आएको देखिन्छ । यसरी समय समयमा विभिन्न चलनहरूलाई वैधानिक रूपमा प्रयोग गर्दै आएको चलनलाई नै रिलुङ मुन्दुम हो भन्ने बुझिन्छ ।

## २.६ मुन्दुम रिसिया : स्वरूप र स्रोत

मुन्दुमी संस्कार तथा अनुष्ठानहरूमा उच्चारण गरिने मन्त्र, गीतात्मक वाचन तथा आह्वानात्मक शब्दहरूलाई रिसिया भनिन्छ । यसलाई वेदको ऋचा भने जस्तो मुन्दुमको रिसिया भनेर पनि बुझ्न सकिन्छ । रिसिया मुन्दुमको मौखिक अभिव्यक्तिको प्रमुख माध्यम हो ।

रिसियाहरू विषयवस्तु अनुसार फरक-फरक हुन्छन् । जन्म, विवाह, मृत्यु, पितृपूजा, प्रकृतिपूजा तथा अन्य धार्मिक-सामाजिक कार्यहरूमा फरक किसिमका रिसियाहरू प्रयोग गरिन्छन्। यिनको लय, शैली तथा प्रस्तुति पनि व्यक्तिअनुसार भिन्न हुन सक्छ । रिसियाको मुख्य स्रोत मुन्दुमका ज्ञाता, नछुङ, माङपा, रिसिमी तथा अन्य सांस्कृतिक परम्पराका संरक्षकहरू हुन् । उनीहरूले पुस्तौँदेखि मौखिक रूपमा ज्ञान हस्तान्तरण गर्दै आएका छन् ।

## २.८ किरात राई सभ्यताको विकासमा मुन्दुमको भूमिका

किरात राई सभ्यताको विकासमा मुन्दुमले केन्द्रीय भूमिका निर्वाह गरेको छ । समाज निर्माण, सांस्कृतिक एकता, नैतिक मूल्यको स्थापना, प्रकृतिसँगको सम्बन्ध तथा पूर्वजहरूप्रतिको सम्मानका आधारहरू मुन्दुमबाटै विकसित भएका हुन् । यसले सामाजिक संस्थाहरूको निर्माण, सामूहिक जीवनको विकास तथा सांस्कृतिक पहिचानको संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । यही कारणले मुन्दुमलाई किरात राई सभ्यताको आत्मा तथा आधारभूत ज्ञान प्रणालीका रूपमा मानिन्छ ।

## अध्याय तीन

## किरात राई समुदायले गर्ने संस्कार, पूजा एवम् अनुष्ठानहरू

### ३.१ पृष्ठभूमि

साकेला गाउँपालिकामा बसोबास गर्ने किरात राई समुदायले बर्सेनि विभिन्न किसिमका पूजाआजा गर्दै आइरहेका छन् । साकेला स्योपुइया, साकेला सिली, साम्खा, मछामा, तरेम्पा, वाइको, वाध्यानको, बपाछुइ, शिकारी, वाहुइ, संसारी, गोठधुप, भिमसेन, वैराङगे, पूर्वीया, दाखवा पिखवा, हुइलुङ, छौवा जस्ता विभिन्न पूजा गर्ने गरेको पाइएको छ । यति मात्र नभएर विभिन्न शुभकार्य वा संस्कार गर्दा मुन्दुम गाउने तथा भन्ने गरेको पाइएको छ ।

धार्मिक अनुष्ठान वा मुन्दुमी कार्य गर्दा सुप्तुलुङ प्रमुख हुन्छ । सुप्तुलुङ किरात राई समुदायको आस्थाको केन्द्र हो । यही केन्द्रलाई आधार मानेर विविध संस्कार, धार्मिक अनुष्ठानहरू हुने गर्छन् । सुप्तुलुङविना कुनै मुन्दुमी सांस्कृतिक अनुष्ठानहरू सम्पन्न हुँदैनन् । मुन्दुमी कार्य तथा धार्मिक अनुष्ठानलाई प्रस्तुत गर्नु पहिले यहाँ साकेला स्योपुइया बारे सङ्क्षिप्तमा प्रस्तुत गरिएको छ । किनभने साकेला संस्कृति, कला, साहित्य, सभ्यता, गीत, तथा आस्था र विश्वास हो ।

### ३.२ साकेला स्योपुइया : सुरुवात र प्रयोग

मुकुमबुङ, हँछाबुङ र रिब्लबुङ तीन दाजुभाइ थिए । मुकुम्बुङ जेठा, हँछाबुङ माहिला, र रिब्लबुङ कान्छा थिए । एकदिन मुकुमबुङ र हँछाबुङ पहाडतिर जाने सल्लाह गर्दै थिए । त्यो कुरा सुतिरहेका भाइ रिब्लबुङले सुनेछ । उनले म पनि जान्छु भनेर जिद्दी गर्दै रुन कराउन थालेछ । तर सानो भाइलाई लान उनीहरूलाई सजिलो थिएन । कामबाट आमा आइपुगेर रोक्नुहुन्छ भनेर उनीहरूले हतारहतार खजानाहरू लिएर भाइलाई झुक्याएर हिँड्न लागेका थिए । सानो भाइ रिब्लबुङ रुँदै कराउँदै जिद्दी गरेको हुनाले, मुकुमबुङले छालाको धोक्रोमा सामान हाले र हँछाबुङले डोकोमा सामान हाले र भाइलाई हामी हिँड्दै गर्छौं, तिमी बिस्तारै आउनू भनेर बाटो लागेछन् । हिँड्ने बेलामा उनीहरूले भाइलाई भनेछन् हामी केराको बोट काट्दै जान्छौँ नयाँ टुसा आएको हेर्दै आउनू । यति सम्झाएर उनीहरू हिँडेछन् । दाजुहरूको कुरा सुनेर भाइले पछयाउँदै गए । तर जाँदा-जाँदा केराको टुसा निक्कै बढेको देखेर उनले बाटो ठम्याउन सकेनछन् । उनी बाटोमा निक्कै अल्मलिएर रुँदै बसेछ । रुँदा-रुँदा जङ्गलमा एक्लै रात पर्न लागेकोले डर मानेर रुँदै घर फर्केछ । दुवै जना दाजुहरू सबै खजानाहरू बोकेर गएको भन्ने लागेर उनी धेरै दुःखी पनि भएछन् । आमाले चाहिँ छोराहरू कता गए भनेर सोचिरहँदा माथिबाट छोरो कान्छो रिब्लबुङ रुँदै आउँदै गरेको देखेर आमा छक्क पर्नु भएछ । आमाले रिब्लबुङलाई के भयो भनेर सोध्नुभएछ । आमालाई सबै खजानाहरू दाजुहरूले बोकेर लगे आफ्नो लागि केही पनि छैन भनेर आमालाई भनेछ । आमाले उनलाई केरकार गरेर सबै कुरा सोध्नु भएछ । रिब्लबुङले पनि बुझेको, देखेको जति दाजुहरूको कुरा सबै भनेछन् । उनीहरू यहाँबाट टाढा गएको हो उनीहरू अब आउँदैनन् । उनीहरूले सबै कुराहरू बोकेर लगेको छ भनेर आमालाई खुलाए । आमाले उनलाई सम्झाउँदै तिम्रो लागि म छँदैछु नरुनु भनेर फकाउनुभयो । छोरालाई फकाइ राखेर आमाले मुन्दुम गरेर हावाहुरी, असिना पानी पार्नुभयो । त्यो हावाहुरी र असिना पानीले भाइलाई पर्खदै बसिराखेको बेला रिब्लबुङले

बोकेको केही सामानहरू डोकोबाट हल्लिएर बाहिर खसाइदिएछ । हावाहुरी रोकिएपछि बाँकी रहेको सामानहरू एक ठाउँमा जम्मा गरेर डोकोले छोपेर राखेछ । हल्लिएर बाहिर पोखिएको सामानहरू मुन्दुमद्वारा आमाले रिब्लबुङको लागि जम्मा गरेर राखिदिनु भएछ । त्यो सामानहरू देखेर रिब्लबुङ खुसीले गदगद भए । तर उता हँछाबुङलाई भने हावाहुरी, असिना पानीले आपत् बिपत्मा पारेर आफूले बोकेको खजानाहरू गुमाउनु परेको थियो । बल्लतल्ल बाँकी रहेको खजानाहरू जम्मा गर्न सफल भएछन् । दाजु मुकुम्बुङले भने हावाहुरी, असिना पानी आउँदा हिमाल काटिसकेका थिए । उनले बोकेको सामान सबै सकुशल आफुसँगै राख्न सफल भएका थिए । मुकुम्बुङले सबै सामानहरू सकुशल लगेकोले उनी धनी भए भन्ने भनाई रहेको छ । कथामा मुकुम्बुङलाई भोटबासी, हँछाबुङलाई पहाडबासी र रिब्लबुङलाई तराईबासी भन्ने गरेको पाइन्छ । अथवा, मुकुम्बुङ भोटमा स्थायी बसोवास गरे, हँछाबुङ पहाडमा स्थायी बसोबास गरे र रिब्लबुङ तराईमा स्थायी बसोबास गरे भन्ने गरिन्छ । त्यसैले भोटमा बस्ने मानिसहरू पहाड र तराईमा बस्ने मानिसहरू भन्दा अलिक धनी भएका हुन् भन्ने पनि गरिन्छ ।

जेठो दाजुले मलाई र भाइलाई लिन आउलान कि भनेर हँछाबुङले आश गरेका थिएछन् । तलबाट भाइ पनि आइपुग्ला भनेर बाटो हेरेको हेरेकै भएछन् तर दुवै आइपुगेनन् । उनलाई मनमनै डर र चिन्ता भयो बा दाजुलाई र भाइलाई केही भयो कि भनेर । अब उँभो जाँदा दाजुलाई भेट्न गाह्रो हुने घर जाउँ भने आमाले के भन्नुहुन्छ हो भनेर सोचमग्न भए । अन्तमा कोही नआएपछि त्यहीँ बस्ने निधो गरे । उनले सोचेछन्– अब जे भएपनि अलि-अलि रहेको बीउहरू छरेर यहीँ खेतीपाती गरेर बस्नुपर्‍यो । उनले खेतीपाती गर्ने योजना बनाए । भस्मे खोरिया फाँडे, बीउ छरे, खेती लगाए । तर अन्न फलेन, सबै सुक्खा भयो, वरिपरि हरियो केही पनि देखिएन । वरिपरिका पानी मुहानहरू सबै सुके । चरा-चुरुङ्गीहरू, जनावरहरू केही पनि देखिएनन् । सबैतिर खहरे, सुक्खा पहिरो जाने, पानीको मुहानहरू सबै हराएछन् । उनी अचम्ममा परे । आमालाई छोडेकोमा पछुतो मान्दै उनी त्यहीँ बस्न बाध्य भए किनभने आमालाई नभनी हिँडेका थिए । आमाको झलझली याद आएछ र आमाले गर्नुभएको खेतीपातीको कुरा याद गरेछन् । आमाले बारीमा कसरी अन्न उब्जाउनुहुन्थ्यो भनेर उनले धेरै सोच विचार गरे तर उनले ओत्तपत्तो केही पाएनन् । अनि आमालाई सोध्न र दाजु अनि भाइको खबर के छ बुझ्न आँट गरेर आमालाई भेट्न घर फर्किएछन् । घर पुगेर आमालाई सिधै भेट्न अलि-अलि लाज, अलि-अलि डर लागेर आमालाई लुकीछिपी हेर्दै गर्दा आमाले पहिला नै हछाबुङ आउँदैछ भनेर थाहा पाइसक्नुभएको रहेछ । आमाले उनलाई नदेखे जस्तो गरेर चराहरू धपाए जस्तो गरेर हा..हा..हा भन्दै माटोको डल्लो हान्दा त्यो माटोको डल्लोले लागेर 'आइया...' भनेर हँछाबुङ कराउँदा आमाले 'को हो' भनेर सोध्दा हछाबुङले 'म' भनेर बोलेछन् । आमाले नजाने जस्तो गरेर 'को हो ? हँछाबुङ हो ? आजसम्म कता गएको थिइस् ? अनि मुकुमबुङ खोइ त' भनेर सोध्नुभयो । हँछाबुङले डराउँदै, अलि लाज मान्दै सबै कुरा आमालाई बताए । आमाले पनि पुर्खाहरूबाट सिकेको सबै मुन्दमी रीतिथिति, पुर्ख्यौली परम्पराहरूको बारेमा बताउनुभयो । आमाले भन्नुभयो– 'अब त्यहाँ गएर सामानहरू राखेको ठाउँमा हेर्नू, के छ त्यसलाई मैले भनेको रिसिया मन्त्र भन्दै जानू सबै बिस्तारै-बिस्तारै ठीक हुँदै जान्छ । त्यसपछि तैँले रोपेको बिरुवाहरू, गरेको खेतीपाती राम्रो हुँदै जान्छन् ।'

हँछाबुङ सोही ठाउँमा फर्किएर आए र सामान राखेको ठाउँमा आमाले भनेजस्तै गरी हेर्दा केही सामानहरू पत्थरमा बदलिएको देखेछ । एउटा वाहिखुङ/मेरीको बोटमुनि बीऊहरू उम्रिएका थिए ।

उनी छक्क परेर हेरेको हेरेकै भए । त्यो देखेर केही उत्साहित केही अन्योल भए । सामग्रीहरू पत्थरको रूपमा परिवर्तन भएको देखेर आमाले भनेको मुन्दुम एक दुई शब्द भनिहेरे । तर रिसिया बिर्सेछन् । उनले सम्झन धेरै प्रयास गरे तर सम्झन सकेनन् । उनले अनेक गरे तर मुन्दुम रिसिया पुरै आएन । उनी फेरि चिन्तामा परेपछि र आमालाई फेरि सोध्न गएछ । उनले देखेको कुराहरू सबै बताए । आमाले उनको कुराहरू सबै सुनेपछि, अब नबिर्सियोस् भनेर सबै कामहरू गरेको ठाउँमा सँग-सँगै लगेर काम गरेको देखाउनुभयो, र गर्न पनि लगाउनुभयो । अनि रिसिया सँगसँगै सबै मुन्दुमी कार्य गरेर देखाइदिनुभयो । फलेको अन्नलाई कसरी प्रयोग गर्ने त्यो पनि सबै सिकाइ दिनुभयो । यसपछि उनी खुसी र उत्साहित हुँदै फर्किए । उनलाई अब फलाउने सक्ने आत्मविश्वास भयो । आमाले गरेको कामको एकपछि अर्को कार्यहरू सम्झँदै रिसिया सँगसँगै गर्न थाले तर पनि खेतीपाती भनेको जस्तै राम्रो भएन । हावा पानी राम्रो मिलेन ।

अन्तमा छुटेको कुरा रहेछ, आमाले भने जस्तै चारिकु-लिप्तीकुको (खेती गर्ने ठाउँहरूको) साया ( शीर) उठाउनु वा भूमे पूजा गर्न वा भूमिको उर्जाको लागि, पवित्रताको लागि गरिने प्रक्रियाहरू छुटेका रहेछन् । त्यो कार्य पनि उनले पूरा गरे अनि वरिपरि कुथुर्के, न्याउली चराहरू गाउन थाले । जङ्गलमा जनावरहरू चर्न थाले । धारा, कुवा, खोल्सा, खोलाहरूमा पानी पलाउन थाल्यो । आकाशमा कन्याङकुरुङहरू गोलाकार बनाएर उडेको देखिन थाल्यो । हावा सुस्तरी-सुस्तरी चल्न थाल्यो । पानी परेर बोट बिरुवाहरू पलाउन थाले । त्यसपछि बल्ल उनलाई थाहा भयो– आमाले भनेको जस्तै खेतीपाती लगाउने बेला भयो । त्यसैले अहिले पनि भन्ने चलन छ "*साङवा (कुथुर्के चरा), बुखुवाङो ( न्याउली चरा) मिपात्तसे ए है स्यामुना स्यामुनानी लहै*" । त्यसपछि हँछाबुङले आमाले दिएको ज्ञानबाट साकेला स्योपुइया/साकेला सेङमा/साकेला स्योम्मा (भूमि पवित्र बनाउने वा साकेलालाई चोखोनितो बनाउने) गरे । आमाले भनेजस्तै डोकोले छोपेर राखेको सामानहरू पत्थरहरूमा परिणत भएको र मुसुरे कटुस वा मेरीको रुख उम्रेको ठाउँमा साकेला सिली गरेर खेतीपाती, जीवन पद्धतिको कार्यहरूलाई सम्झेका थिए । साकेला गर्दा मछामा/माङछामा/मछाकमा (सहको देवता) र साम्खा (कूल देवता) उनले बिर्सेका थिएनन् । सुप्तुलुङमा पुर्खाहरूको आज्ञा लिएर, आशीर्वाद लिएर कामको सुरुवात गर्दथे ।

अहिले पनि साकेला स्योपुइया गर्ने चलन साकेला गाँउपालिकामा रहेको छ । साकेला स्कूल, साकेला गाउँपालिका साकेला नामबाट नामाकरण भएको हो भन्ने पुर्खाहरूको भनाई छ । २००८ सालमा राजनसुर राई भोजपुर जिल्लाको विचारी हुँदा स्कूल स्थापना गरेका थिए । उनले स्कूलको नामाकरण 'साकेला' भनेर गरेका थिए भन्ने गरिन्छ । साकेला गाउँपालिका त्यही नामबाट सबैको सहमतिले राखेको हो ।

हँछाबुङ पछि साकेला परम्परालाई निरन्तरता दिने व्यक्तिहरूमा पालिम्पा हुन् र त्यसपछि भुसुरीले साकेलालाई अगाडि बढाएका हुन् भन्ने पुर्खाहरूको भनाई रहेको छ । यी भनाईहरूबाट साकेलाको स्थापना पहिला यहीँ गरिएको थियो भन्ने बुझ्न सकिन्छ ।

### ३.२.१ भुसुरी र साकेलाको सम्बन्ध

एक दिन तीनजना दाजुभाइ नियामा (समर ठाँउ) बाट पहाड उक्लने सल्लाह गर्छन् । जाँदा जाँदा तेरपाचुङ, रिमाचुङ (टेम्के)मा पुग्छन् । त्यहाँ निक्कै लामो समयसम्म सबै जना सँगै बस्छन् । केही

वर्षपछि अब कता जाने होला भनेर सल्लाह गर्दा कान्छा छ-छाप्पाले 'म दबलुङ, दलपातिर जाने' भन्छ र बेँसीतिर लाग्यो । माइला वाछप्पाले वाबुमा (लेकतिर) तिरजाने भनेछ र उँभो लागेछ । जेठोले (भुसुरी)अब भाइहरू लेकतिर र बेँसीतिर जाने मनसाय गरे म यतै बस्छु भनेर निर्णय गरेछन् । तेरपाचुङ/रिमाचुङ (टेम्के) कै वरिपरि बस्दै जाँदा अलिक तलतिरको जङ्गलहरूमा डुल्ने, फलेको फलहरू टिप्दै खाँदै बस्न थाल्यो । यसो गर्दा-गर्दै महिना वर्ष बित्दै जाँदा भाइहरू के कसो गर्दै होलान् भनेर सम्झना आयो । भाइहरू कतै भेटिन्छ कि भन्दै जङ्गलमा घुम्न थालेछ तर भाइहरूसँग भेट भएन । यसै क्रममा भाइहरू भेट्ने आशाका साथ घुम्दै घुम्दै जाँदा एउटा डाँडामा पुगेछ । डाँडाबाट वारिपारि हेर्दा रामाइलो र बसेको जग्गा र जङ्गलहरू पनि देखेछ । भाइहरू यता पो छन् कि भन्दै त्यतैतिर गएछ । जाँदा-जाँदा हालको लमाखु (निर्मलीडाँडा) तिर पुगेछ । त्यहाँ केही समय बसेछ । त्यहाँ बस्दा-बस्दै पहिरोको जोखिम बढ्न थालेछ । फलफूल गिट्ठा भ्याकुर पनि केही नहुने अवस्थामा पुगेछ तर लामो समयसम्म बसेको हुनाले छोडेर जान माया लागेको थियो । तर पहिरो सालैपिच्छे जाने भएकोले केही समयपछि त्यहाँबाट फेरि डुल्दै-डुल्दै पारी ससाखुर (दुम्सीहरू चर्ने ठाउँ) तिर पुगेछ । त्यहाँ पनि निक्कै समयसम्म बसेर फेरि डुल्दै जाँदा पालिम्पा भन्ने मान्छेसँग उनको भेट भएछ । उनीहरूको चिनजान पछि लामो कुराकानी भएपछि पालिम्पासँगै लामो समयसम्म बसेछ ।

पालिम्पासँग काम गर्दै बस्दै जाँदा उनको बसाई पनि निक्कै लामो नै भएछ । एकअर्कामा गहिरो आत्मीयता भएछ । लामो बसाइपछि उनलाई पहिलाको बसोबास गरेको लमाखुतिरै फर्किने विचार आएछ । भाइहरू मलाई खोज्दै आए भने मलाई नभेटेर फेरि कताकता जालान् भनेर फर्किने विचार गरे । फर्किनु अगाडि पालिम्पाको लोभलाग्दो खेतीपाती देखेर उनलाई पनि पालिम्पासँग खेतीपाती गर्न सिक्ने विचार आएछ । पालिम्पासँग उनले खेतीपातीको बारेमा सुझबुझ गरे । पालिम्पाले पनि जाने र बुझेको जति उनलाई सबै कुराहरू बताइदिए ।

कथामा के छ भने पारुहाङले माटोमा डोब बनाउँदै जाने र सुम्निमाले लुकेर आफ्नो स्तनको मुन्टाबाट दूध झारेर मकै, कोदो, कागुनो, जुनेलो, घैया धान, गिट्ठा भ्याकुर जस्ता अन्नहरू, कन्दमूलहरूको श्रृष्टि गरेकी थिइन् भन्ने छ । अन्नहरूको पहिलो बीउ सुम्निमाको दूधबाट भएको हो भन्ने कुरा पनि कतै कतै पाइन्छ । त्यसैले कोदोलाई (सुम्निचा), धानलाई (केवाचा, घैयाचा, वाताम्माचा, पखरीचा), कागुनीलाई (साप्खाचा, फ्यारचा), जुनेलोलाई (ललवाचा), मकैलाई (ग्रोलिमाचा), जौ (छेङखाचा), गहुँलाई (साप्खाचा) भन्ने गरिन्छ र मुन्दुमी कार्यहरू गर्दा सबै अन्नहरूको नाम आएन भने सुम्निचा र माटोलाई सुम्निबखा भन्ने गरेको पनि पाइन्छ । मुन्दुमी समाजमा यी अन्नहरू रोप्न पहिला साकेला स्योपुइया (भूमे पूजा) गरेर, साक्मामाङ (संसारी पूजा), खोक्लिमाङ (जङ्गली देवताको पूजा आजकल देवीपूजा भन्ने गरिन्छ), होङकुमाङ (खोलादेवको पूजा जसलाई आजकल देवीपूजा पनि भन्निछ), एकै समयमा साकेला स्योपुइया गर्ने बिहान जङ्गली देवता र खोलाको पूजा गरिन्छ र दिउँसो साकेला स्योपुइया गरिन्छ), साक्मामाङ (संसारी पूजा स्योपुइया अगाडि नै गरिन्छ) । संसारी हावा पानी शुद्ध होस् भनेर पूजा गरिन्छ । यो खास गरेर हावाको पनि आत्माको पूजा हो भन्ने गरिन्छ । पितृ पूजा, कुलपूजा (साम्खा), धनको र ज्ञानको देवता मछामाको पूजा गरी अन्तमा साकेलाको पूजा गरेर सिली नाचिन्छ अनि मात्र समय, माटोको पहिचान रिसिया मार्फत साकेला स्योपुइयादेखि साकेलाको दिनमा साँचो-साँचो कुरा भनिदेउ राम्रो गरिदेउ भनेर साकेला माङसँग आशीर्वाद माग्दै सुखशान्तिको लागि

प्रार्थना गर्ने गरिन्छ । त्यसपछि साकेला पूजक नछुङहरूले जोखानामा पाएको जानकारी अनुसार कुन-कुन बीउ रोप्ने हो, कहिले रोप्ने हो भन्ने जस्ता कुराको निर्णय गरिन्छ ।

पहिला सुम्निमा र पारुहाङको भेट हुँदा उनीहरू गहिरो प्रेममा परेर शारीरिक सम्भोग गर्ने अवस्थामा पुगेका रहेछन्, तर अचानक जुनको उज्यालो किरणले उनीहरूको प्रेम पापमा बदल्न पाएन । किनभने सुम्निमा ठीक त्यही समयमा महिनावारी भएछिन् । त्यसैले मुन्दुमी समुदायमा घरको भित्तामा जुनको नक्सा कोर्ने गरिएको देखिन्छ ।



*चित्र.१. लादिप्मा (स्रोतः जीतेन राई)*

उज्यालोको कारण दुवै जना लजाएर एकअर्कालाई हेराहेर गरे वरिपरि घुङरिङ (खर), मिचीलीबुङ ढकमक्क फुलेको देखे । उनीहरू त्यो प्रकृतिमय दृश्यले उनीहरूलाई सचेत गराएको र उनीहरू पापकर्मबाट बचेको भन्ने मौखिक आख्यान रहेको छ । त्यसैले छोरीमान्छे विवाहको रीतिभात अगाडि केटामान्छेसँग भागेर गएकी छिन् भने केटोको घरबाट केटीलाई लगेको खबर आएमा केटा पक्षको प्रतिनिधि राखेर मिचिलीबुङ, घुङरिङ फूलको प्रयोग गरेर उनलाई पवित्र बनाउन माङछेम गरिन्छ । यसका साथै बुङवामरिको पूजा गर्दा पनि मिचिलीबुङ, घुङरिङको प्रयोग गरिन्छ । बुङवामरि भनेको जब केटा र केटिले मायाँ प्रेममा असामाजिक काम गर्छ त्यो देख्ने मानिसले कसैलाई भनेन भने त्यो मानिसलाई बुङवामरि रोग लाग्छ भन्ने विश्वास छ ।



चित्र.२. मिचिलीबुङ,(स्रोत जीतेन राई)

महिलाहरूको रजस्वलाबाट आएको रगतले भूमिलाई अपवित्र नबनाओस् भनेर यो पूजा गर्ने गरिन्छ । यसरी जान अन्जानमा महिला र पुरुषबीचमा यस्तो कार्य भयो भने भूमि अपवित्र हुन्छ भन्ने मान्यता त्यो बेलादेखि रहिआएकोले भूमिलाई पवित्र पार्ने कामलाई पनि साकेला स्योपुइया वा साकेला सेङमा भन्ने गरेको हो ।

हँछाबुङ र साकेलाको बारेमा पनि वृतान्त कथाहरू छन् । भुसुरी र पालिम्पाले साकेला स्योपुइया र साकेला सम्बन्धीको कथा, कहानी, परम्पराको बारेमा लामो वार्तालाप भयो । एकदिन बिहान आकाशमा कऱ्याङकुरुङको बथान आएको देखेर पालिम्पाले भुसुरीलाई देखाएछ– हेर अब साकेला स्योपुइया गर्ने बेला आयो, अब जमिनहरू पनि तातिन थाल्छ । हावा पनि तातो भएर बहन थाल्छ, खोलाहरू सुसाउन थाल्छन्, रुखहरूमा नयाँ पालुवा पलाउन थाल्छ भनेछ । भुसुरीले मनमनै सोचेछ कऱ्याङकुरुङ त सतबीउ पलबीउ छर्ने समयको सूचक पो रहेछ भनेर । भुसुरी उत्साहित थिए साकेला स्योपुइया गरेर भूमि पवित्र बनाउने, हावाको आत्मा, जङ्गलको आत्मा, पानीको आत्मा सबैलाई पवित्र बनाउने र साकेलासँग आशीर्वाद मागेर खेतीपाती गर्नको निम्ति । उनीहरू पनि जङ्गल-जङ्गल घुमिहिँड्ने भएर खेतीपातीको बारे ज्ञान कम थियो । घर सानैबाट छोडेर हिँडेकोले पुर्खाहरूले के कसरी खेतीपाती गर्दथे भन्ने कुराको ख्याल राखेको थिइनन् । तर भुसुरीले पनि अब भने खेतीपाती गरेर बस्नुपर्छ भन्ने इच्छा गरेर पालिम्पाको हरेक कुरामा ध्यानपूर्वक चासो राख्दै गए । दुवै जना मिलेर साकेला स्योपुइया गर्ने समय तोके । साकेला स्योपुइया गर्नलाई आकाशमा पूर्ण चन्द्रमा (लादिप्मा) हुनुपर्ने विश्वास थियो । साकेला स्योपुइयाको लागि भेन्जाम (मर्चाको औषधि) खोजेर मर्चा बनाई पालिम्पाको श्रीमतीले तयार पारेछिन् । फ्यार (कागुनीको) उम्माक/खाचा/वासिम (जाँड) बनाएर साकेला स्योपुइयाको लागि तयार गरिदिएछिन् । साकेला स्योपुइयामा आकाशको मुनि र धरती माथि बसेका सबैको निम्ति पवित्रताको प्रार्थना गरेछन् । जतिपनि मानवले अन्जानमा भूमिमाथि गरेका गलत कामहरूले अपवित्र बनाएको भूमिलाई आजदेखि पवित्र बनोस्, उर्जाशील बनोस्, बोटबिरुवाको राम्रो पालनपोषण होस्, नराम्रा कामबाट उब्जिने रोगहरूले बालबच्चा लगायत कसैलाई पनि नभेटोस्, रोग व्याधिहरूलाई उँधो समुन्द्रमा पुऱ्याइदिनु र उँभो हिमाल कटाइदिनु भनेर पितृहरूसमक्ष बिन्तीभाउ गर्दै उँधो पानीले बगाई लैजाओस् र उँभो हावाले उडाइलैजावोस भनेर मुन्दुमरिसिया गर्दै सामे पाछा पुकार्दै

सोलोलो सोलोलो गरेछन् । साकेला स्योपुइया गरेको केही दिनपछि साकेला माङको पूजा गर्ने सल्लाह पनि दुवैले गरेछन् । मेरी (मुसुरे कटुस वा सेतो कटुस) को मासुङत (सेउली), पुर्खाहरूले भन्दै ल्याएको कथाअनुसार यो पहिलो रुख हो, जहाँ महाखडेरीमा पनि यसको फेदमा राखेको बीउहरू उम्रन्थे र बीउहरू जोगाउन पहिला-पहिला यसको फेदमा राख्दथे । त्यसैले मेरीको हाँगाको सेउली आँगनमा गाडेर फेदमा विभिन्न अन्नहरू (धान, मकै, घैया)को बिरुवा तथा बीउ र साथमा कोदालो, कच्याहरू राखेर साकेलालाई पुकारिन्छ ताकि पुर्खाहरूले गर्दै आएको कुरालाई हामीले पनि निरन्तरता दिँदैछौँ, बोट बिरुवा रोप्ने क्रममा अप्रिय घटना केही पनि नहोस्, चोटपटक नलागोस् भनेर खेतीपाती गर्ने जग्गाहरूको नामहरू पुकार्दै पुकार्दै सबैको साया उठाउने काम गरिन्छ ।

त्यसैगरी उनीहरूले मुन्दुम विधिले यारी हानेर दिशा पत्ता लगाई मासुङत खोज्न गएछन् । मासुङत ल्याएर गाडेको भोलिपल्ट पुर्खाहरूले गर्दै ल्याएको जस्तै गरी सबै ललि (बिरुवाहरू) मासुङतको फेदमा चलाउने हातहतियारहरू राखेर भूमिलाई बोटबिरुवा, खेतीपाती राम्रो बनाइदेउ, स्वास्थ वातावरण बनाइदेउ भन्दै मुन्दुम रिसिया गर्दै, पितृहरूसँग शान्त र सुस्वाथ्यको आशीर्वाद माग्न मुन्दुम रिसिया गर्दै पुकार गरेर साकेला समारोह गरेछन् । भुसुरीलाई पनि यो कार्य राम्रो लागेछ र उनले पनि आफू बसेको ठाउँमा साकेलाको स्थापना गर्ने मनसाय गरेछ । अनि उनले पालिम्पासँग सोधेछ तर पालिम्पाले मञ्जुरी दिएन । पुर्खाहरूको कथाअनुसार एक ठाउँबाट अर्को ठाउँ वा साकेलाले नरुचाएको ठाउँमा साकेला राखेमा साकेला रिसाउँछ भन्ने भनाइ रहेको छ । यदि साकेला रिसाएमा बाढीपहिरो जाने, खडेरी लाग्ने, दैवी प्रकोप हुने, जनधनको क्षति हुन्छ भन्ने विश्वास थियो । त्यस कारण उनले भुसुरीलाई साकेला स्थापना गर्ने कुरामा स्वीकृति दिएनन् ।

तर भुसुरीले यसको बारेमा थाहा नभएकोले जिद्दी गरेर भनाभनसम्म पनि भयो । पछि भुसुरीले एउटा बाजी राख्ने प्रस्ताव राखे र बाजीमा जसले हार्छ उसले साकेला छोड्ने भन्ने सर्त राखेछ । सोझो पालिम्पाले एकै वचनमा हुन्छ भने छ । अनि भुसुरीले भनेछ– मासुङत (मेरीको सेउली) आफू-आफूले गाडौँ र मासुङत हल्लाउँदा पानी परे र मासुङतको फेदमा मेरो-मेरो भनेर खुट्टा राख्दा चराको आवाज आयो भने साकेला उसैको हुन्छ । बिहानै भुइँमा उज्यालो खस्न अगाडि नै झिस्मिसैमा गर्ने दुवैले बाचा गरे । भोलि बिहानै झिसमिसैमा मासुङत गाडेको ठाउँमा दुवै आएछन् र पहिला मासुङत भुसुरीले हल्लाएछ उसको मासुङतबाट पानी झरेछ र मासुङतको फेदमा मेरोमेरो भनेर पाइताला राखेछ धरतीमुनिबाट पनि आवाज आएछ । तर पालिम्पाको मासुङतबाट अनेक चोटि हल्लाउँदा पनि पानी झरेन छ । फेरि मासुङतको फेदमा मेरो मेरो भनेर पाइला राख्दा धरती मुनिबाट आवाज पनि आएन । बाजी पालिम्पाले हारे र भुसुरीले जिते । बाजीको बाचाअनुसार पालिम्पाले भुसुरीलाई साकेला स्थापना गर्न दिनुपर्ने भएछ । तर पुर्खाहरूको कुराले उनलाई दोधारमा पारेछ । यो कुरा उनले भुसुरीलाई पनि भन्न सकेन, किनभने यो कथा कहानी सुनायो भने साकेला रिसाउँछ भन्ने लागे छ । साकेला उत्पत्तिदेखि नै साकेलाले रुचाएको ठाउँ भन्ने पुर्खाहरूको भनाई थियो । यसलाई अन्य ठाउँमा स्थापना गरेमा साकेला रिसाउने छन् र धरतीमा अनर्थ हुन्छ भन्ने डर, त्रासले गम्भीर भएर उनले त्यो ठाउँ छोड्ने निर्णय गरेको कुरा परिवारलाई सुनाए । पालिम्पालाई लागेको थियो यदि मैले यो ठाउँ छोडेँ भने साकेला यहीँ रहन्छ र भुसुरी पनि यहीँ बस्छ । साकेलाले रुचाएको ठाउँ पनि सुरक्षित रहिरहन्छ र भुसुरीले रेखदेख गरिहाल्छ भन्ने उनले विश्वासका साथ बसाइँ सर्ने निर्णय गरे । भुसुरीलाई नभनी

सुटुक्कै उनी त्यो ठाउँ छाडेर अहिलेको मात्तिम भन्ने ठाउँमा परिवारसहित गएछन् । यो थाहा पाएपछि भुसुरीलाई साह्रै नराम्रो लागेछ । उनले पालिम्पालाई खोजे तर उनलाई भेट्न सकेनन् । फेरि आकाशमा कऱ्याकुरुङहरू गोलाकार बनाउँदै उड्न थालेछन् । विरक्त मन लिएर पालिम्पालाई सम्झदै आकाशतिर हेरिरहेछ । भाइहरूको पनि कुनै खबर थिएन । मैले के गरेँ यस्तो पालिम्पा कहाँ गयो होला भनेर दुःख माने । छोडेर जाउँ भने पनि साकेला पूजा कसले गर्ने बसौँ भने के गरेर बस्नू । मैले छल गरेर पालिम्पालाई बाजीमा हराएँ यो मेरो ठूलो भुल भयो हे साकेला माङ ! अब म के गरौँ भन्दै पश्चताप माने । उता पालिम्पाले पनि जसोतसो समय बिताउँदै थिए तर आकाशमा कऱ्याङकुरुङ आएको देखेर साह्रै नराम्रो लाग्यो । उनको परिवारले उनको भित्री दुःख र चिन्ता बुझेको थियो । परिवारलाई पनि भेन्जाम खोजेर बब्खा बनाएको र उम्माक/वासिम बनाएको यादहरूको झल्कोले सताइरहेको थियो ।

पालिम्पाको मन कताकता अवचेतन जस्तो भइरहेको थियो । असाध्यै पीडामा छटपटाइरहेको देखेर पालिम्पाको परिवारले साकेला यता ल्याउने भनेर छलफल गरेछ । यो कुरा पालिम्पाले थाहा पाएपछि र कसैलाई नभनी उनले राती आएर पोथी साकेला चाहिँ उनले लगेछ र भाले साकेला चाहिँ पहिलाको ठाउँमा नै छाडेछ । भुसुरीलाई भने भाले पोथी साकेलाको बारेमा थाहा थिएन । अहिले भन्ने गरिन्छ पोथी साकेलाको प्रतीक सेतो ढुङ्गो मातिम्मा पालिम्पाले लगेको र कालो ढुङ्गो भाले साकेलाको प्रतीक रतन्छामा रहेको छ । त्यसैले मात्तिममा अन्नको सह अलिक बढी छ र रतन्छामा अन्नको सह अलिक कम छ भन्ने गरिन्छ । आजभोलि धेरै ठाउँमा साकेला निस्कने र राख्ने चलनहरू भएता पनि कथा, मिथकहरूको अनुसार साकेलाको उत्पत्तिकालदेखि नै रतन्छामा रहेको भन्ने अनुमान गर्न सकिन्छ । रतन्छा (राथुङबाट बनेको भन्नेछ) साकेलाले रुचाएको ठाउँसम्म परेको र पहिला-पहिला अन्नहरू प्रशस्त हुने गर्दथ्यो भन्ने पनि बुढापाकाहरूको भनाइ रहेको छ ।

पहिला पालिम्पा बसेको ठाउँलाई यन्दिखा भन्ने गरिन्थ्यो । जसको अर्थ बिसाउने वा सथर परेको घमाइलो ठाउँ भन्ने बुझिन्छ । यो ठाउँ बसेको वा समथर परेकोले यसको पुरानो नाम यन्दिखा हो । पहिले यहाँ जङ्गली जनावरहरू घाम ताप्ने तथा चर्ने गर्थे । पछि पुर्खाहरूले भष्मे खोरिया फाँडेर मानव बस्ती बसाएको भन्ने केही कथाहरूमा पाइन्छ । जब भुसुरी माथि भीरतिरबाट (रकुङ, रोकुङ) अर्थात् पहिरो जाने ठाउँबाट आए यसकारण उनलाई रकुङतिरबाट आएको राथुङ्गे भनेर पनि चिन्ने गरेका थिए । पछि उनलाई राथुङ्छा भन्ने गरियो । पछि यो नामबाट नै रतन्छा हुन गएको हो भन्ने गरेको मौखिक कथा पाइन्छ । सामे (कुलनाम)मा पनि रतन्छा बस्ने मानिसहरूलाई *भुसुरी रुमाह राथमियायोक्का चिकारेप्पा तिम्पि तिम्पि खाम्बपा* अर्थात् भुसुरी भन्ने चट्टान भएको ठाउँमा बस्ने कालो कमिला जस्तै लहर मिलाएर सल्लाह गर्दै हिँड्ने मान्छे भनिन्छ । भुसुरीहरू तीन भाइ थिए । जेठा भुसुरी, माहिला वाछप्पा र कान्छा छ-छप्पा । तर कतै छ-छप्पा माहिला भन्ने गरेको पनि पाइन्छ । त्यसैले सामेमा कसैले छ-छप्पाको नाम लिन्छन् भने कसैले वाछप्पाको नाम लिन्छन् ।

पालिम्पा गएको ठाउँमा बस्नेहरूको सामे (कुल नाम)*मातेम्बुङ तेम्मायु भुसुरी छ-छाप्पा/वाछाप्पा* अर्थात् "साकेला स्थापना (तेम्मा) गरिएको ठाउँमा भुसुरीको कान्छा भाइ" । अहिले पनि उनीहरूको नामलाई निरन्तर कुल नाममा पुकार गरिन्छ । त्यसपछि भुसुरीले आफ्नो माहिला भाइलाई पनि बोलाएर साकेलाको बारेमा पुर्खाहरूले गरिल्याएको कथा कहानीहरू सुनाए । उनको ठाउँमा पनि अन्न बाली राम्रो होस्, पहिरो नजाओस् सबैको रक्षा होस् भनेर साकेला स्थापना गर्ने सल्लाह दिएपछि

उनले पनि साकेला राखेको भन्ने गरिन्छ । यसरी साकेलाको विश्वासलाई, ज्ञानलाई, शक्तिलाई चारैतिर फैलाइएको हो भन्ने कहावत छ । कसैले साकेला सपनामा देख्ने गरेकोले पनि साकेला स्थापना गरेको भनिन्छ । कतै साह्रै पहिरो गएकोले त्यो रोक्नको लागि पनि साकेला स्थापना गरी सुख शान्ति कायम गरेको भनाइ रहेको छ । साकेलाको बारेमा विभिन्न कथाहरू, मिथकहरू अहिले पनि जीवित रहेको पाईन्छ । तर विधिगत रूपमा भने साकेलाको पूजा अर्चना रतन्छामा गर्ने गरेको पुर्खाहरूको भनाई रहेको छ । रु अध्ययनको विषयवस्तुहरूले पनि त्यही कुराहरूको बारेमा पुष्टि  गरेको छ ।

पुर्खाहरूको भनाइअनुसार कथाहरूमा, सबैभन्दा पहिला साकेला सुरुवात हँछाबुङले आमाबाट सिकेर थालनी गरेको भनिए तापनि यसको प्रचलन निरन्तर गरिरहने भुसुरी हो भन्ने मुन्दुमी समाजको भनाइ रहेको पाइन्छ । खास गरेर साकेला पस्ने नछुङ (धामी)को पाछा मेलिहछा, मासुङत राख्ने पाछा दिखलिप्पाछा, चारी (अन्नको सह) बोक्ने दिखलिप्पाछा र मासुङत (मुसुरेकटुसको हाँगा सेउलीको लागि) काट्ने बुतेप्पाछा भनेर उहिलेदेखि नै पुर्खाहरूले चलाएको चलन हो भन्ने गरिन्छ । र अरूलाई फाप्दैन भन्ने पनि विश्वास रहेको छ ।

अहिले पनि यिनै पुर्खाहरूको विश्वास र निरन्तरतामा यहाँका मुन्दुमी समुदायहरू साकेला धिरिनाम र साकेला छिरिनामले साकेला समारोहहरू गर्दै आएको देखिन्छ । साकेला मासुङत पहिला हाकिमवीर भन्ने दिखलिप्पा पाछाको पुर्खाहरूले राख्ने गरेको थियो भन्ने छ । तर उनीहरूको बाजे बराज्यूको सेखपछि भाइहरूले राख्ने सन्दर्भमा पछि कुनै एक भाइले गैर मुन्दुमीलाई जिम्मासहित बेचेको भन्ने छ र पछि आएर उनको नाति जयबहादुर राईले मुद्दा गरी जितेर फिर्ता गरेको भन्ने भनाइ छ । जब अरूको जिम्मामा साकेला पर्‍यो त्यो बेलामा गाउँमा धेरै महामारी आएको, दैवी प्रकोपहरू भएको कथा कहानीहरू गरेको थिए भनेर पुर्खाहरू भन्ने गर्छन् । अन्नको सह नभएर भोकमरी, अनिकालमा धेरैले ज्यान गुमाएको, महामारीले गर्दा मलामीहरू पनि नपाएको भन्ने कथाहरू भेटिन्छ । जब जयबहादुर राईले मुद्दा गरेर साकेला फिर्ता गरे त्यसपछि अनिकाल, महामारीहरू कम हुँदै गएको भन्ने भनाइ छ । चट्याङ पर्ने, पहिरो जाने जस्ता प्राकृतिक प्रकोपमा पनि कमी आएको भनिन्छ । त्यसपछि मानिसहरू सचेत भएर सबैले साकेलाको निम्ति सेतो भाले वर्षदिन पाल्ने र साकेलापछि अर्को उसको नाममा चढाइहाल्ने, समाजको सामूहिक राजभाले (सहकाल भाले)भनेर साकेलामा चढाउने प्रचलन आएको भन्ने भनाइ छ । कुनै समयमा त गोरुले खेत जोत्न सक्छ र सबैभन्दा शक्तिशाली गोरु हो भनेर भालेमो ठाउँमा गोरु पनि चढाउने गरेका थियो भन्ने कथा छ तर देखेको मान्छे भने कोही पनि भेटिँदैन । तर सबैभन्दा बढी चाहिँ साकेलामा सबैको सुख शान्तिको लागि, सहकालको लागि भाले नै चढाउने चलन रहेको छ ।



*चित्र.३  मेरीको बोट (मासुङतको लागि प्रयोग गरिन्छ) मुन्दुम दशर्नले यो रूखलाइर् पवित्र वृक्षाको रूपमा मान्ने गरेको छ ।*

मासुङत गाडेको घरमा नछुडले आफ्नो घरमा कुलपूजा गरेर साकेला स्योपुइया गर्न आउने परम्परा छ । यो बेलामा सबै भेला भएर, सबैले आ-आफ्नो घरबाट पितृ र परिवारको नाममा बेछु ( अदुवा) आरावा (अक्षता) ल्याएर आउने चलन छ ।

### ३.२.३ साकेला स्योपुइया : उभौली पितृ र भूमेपूजा

- साकेला स्योपुइया आकाशमुनि र धरतीमाथि रहेका सबै वस्तुहरूको पवित्रताको लागि गरिने पूजा हो ।
- चारिकु लिप्तीकु सेडमा भनेको खेतीपाती गरिने भूमिलाई पवित्र गरिने पूजा हो ।
- पहिलादेखि गाउँ समाजले तोकेको घरमा सबै भेला भएर साकेला स्योपुइया गरिन्छ र यहीभित्र चारिकु लिप्तीकुको पनि पूजा गरिन्छ ।
- साकेला जानुभन्दा २, ४, ५ र ६ दिन अगाडि वा समयअनुकूल मिलाएर साकेला स्योपुइया (भूमेपूजा) गरिन्छ, जुन पूर्णचन्द्रमा भएको बेला पारेर गर्ने प्रचलन छ  ।
- साकेला स्योपुइयाको दिनबाट ढोल झ्याम्टा बजाउन र साकेला सिली नाच्न खुल्ला गरिन्छ ।
- साकेला सकेको दिन वा उभौली पूजा समापनको दिन ढोल झ्याम्टा बन्द गरेर उधौलीमा मात्रै पितृहरूलाई अनुमति मागेर ढोल झ्याम्टा बजाउने गरिन्छ । उधौली सकेपछि उभौलीमा मात्रै पितृहरूलाई अनुमति मागेर ढोल झ्याम्टा बजाउने गरिन्छ । पितृहरूलाई पूजा नगरी वा अनुमति नलिइकन बजाएमा अनर्थ हुन जान्छ भन्ने विश्वास गरिन्छ ।

- गाउँ समाज सबैको सल्लाहमा तोकिएको घरमा साकेलाको नाममा दुई माना जतिको जाँड चोखो बब्खा (मर्चा) बाट बनाउने गरिन्छ । मर्चा विशेष गरेर उनीउको पातमा राखेको राम्रो र चोखो हुन्छ भन्ने विश्वास गरिन्छ । जाँड पकाएर सानो माटोको घ्याम्पामा हालेर छेममा राख्ने गरिन्छ र साकेला स्योपुइयाको दिनमात्रै खोलेर पितृहरूलाई चढाउने गरिन्छ ।



*चित्र.४ मर्चा बनाउँदै गरेको (स्रोतः जीतेन राई)*

- साकेला पूजा पितृ नछुङ वा खातवा नछुङले मात्रै पुज्ने गर्दछन् । बिजुवा वा सेहे हान्नेले पुज्न हुँदैन जुठो हुन्छ भन्ने विश्वास छ ।
- नछुङ छैन भने रिसिमी वा पुर्खाहरूले नै पितृ बुझाउने गर्दछन् तर बिजुवाले गर्न मिल्दैन भन्ने गरिन्छ ।
- साकेला नछुङ नभएको ठाउँमा साकेला पस्ने कार्य बन्द गरिएको छ । र नछुङ निस्केपछि फेरि गर्ने सामाजको सल्लाह रहेको छ ।
- हालमा साकेला मबु र खिदिमामा पूजा गरिएको छैन भन्ने भनाई रहेको छ ।
- साकेला स्योपुइया गर्ने दिन पहिला नछुङले आफ्नो घरको पितृहरूको पुजा गरेर ढोल झ्याम्टा बजाउँदै बजाउँदै साकेला जाने घरमा आएर साकेला स्योपुइया गर्ने गर्दछ ।
- नछुङले ढोले, झ्याम्टेको शीर उठाएपछि मात्रै उनीहरूले ढोल झ्याम्टा बजाउने गर्दछन् ।
- सिली मपाहरूको पनि शीर उठाएपछि मात्रै सिली गर्ने गर्दछन् ।

### ३.२.४ साकेला स्योपुइयाको विधि र सामाग्रीहरूः

- माहाडा (भकिम्लो)को दुई वटा घोचा एक मिटरको दुरीमा गाड्ने र त्यसैको बलो राख्ने । छेउ छेउमा त्यसकै काठबाट बनेको तरवारजस्तो हतियार बनाई झुन्डाउने गरिन्छ । बीचमा मुसुरे कटुसको हाँगा झुण्डाउने गरिन्छ ।

- सबै घरबाट अक्षता चामल र अदुवा ल्याउने गरिन्छ र राम्रो नराम्रो के कसो छ भनेर घरै पिच्छेको मान्छेको नाम भन्दै अदुवाको यारी काटेर जोखाना हेरिन्छ । अदुवाको ठाउँमा सरा (यारी) पहिला प्रयोग गरिने चलन थियो । कसै-कसैले अहिले पनि ल्याउने गरेको पाइन्छ । यारी काट्दा चितै चित भएमा र पोटै पोट भएमा नराम्रो हुन्छ भन्ने विश्वास गरिन्छ । चित पोत चित पोट आएमा राम्रो हुन्छ भन्ने विश्वास गरिन्छ ।
- चित्त नबुझेको खण्डमा तीन चोटीसम्म दोहोऱ्याएर यारी काट्ने गरिन्छ ।
- सानो चल्ला दाहिने पटिको घोचामा डोरीले बाँधेर राखिन्छ ।
- माटोको सानो भाडा (छयातीवा)मा सातमूलको चोखो पानी ल्याएर राख्ने गरिन्छ ।
- चर वटा वाबु (चिण्डो)हरूमा साकेलाको लागि पकाएको चोखो जाँड राखिन्छ । एक वटा घरमूलीको नाममा, एक वटा पितृ बाजे देवताहरूको नाममा, एक वटा पितृ बजु देवताहरूको नाममा र एक वटा इष्टमित्र पितृ देवताहरू वा पञ्चपितृदेवताहरूको नाममा राखिन्छ ।
- सबैले ल्याएको अदुवा र चामल सालको पात वा भर्लाको पातको टपरीमा राख्ने गरिन्छ ।
- साकेला पस्ने नछुङहरू, ढोले भ्याम्टे, सिली मपाहरू (सिली  गर्ने मानिसहरू महिला वा पुरुष दुवै) र घरै पिच्छेको सबै मान्छेहरू स्योपुइया पूजामा भेला भएर नछुङहरूलाई राम्रो विवेक पुऱ्याएर रीतिभाति पुऱ्याएर पितृहरूसँग सोध्नु, बुझ्नु अनुरोध गर्दछन् । रोग बिमारहरू, अन्नको सहहरू, पानी असिना, हावाहुरी, हिउँ के कस्तो छ भनेर पितृहरूलाई सोध्ने गरिन्छ ।
- सबै सोधी सकेपछि गालि-सराप बगाउन पानीको मुहानमा अदुवा, अक्षताहरू, वाबु (चिण्डो)मा जाँड वा बब्खा (मर्चा) पानी र चल्ला लिएर सबै रोगहरू जाओस्, वर्षभरि खेतीपाती गर्ने जमिनमा जानेर नजानेर नराम्रो काम गरियो होला त्यसको कुनै पाप नलागोस् क्षमा पाऊँ भनेर पानीमा बगाउने गरिन्छ र चल्ला काटेर अपवित्र आत्माहरूले नपिरोस् भनेर बगाई पठाउने चलन छ । महिलाहरूको महिनावारीमा झरेको रगत, सुत्केरी हुँदा झरेको रगतको कुनै दोष नलागोस्, सन्तानमा नसरोस् भनेर पनि मुन्दुम रिसिया गरिन्छ ।
- यसपछि साकेला कहिले गर्ने भनेर सल्लाह गरी नछुङहरूको शीर उभ्याएर, मिति तोकेर साकेला स्योपुइयाको पूजाको समापन गरिन्छ । हरेक बेलुका जम्मा भएर सिली  गर्ने चलन पनि छ । नछुङहरू घरैपिच्छे पितृ बुझाउन जान्छन् । साकेला पूजामा जानु अगाडि नै सबै घरको पितृ बुझाइसक्नुपर्छ । अन्य पितृ देवताहरू पनि साकेला जानु अगाडि नै बुझाइसक्नुपर्छ ।
- साकेला स्योपुइया गर्ने बिहान साप्सु खोलामा र मपारुङमा धुप अक्षता घरै पिच्छेबाट पठाउने चलन छ । यसलाई देवीको पूजा भनेर बुझिन्छ । कालो बाखाको पाठी, भाले, परेवा, अण्डा चढाउने गरिन्छ । पण्डा भने राई नै हुन्छ भन्ने छ र अहिले ब्राह्मणहरू पनि अलिक पर पूजापाठ गर्न थालेको छ भन्ने छ ।

- पहिला पहिला धिरिनामको बेलामा (उँभौली) यो ठाउँमा तथा सालमा एकचोटि सेतो हात्तीहरू आएर केही समयसम्म बस्ने गरेका थिए भन्ने कथा पनि रहेको पाइन्छ । र पछि तीन सालमा आउने गरेको र पछि पछि आउन छाडेको भन्ने भनाइहरू रहेको पाइन्छ । हात्ती आउन छोडेपछि अन्नपात राम्रो नभएको र हात्ती आएको सालमा अन्नपानी राम्रो हुन्थ्यो भन्ने भनाइ पनि रहेको थियो ।



चित्र ५. मपारूङ-(मिरीबुङ) देवी पूजा गर्ने स्थल (स्रोत डि.एम राई)

### पहिलो चरण

साकेला स्योपुइयाः उभौलिमा भूमे र पितृ पूजा गर्दा पुर्खाहरूले नछुङ अथवा रिसिमीहरूलाई भन्ने मुन्दुम रिसिवा :-

दुवाङान दुङदापा दे थल आस
झारा पापाबुङ मामाबुङ
कोक्पाबुङ कोक्माबुङ चि
मबलाम रिसिलाम च्योरानी
दायकसुङ मपेमा सुप्तुलुङदा
यामैसा यारीचुर्सा खातान्
हैखामावा थ्याप्त्युको निनाम्मावा बप्त्युकोदा
चासुमखियादा चारीसेङसा
ललिकुली ललिखादा मरीसेङसा
छिवादेम्न धिवादेम्न
छयालुङमा मलुङमादेम्न
रुम्वीसुङदालमा हछादा देम्न
छियामा कुवामा दे दस

यामैसा यारीचुर्सा खातान्
उको मासुङत सुङदा आसेदाकाङो
पापारुवीयाच्या पामुनातााताको
आलेको मुलीपुलीम ऐनाको
स्योपुइया रिङमाको चारी सेङमा
मबमो सिच्यावारलवा दे दस खनान्
छुइलवा मिलाएबो बालवामिलाए रुङमान
झारा दसिम भुसिम
मुङछय मैदान् खाङान्
यामैसा यारीचुर्सा खातान्
उमछियादाका सेनान् कौ ।
कुरीम मचिम वामाखायिन छुउदान्
कुरीम मचिम वाबुमादिन छुउदान्
साकेला स्योपुईया यारीचुर्मा
चारीकु लिप्तीकु झारासेङमा
यामैसा यारीचुर्सा खातान्
रुमबीसुङ दालामा भिकान्
दाखवा पिखवा प्यारसान्
ललिसाम बुलुसाम
चारीसाम रुङरीसाम
छिवासाम,धिवासाम
मिनातय नितया न्याल
यामैसा यारीचुर्मा खातान्
आलेनामदा पप्पुनामदा
रुङरीङ मयुरीङमो सायारेम्सा
ङायु पुसुङमो सायाचुङसा
मरीकुरी सारीमा स्योलसा
रेरेवा कुकुवा ससिय मुलिया
खामावाङो रिसिमुसा बेछुरिसा
निखालीङो सुप्तुलुङदा चाम्रीङसा
इस्सासाखालीङो वासेप्खाडा सायङसा
यामैसा यारीचुर्मा खातान्
न्याल न्याल यारीचुरसान
हालामितुरदान्
कैनुङकैला छैदानिन्



*चित्र ६. साकेला स्योपुइया कार्य (स्रोत जीतेन राई)*

साकेला स्योपुइया : उभौलिमा भूमे र पितृ पूजा गर्दा पुर्खाहरूले नछुङ अथवा रिसिमीलाई भन्ने मुन्दुम रिसिवाको भावार्थ ।

उँधौली सकिएर उँभौली लाग्यो
सबै पितृ भएका बाबु आमाहरूसँग
कूलपितृका सबै बाजे बज्यूहरूसँग
बज्यू बाजे भन्दा अघिका पितृहरूसँग
धामी मुन्दुमी ज्ञानको बाटोबाट
आउने समयको बारेमा राम्रोसँग
आकाशले छोपेको धरतीले थामेको
अन्नपानीको सहहरूको बारेमा
सोधिदेऊ मुन्दुमी तीन चुलामा
पितृ माङहरूलाई बोलाएर बिन्तीभाउ गरिदेउ र जोखानामा राम्रोसँग सोधिदेऊ
मुन्दुम रिसियाले भस्मे खोरियालाई पवित्र बनाइदेऊ
कुलो खोल्साखोल्सीहरूमा पानी कतिको उम्रिन्छ ?
हिउँ असिना तुसारो कतिको पर्छ ?
मानिसमा कुकृत्य कतिको बढ्छ ?
सहज असहज के कस्तो समय आउँछ ?
पितृ माङहरूलाई बोलाएर बिन्तीभाउ गरिदेऊ जोखानामा राम्रोसँग सोधिदेऊ ।

हिजो मानव सभ्यता कालदेखि नै यो मुसुरे कटुसको बोट थियो
पितृ पुर्खाहरूले अन्न पानीको सह रहने प्रतीक मान्ने गरेको
यो आजको पितृ पुर्खाहरूले मानिल्याएको हैन
साकेला स्योपुइया भनेको अन्न उत्पादन गर्ने भूमिलाई पवित्र बनाउने

धामी मुन्दुमी ज्ञानबाट मौसमको सूचना प्राप्त गर्ने
प्राकृतिक वातावरणको उतार चढावलाई अध्ययन गर्ने
मानिसको जन्म र मृत्युसम्मको सङ्केत बुझ्ने
यस बारेमा गहिरिएर मनैदेखि अध्ययन गरी सूचित गराइदेऊ
पितृ माङहरूलाई बोलाएर बिन्तीभाउ गरिदेऊ र जोखानामा राम्रोसँग सोधिदेऊ ।

देशान दु:ख बिमारहरूलाई समुन्द्रपारी पुऱ्याइदेऊ
देशान दु:ख बिमारहरूलाई हिमालपारी पुऱ्याइदेऊ
साकेला स्योपुइया गर्दै पितृहरूसँग शक्ति मागेर
कृषि कार्य जमिनहरू सबैलाई पवित्र बनाइदेऊ
पितृ माङहरूलाई बोलाएर बिन्तीभाउ गरिदेऊ र जोखानामा राम्रोसँग सोधिदेऊ ।

झैझगडा र असामाजिक क्रियाकलाप गर्ने मनस्थितिलाई कमजोर बनाइदेऊ
गालीसराप खुनखराबीलाई बगाइदेऊ
बीउ बिजनको सह वैभवको सह
अन्नपानीको सह आत्मशक्तिको सह
जरुवा पानीको सह मूलपानीको सह
साथै मानवीयता र सर्वश्रेष्ठताको बारेमा
पितृ माङहरूलाई बोलाएर बिन्तीभाउ गरिदेऊ र जोखानामा राम्रोसँग सोधिदेऊ ।

आज कुलपितृसँग आशीर्वाद लिने समयमा
अन्तरआत्माको शक्तिलाई ऊर्जाशील बनाउँदै
रूप बोलीवचन लच्छिनले शीर उठाउँदै
आँखी डाही वायु सेसान्तरलाई पर पन्छाउँदै
शुद्ध स्वास्थ्यताको लागि रिसिया मुन्दुम गर्दै
पवित्र जाँड र अदुवा चढाउँदै
कूलपितृसँग तीन चुलामा आशिष माग्दै
कुल बाहिर रहेका पितृसँग बलेसीमा सातो माग्दै
पितृ माङहरूलाई बोलाएर बिन्तीभाउ गरिदेऊ र जोखानामा राम्रोसँग सोधिदेऊ ।

होसियारसँग जोखाना हेरिदेऊ
लाज सरम नहोस्
तिम्रो नाम सुवास इज्जतको ख्याल गर ।

**दोस्रो चरणमा**

स्योपुइया : खेती गरिएको जग्गालाई पवित्र बनाउने धामीले भन्ने मन्दुम रिसिवा :

ए....दुङमाहेरयो दुङवाङा लनाहेरयो लाछयोरुसा
दुङवाङान दुङदापा मामाखरी पापासाकवा
मुलिम पुलिम यामुनुङकौ यामुनिपा तिप्पानाम्रीदाका
मबमी,कुबिमी,सुरुली,खातवा,खरुमी,दोवा,
देवा,नक्सो,तायामी,रिसिमीयमाकुमौ लेङामपा
आले
धिरीनामदा पपुनामदा हछाली रोदुमीचीमो
दायाकसुङ,धाप्लो,बुखुलु छिदिपसुङ दिछेम मछेम हुरछेम
सुप्तुलुङ,पापालु,मामालुङ रमीलुङ,तायालुङ,सायलुङ
छेम्बीलुङ,छेन्मीलुङ,मिहेनमालुङ भारा सुप्चीलुङ,मपेमा
खारुत्यम्बु यलमा वास्योम्खा मासुङतसुङ रिङाचुङ सिली चुङ
यारीचुर्मा याबैसुङकौ ,ललवा वायमीङो
हिती फुङमा बपा फुङमा,बारा क्यानङो,साईङमाङो
चामाखि माइङमाङो,सिली फुङमा लपाफुङमा
छिवाफुङमा धिवाफुङमा,यावानापा खारूफुङमा
खोरै खोरै यावैसुङकौ ,हैखामा ददिमाच्यौ
खोरै खोरै हछाबुलिम सिसिकाकौ ।
धिवाहसा, छिवाहसा, धिवाङाकिके, छिवाङाकिके
धिवाइदुङ छिवाइदुङ, सालपा पारुहाङच्यौ
नाईमा सुम्निमाच्यौ, चरिकु लिप्तीकुच्यौ
खुवालुङ मिनापुङखा, हलकम्बु चावापुइखा
सायङसा, वतङसा, सायाचोकी सायाछेङसा
सिली पा एवाङो, ङलावुङ याङलाबुङ
वाबोमा आरावाङो, सोलिय वोब्लीयाङो
छयतिवा सायाचोकी, ससुङपाङा एवाङो
सुबीदाम बब्खाङो, दिवुङसा, वाकुसा
मलुङमा रमासुङ, लमालुङङो यावैसुङकौ
वाल्याकम्मा खकुमाच्या, साङवा बुखवाच्या
किचद्यो पाहोका, किचल्याम पालैसा
नारवाची निनाम्मादी मिकता, वाबुमादिन मिलाम्ता
ललिखादा ललि लुईमा, चारिकुलिप्तीकु भारा सेङमा
दुङवाङान दुङदापा, सारीमरी भारा भिउमा
साकेला स्योपुइया हवालसा, यारीचुर्मा याबैसुङकौ

थिलिलि आ..खोरैखोरै, मासुङतसुङ रिङाचुङ
हैखामाच्यौ निनाम्माच्यौ, रिभिमा रेकपाच्यौ
नाईमा सालपाच्यौ, सुम्निमा पारुहाङच्यौ
मायकुप्पा रयाच्छाकुप्पा, तयामा खियामाच्यौ
हछावुलिम सिसिकाकौ, छिवाइदुङ धिवाइदुङ
चाम्रीइदुङ सायाइदुङ, बतइदुङ, निदुङइदुङ
दोलपाच्यौ सायमीच्यौ, वतमिच्यौ मुक्तिमीच्यौ ।
रिसिमिमो रिसिसाया, ङाबमीमो ङाबसाय
तयामिमो तयासाय, निरुङमीमो निरुङसाया
बतमीमो बतसाय, सिलीमीमो सिलीसाय
लपामीमो लपासाया, खारुमिमो खारुसाया
सुरुलीमो सुरुलीसाया, दोवामो दोवासाया
कुबीमो कुबीसाया, बुङटोङमीमो बुङटोमीसाया
याटाङपामो याटाङमीसाया, याडाङबामो याडाङबासाया
नागिरेमो नागिरीसाया, खारुमीमो खारुमीसाय
नक्छोमो नछुङसाया, सुरुमीमो सुरिमसाया
मालुङमीमो मालुङमीसाया,छयालुङमीमो छयालुङमीसाया
लादिप्मामो लादिप्मीसाया, निनामीमो निनामसाया
सावानीमामो सावानीमासाया, रिङ्गानीमामो रिङ्गानीमासाया
दिबुङमीमो दिबुङसाया, नियामामो नियामासाया
सुजुमामो सुजुमासाया, कुहुमामो कुहुमासाय
धिबुरुङमो धिबुरुङसाय, लालिमो ललिसाय
झारासायामो यारीचुर्मा,दिइम्लो याबैसुङकौ ।
हैखामाङो ददिम्माङो, यारी चुर्मा यावैसुङकौ ।
आस सिमी सैमा, सतुङ सैमा मतिम्लामा
कोकु रियाभ्यमा, नाईमा, सुम्निमा, चुनिमा, नाकिमा,
चिप्लीहमा,ज्वमा, तिप्खुमा,हैखामा
यारीचुर्मा मैदुमने कौ
सारीसैमा कबुसैमा,यारीचुर्मा मैदुमने कौ
कोकु चिप्लीहमा,पापा रयिबा
अनि खोरै खोरै,मासुङत रिङाचुङ
सिकीछाङो पोरिछाङो,बमाछा छुइलछाबो
ललवा बालवदा,यारी चुर्मा मैदुमने कौ
रिकपा रिभ्यामाच्यौ,नाइमा सालपाच्यौ
सुम्निमा पारुहाङच्यौ ,हैखामा ददिमाच्यौ
स्यामुना वामुना बख्खा मुनाच्यौ,

खेरै खोरै यारी चुर्मा मैदानेउ
रिसीमुसा ङावमुसा,सिलीमुसा,सुप्चीङसा
आस चारिकु लिप्तिकु,साकेला स्योपुइयाच्यौ
दिरूपाचुङ न्यारमाचुङ,चारीथप्पा चारीङयाप्पा
लारिपिए,चारीकु लिप्तीकु वाचीकुप्पाच्यौ
हछाली साकेला स्योपुइयाच्यौ
दिरूपुचुङ न्यारमाचुङ तायाचुङ
चारीथप्पा चारीङयाप्पा वाचीकुप्पा
हछाली रादोमीमो सुप्तुलुङ,बबवा चिहमा
ज्यावमा तिप्खुमा,मासुङतसुङ रिङाचुङ
खारु त्याम्बु यलमा,साकेला स्योपुइयाच्यौ
चारीथप्पा चारीङयाप्पा,खोरै खोरै उम्छुङछुङ
यारीचुर्मा  खामैदान
यायामा मिमैदान्
छापछल,छुलगाल मिमैदान
मेसुङमी मेथुङमी मिमैदान
दाखवा तीराखाई,पिखवा तीराखाई
दाखवा पिखवा मिमैदनुङकौ
हैखामा ददिम्माच्यौ
खोरै खोरै यारी चुर्मा सिसिकाकौ
दलपा,वतमीच्यौ,रिसिमी,मुक्तिमीच्यौ
झारा झारा,दक्छाबुवा रमीपमीच्यौ
लेसामी तयामी वेतुङच्यौ,रिसीमुसा ङावमुसा
लपाफुङसुङ सिली  फुङसुङ
चारिकु लिप्तीकदा खारूफुङसुङ ।

**स्योपुइया : खेती गरिएको जग्गालाई पवित्र बनाउने मन्दुम रिसिवाको भावार्थ ।**

ए...समयघुम्दै आयो चहकिलो जून बनेर छायो
ऋतुहरूले फेरिँदै फेरिँदै एक फन्को पूरा गऱ्यो
मौसम बदलिदै बदलिदै एक अध्याय पूरा गऱ्यो
तर आकाश धरतीको सम्बन्ध अनन्त रहिरहन्छ
यसैबाट हामी उत्पत्ति भएका हौँ है
उत्पत्ति पछि निरन्तरता दिनको लागि
मबमी, कुबुमी, सुरुमी, खातवा, खारुमी, दोवा,
देवा, नक्सो, तायामी, रिसिमी
बनाएको हो है माङको पनि माङले ।

आज
उभौली कूलपितृलाई सेवा गर्ने दिन
हामी मानिस किरात रोदुहरूको
मुन्दमी अघेनुको वपिरि राखिएको सामान
मूलखाँबो, सीपको देउता, ज्ञानकोदेउता
शक्तिको देउतास्थान, मुन्दुमी तीनचुला
वंशको, मावलीको, नातागोताको प्रतीक
धनको, शान्तिको, शक्तिको प्रतीक
ज्ञानको, शिक्षाको, सीपको प्रतीक
बुद्धिको, चेतनाको, विरासतको प्रतीक
सबै-सबैको प्रतीक
आगनदेखि फैलिएको समथर भूभाग सम्म
खोलाखोली, खोल्साखोल्सी
धारा, कुवा, समुन्द्र, प्रकृतिको प्रतीक
मुसुरेरुखकटुसको रुख,डाँडा,भिरपाखा,गुफा,हिमाल
सबै सबैमा यारी जोखाना बिन्ती गर्दै छु
यहाँ राखिएको पूजाथानको बलो,रुखको डालाहरूले
माटो हलुको बनाउन खनजोत गर्न
कटहरको रुखबाट बनेको,ठूलो सानो ढोलसँग
सानो झयाम्टा ठूलो झयाम्टा सँग
मुन्दमी अभिनय,मुन्दमी नृत्याहरूलाई खुलागर्न
जरुवापानी,पानीको मूलहरू खुलागर्न
बेला आएको हुनाले कृषि कार्य  खुलागर्न
मनैदेखि बिन्ती गर्दै छौ
पृथ्वी आकाशहरू हौ
मनैदेखि हामी मानिसहरूले प्रार्थना गर्दैछौ है
जरुवापानी,मूलकोपानी सुकेको छ
जरुवापानी,मूलपानी माग्दछौ है
सवैठाउँको जरुवापानी,मूलको पानीको मुहानहरू खोलिदेउ है
सालपा पारुहाङ हौ,नाईमा सुम्निमा हौ
कृषिकार्य क्षेत्रहरू हौ
मानव आत्मा उत्पत्ति स्थल हौ
अटल शक्ति माग्दै,आयु माग्दैं
यो सातमूलको पानीले पवित्र बनाउदैं
तीतेपाती इन्द्रेनी पानी सँग
केराको चोखो पातमाथि

चोखो पानी सहितको घाँटीभएको चिण्डो
अक्षता राखि चोखो पानी सहितको लामो चिण्डो
र अक्षता राखि,माटोको सानो भाँडोमा
हर्रा,तीतेपाती,चोखोपानीसँग मिसाएर
हर्रा र जरुवापानी,अदुवा र मर्चासँग
लेखमा पाइने सवै चीजबीजहरू
वेँसीमा पाईने सवै चीजबीजहरू
प्रयोग गरिने सबै सामानहरू (माहाराको काठबाट बनेको,बलो,घोचा,खुकुरी)
सबैराखी बिन्ती गर्दै छौ
गँडेउलाले,खकु चराहरूले,न्याउली,भद्रायो चराहरूले
भाषा फेरिरहेको छ,मीठोमीठो गीतहरू गाउँदै छ
आकाशमा करयाङकुरुङ चराहरू,मालाकारमा उडिरहेको छ
लामबद्ध र गोलोकार हुँदै,हिमालतिर जादैं छ
सतबीउ पलबीउ रोप्नेबेला भयो
खेतीपाती जमिन पवित्र बनोस
रोग व्याधि सबै बगिजावोस भन्दै
साकेला स्योपुइयागर्दै बिन्ती गर्दै छौ
फुरुङग हुदैं भित्री मनै देखि
सेउली र सेउलीका अधीश्वर
अकाश धरती हौ,रिभिमा रिकपा हौ
नाइमा सालपा हौ,सुम्निमा पारुहाङ हौ
मानव सृष्टिका सृष्टिकर्ताहरू हौ
तयामा खियामा हौ
मानव शरीरमा देखापरेका छौ है
जरुवापानी,मूलकोपानी ,सबैको मूलखोली देउ है
आशीर्वाद उर्जा शक्ति देउ है,बुध्दि ज्ञान देउ है
मुन्दुमी ज्ञाताहरू हौ,जान्नेमान्ने अगुवाहरू हौ
मुन्दुमीहरूको मुन्दुमी,बौद्धिकहरूको बौद्धिक उर्जा
बुध्दि मानीको बुध्दिको,अभिनयकारको अभिनयको उर्जा
नृत्यकारको नृत्यको,मुन्दुमीचुला पुज्ने धामीहरूको धामी उर्जा
मुन्दुमी विजुवाहरूको विजुवा,सीपवानहरूको सीपको उर्जा
दर्शन ढुङ्गाहरूको चम्किलो,शीतलदिने जूनको शीतल उर्जा
रापिलो घामको रापिलो,चम्किलो ताराहरूको चम्किलो उर्जा
पहाडहरूको पहाडी,तकिरात राई फाँटहरूको फाँटिलो उर्जा
चिसो हावाको चिसो,तातोहावाको तातो उर्जा
अग्लो पहाडहरूको अधीश्वर,सतबीउ पलबीउहरूको सप्त उर्जा

सबै उर्जाहरूको पनि उर्जाको बारेमा यारीजोखाना हेर्नलाई
अक्षता सहित बिन्ती गर्दैछु है ।
अब ज्ञानहरू एकीकृत गर्न
सबै उर्जा शक्तिहरूको बारेमा जान्न बुझ्न
कोकुको पनि कोकुहरू,रियाभ्यमा,नाईमा,सुम्निमा
चिनीमा,नाकिमा,चिप्लीहमा,ज्वमा,तिष्खुमा,हैखामा
जोखाना हेर्नेकार्य गरौ है
कोकु चिप्लीहमा,पापा रयिबा
लहै भित्रै मनले
प्रकृतिको प्रतीक सेउली र सबै डाँडाकाँडाहरू
हामीले जानेको सबै सीपहरू प्रयोग गरेर
विशाल छ्यागाँलाई छोपेजस्तो गरेर
घोचा बलोहरूले पूजा स्थल बनाएका छौ
यसैमा आएर राम्रो यारी जोखाना दिनु है ।
रिकपा रिभ्यामा हौ,नाइमा सालपा हौ
सुम्निमा पारुहाङ हौ ,आकाश धरती हौ
उड्ने ,पौडिने,उभिने पितृहरू हौ
जोखानामा सत्य सत्य आवोस है ।
मुन्दुम भन्दै,मुन्दुमगर्दै,अभिनयगर्दै समयको छेनमाग्दै
अब खेतीपातीहरू हौ,साकेला देवताहरू हौ
पहाडहरूको अधीश्वर समथरको अधीश्वर हौ
अन्नको भकारी अन्नको भण्डारहरू भरिरहोस
खेतीपाती भस्मे खोरीयाहरू,लहलह भएर बढोस
मुन्दुमी मानवको साकेला देवताहरू हौ
पहाडको अधीश्वर समथरको अधीश्वर हौ
अन्नको भकारी अन्नको भण्डारहरू,अन्न उब्जाउहुने ठाउँहरू हौ
मुन्दुमी मानवको तीनचुला हौ
दिवादिमा कोक्मापिरिमाहरू हौ
सेउलीका वरिपरि भएका चिजबीजहरू हौ
आगन देखि सबै कार्य क्षेत्रहरू हौ
साकेला देवता,अन्नको भकारी भण्डारहरू हौ
सत्य सत्य साँचो साँचो,जोखाना दिनु है
बेवास्ता नगरिदिनु,यताउति दाँयाबाँय नगरिदेउ है
रीस राग नराखि देउ है,खुनखराबी भयोहोला
घाउचोट लाग्यो होला,सराप नगरि देउ है
आकाश धरती हौ,सत्य सत्य यारी जोखाना देउ

बिन्ती गरेका छौं है
मुन्दुमी जानकारहरू,मुन्दुमी ज्ञाताहरू हौ
सबैसबै
दाजुभाई कुलकुटुम्ब इष्टमित्रहरू हौ
अगुवा, बौद्धिक समाजसेवीहरू हौ
मुन्दुम गर्दै मुन्दुम भन्दै
आजदेखि नृत्य अभिनय सबै फुकाए है
कृषि कार्य गर्न अनुमति मागे है ।

### ३.२.५ साकेला उभौलीमा पितृ बुझाउने रिसिया

साकेला उभौलीमा पितृ बुझाउँदा भनिने रिसिया र स्योपुइयामा भनिने रिसिया एउटै हो र सात पुस्तासम्मको पितृदेवताहरूको नाम चाहिँ थप्नुपर्छ । यसमा खालि सात पुस्ता सम्मको पितृदेवताहरूको नाम बोलाउने मात्रै थप्नुपर्छ । जस्तै : रिसिया भनिसकेपछि, फलाने, फलनी ... खाऊ है पिऊ है भन्ने र साप्पाङु (कासे बटुको)मा पितृदेवताको नाममा पकाएको जाँड राखेर सानो काठको वा फलामको डाडुले तीन चुलामा दिने । हामीले बोलाउँदा आउनु अब खाएर जानू है भनेर बिदा गरिन्छ ।



चित्र ७ हुइलुङ पूज्दै नछुङ पृथेम्पा र  देशवीर राई (स्रोत जीतेन राई)।

*नोटः साकेला जानेदिन साकेला घरमा भनिने रिसिवा पनि माथि भनिएकै रिसिवा दोहोऱ्याउने हो । पितृहरूको नाम चाहिँ लिनुपर्छ ।*

- साकेला घरमा सेउँली साकेला स्योपुइयापछि मासुङत गाडिन्छ । तोकिएको मानिसले मात्र सेउली काट्न जानुपर्छ ।
- सेउली मुसुरे कटुसको मात्र गाडिन्छ । अरू रुखको सेउली अपवित्र मानिन्छ ।

साकेला जाने दिन सबैले आफ्नो खेत बारीको अन्नको बिरुवा, मकै, धान, कोदोको ल्याएर सेउलीको फेदमा राख्ने गर्दछन् । कोदालो तथा हातहतियारहरू पनि एउटा एउटा

प्रतीकको रूपमा ल्याएर राख्ने गर्दछन् र इच्छा हुनेले मर (पितृभात) नभएमा चामल नै दुनामा, टपरामा ल्याउने गर्दछन् ।



*चित्र ८.साकेला जाने दिन मासुङतको फेदमा राखिने सामाग्रीहरू(स्रोत जीतेन राई)*

- साकेला घरको तीन चुलामा सबै पाछ्राको पितृ देवताहरूलाई बोलाइन्छ र उनीहरूको नाममा जाँड र अदुवाले छर्काउँदै पूजा गरिन्छ । साकेलामा पस्दा केही नराम्रो नहोस् है भनेर बल मागिन्छ । त्यहीँबाट रुङरी (सह), चाम्री (आर्शीवाद) माग्न साकेलामा कन्या केटी (अविवाहित स्त्री) हरूले वा कसैले डालोमा वा थुन्सेमा साकेला देवताको नाममा पकाएको जाँड चिण्डोमा र सबैबाट ल्याएको चामल अलिअलि टपरामा राखेर लाने र केही बिरुवाहरू पनि लगेर जाने गर्दछन् । साकेलाबाट फर्केर आएपछि त्यो चामल भरिन्छ पहिला भन्दा बढेको छ भने सहकाल हुन्छ भन्ने विश्वास गरिन्छ र घटेको छ भने अनिकाल हुन्छ भन्ने विश्वास गरिन्छ । बिरुवा ओइलाएको छ भने खेती राम्रो हुँदैन र हरियो नै छ भने खेती राम्रो हुन्छ भन्ने विश्वास गरिन्छ । यसैगरी चिण्डोको जाडको बास्ना राम्रो आएको छ भने राम्रो लक्षण छ र नराम्रो अमिलो बास्ना आयो भने नराम्रो लक्षण छ भन्ने विश्वास गरिन्छ ।
- साकेलामा सिली गर्दागर्दै नछुङहरूको हातमा अन्नहरूको फूलहरू पनि देखा पर्दछ । यसैअनुसार कहिलेसम्म केके खेती गर्ने भन्ने कुराको भविष्यवाणी गर्ने गरिन्छ ।





*चित्र.९अन्नको सह देखाउँदै नछुङ(स्रोत शान्ति देवी राई)* *चित्र.१० साकेला थान(स्रोत जीतेन राई)*



चित्र.११ साकेला सिली (स्रोत जीतेन राई)

- भाकल हुनेहरूले भाले लगेर साकेला थानको एक छेउमा काट्ने गर्दछन् तर धामीले चाहिँ भोग दिँदैन छुट्टै मानिसहरूले काट्ने गर्दछन् । एउटा सबैको साझा भाले हुन्छ त्यसको लागि सबैले बराबर पैसा उठाएर किन्ने गर्दछन् । यो भाले शिकारीको नाममा र अपवित्र आत्माहरूले पूजाभर नपिरोस् भनेर भोग दिने गरिन्छ ।



*तस्बिर : १२ साकेला भाले पर्छ्याउँदै (स्रोत : शान्तिदेवी राई)*

- साकेलामा पितृपूजा सकेपछि साकेला जाने घरमा नै सबै फर्केर आइन्छ र मासुङत सेउलीको फेदमा राखेको बिरुवाहरू, मर (पितृभात)हरू पितृको नाममा सिसि गरिन्छ ।
- यसपछि नछुङले र रिसिमीहरूले मछामा (आमाबाट आएको देवता) सँग साबै राम्रो होस् भनेर आशीर्वाद माग्ने गर्दछन् र तीन चुलामा आएर साम्खा पितृदेवहरूसँग पनि राम्रो होस् भनेर आशीर्वाद माग्छन् । यसपछि ढोलेहरूले पनि यसै गर्छन् र ढोल राख्ने वा बजाउन बन्द गर्ने गरिन्छ । सिली मपा सिली गर्दै गर्दै सेउली उखेलेर छानामा राखी माङछामालाई आशीर्वाद सिली गर्दै माग्छन् र तीन चुलामा आएर तीन फन्को सिली गरी सिली राख्ने गर्दछन् । यसपछि उधौली पूजामा मात्रै बजाउने गरिन्छ । यसपछि सिली  गर्दा, ढोल झ्याम्टा बजाउँदा दोख लाग्छ भन्ने विश्वास गरिन्छ । उधौली साकेला गर्ने चलन खासै छैन र गरेपनि सबै प्रकृया, रिसिया एउटै हो ।
- सबैजना तीन चुलाको अगाडि बसेर सालभरि केके हुन्छ भन्ने कुरामा छलफल गरी सबैजना बिदा हुन्छन् ।

यस बाहेक अन्य पूजाहरू पनि गरिन्छ जस्तै वस्तुभाउहरू राम्रो होस् भनेर केराबारे थान वा थानी मात्रै भनेर पनि गरिन्छ । एक जना गोठालाले केराको बोटमा नाम्लोको पासो लगाएर मरेको हुनाले अबदेखि थानी भएर बस भनेर अन्त्यष्टि गरेको हुनाले यो केराबारे थानी गाई वस्तुमा बढी लालायित हुन्छ भन्ने कथा रहेको छ । तरेम्पा भन्ने केही राईहरूको घरमा मात्रै गरेको पाइन्छ । यो खोलापाछा थियो भन्ने छ । तरेम्पा  जाडको साह्रै भोगी थिएछ, एकदिन जाँड खाने क्रममा ठूलो घ्याम्पोको मुखभित्र टाउको छिराएर खाँदा पछि टाउको निकाल्न नसकेर मरेको भन्ने कथा छ । कतै कतै चाहिँ उनी जाँडको भोगी थिए जाँड खान नपाएर बिमार पऱ्यो र मऱ्यो भनिन्छ । मरेपछि जाँडमा र खोर्सानीमा बढी लालची भएकोले जाँडसँग हरियो खोर्सानी खाँदा उनलाई मानटोके तरेम्पा भनेर मन्साएर खाने प्रचलन छ । कसैको कोठेबारीमा फलफूल छ भने हेर्दा पनि आँखा दुख्ने रातो हुने, पेट दुख्ने गर्दछ र त्यसो

भयो भने जसको घरमो कोठेबारी हेरेको छ उसैको घरमा दुनामा नुन खोर्सानी पुऱ्याउने चलन पनि रहेको छ । घरमा यसको पूजा मछामा गरेको बेलुका गरिन्छ । यो पूजा गरेको प्रसाद सबैले खान मिल्छ भन्ने गरिन्छ ।

पूर्वीयको पूजा गर्दा देशानहरूबाट वस्तुहरूलाई बचाउन सकिन्छ भन्ने विश्वास रहेको छ । पूर्वीयको कथा धनकुटामा रहेको आठपहरियाहरूको आस्था स्थल मर्गाथानसँग जोडिएर आउँछ । कथनअनुसार दुई जना केटा र केटी त्यहाँ गएर बसेका थिए । उनीहरू विवाह गरेर वा नगरी त्यहाँ बसे भन्ने अन्यौल छ । तर रहँदा बस्दा त्यहाँ उनीहरूले सृष्टि गरेर बसेछन् । पछि उनीहरू त्यहीँ मरेछन् र पछि गएर साह्रै दुःख दिन थालेपछि पूवीर्य भनेर मान्न थालिएको हो । उनीहरूलाई होम्पा हँ र होम्मा हँ भनेर पनि चिनिन्छ भन्ने गरिन्छ ।

पूर्वीय दुई किसिमको हुन्छ । पाखा पूर्वीय र युङमा पूर्वीय । पाखा पूर्वीय सबैले गर्न मिल्छ । यो होम्पा हँ र होम्मा हँको चेरुमेरु हो भन्ने गरिन्छ । पाखा पूर्वीया लागेका साह्रै धेरै दुःख दिँदैन छिट्टै निको हुन्छ भन्ने गरिन्छ । युङमा पूर्वीया घरमा सालैपिच्छे गर्नुपर्छ । यो पूर्वीया लागेमा अलिक ढिलोसम्म रहन्छ भन्ने विश्वास छ । यो छोरीचेलीकोमा पनि पच्छाएर जाने प्रचलन छ । यसले पेट खाने, जीउ दुख्ने, टाउको दुख्ने, रगतमासी पर्ने जस्ता रोगहरू ल्याउँछ मान्छेमा पनि र वस्तुमा पनि । यसको भाकलमा भाले, सुँगुर चढाउने गरिन्छ । यो पूजामा छरछिमेक भेला भई बारीमा नै भात पकाएर खाने चलन छ । यो पूजा बेलुकाको समयमा गरिन्छ ।

भिमसेनको पूजा फूलबारीमा गरिन्छ र यो पनि वस्तुभाउ राम्रो होस् भनेर पूजा गरिन्छ । भाले र अण्डा पूजामा छढाउने चलन छ । यो विशेष गरेर दशैँको टीकाको अघिलो दिन फूलबारीमा गर्ने चलन छ । यो पूजा थोरैले मात्र गरेको पाइन्छ । कतिपय धामीहरूले यसको पूजा गरेर मात्र अन्य पूजा गर्छन् । यो पूजा घरको मूली आफैले पनि गर्ने गर्दछ ।

बपाछुइ पूजा घरभित्र हुइलुङ खुइदाएको वा तीन चुलामा पूजा गरेको बेलामा गर्ने गरिन्छ । बपाछुइ आठ भाइ शिकारी पुर्खाहरूको प्रतीक मानिन्छ । यसको पूजा गरेको भालेको मासु मछामाको जाँडमा मात्रै पकाएर खाने गरिन्छ । तेल वा घिउको भुटुन हाल्न हुँदैन भन्ने विश्वास छ ।

वैराङगे पूजा मङ्सिरमा गरिन्छ यो पनि चौपायाहरू राम्रो होस् भनेर नै गरिन्छ । यो मङ्सिरमा गर्ने गरिन्छ । यो पूजामा सबैले भाले चढाउँछन् । महिला पुरुष दुवै पूजामा जाने गर्दछन् ।

पारतिरको पूजा जागित्रहरूलाई आफ्नै ठाउँमा बस है भनेर पूजा गरिन्छ । यो मङ्सिरमा गरिन्छ । खेतको गह्रामा बिहान यसको पूजा गरिन्छ र उतै पकाएर खाने चलन छ । महिनावारी नभएको छोरी मान्छे पनि यसमा सहभागी हुन सक्छ । कथाअनुसार, पारतिरको पूजामा पात्रहरूको नाम एक जना ठोकरे (व्यापारी गैँया), एकजना लालमती राई ठूलो धमिनी र एक जना श्यामकाली कमिनी । श्यामकली लालमतीको मितिनी तथा धमिनी । कथामा भनिएको छ– एक जना गैँया ठोकरको व्यापारी थिएछ र उनलाई कसैले बुइपा भन्ने ठाउँमा पैयुँको हाँगाले कुटेर मारेका थिए । एकजना ठुलो धमेनी उँभो खोलाको लालमती भन्ने धामिनी तुवाचुङ बिजुले भन्ने ठाउँमा सालको एकपटक धामी बस्ने गर्दथ्यो । उनलाई त्यो जागित्र भएको ठोकरेले

टिपी खाएछ । अनि श्यामकाली मितिनीले उनलाई खोज्दै-खोज्दै आउँदा त्यो कुरा थाहा पाएछ । उनी पनि धामिनी नै भएकोले म पनि मितिनीकै बाटो जान्छु भनेर तुवाचुङ बिजुलेमा धामी बस्न थालेछ । त्यही समयमा जागित्र ठोकरे र लालमती मिलेर उनलाई पनि उतै लगेछन् त्यसैले ठोकरेलाई पैयुँको झिक्राको लिङ्गो, लालमती र श्यामकालीलाई तीतेपातीको लिङ्गो राखिन्छ भन्ने कथा छ । पूजा गर्दा चामल पिठोको बाबर, अण्डा, भाले पोथी छुटिएको कुखुरा तीन वटा चढाइन्छ । र, दशा ग्रह कटाउन वा जागितत्र मन्साउन, छेक्न वाकुरमा (चक्र) को प्रयोग टपरीमा र थानमा राख्ने गरिन्छ । वाकुरमालाई फुको धागोले घुङरिङ (सिकिया) को फुर्का निकाले र वा ननिकाली ५, ७ र ९ फन्को बाँधेर राख्ने चलन छ । यसलाई चक्र पनि भन्ने गरिन्छ । विशेष गरेर यो मृत्यु छेक्नलाई प्रयोग गरिन्छ ।



*चित्र १३ : वाकुरमा (चक्र)*

थान बनाएको ढुङ्गोलाई नौ फन्को बेर्ने गरिन्छ । किनभने मुन्दुममा नौतलाको कुरा गरिन्छ र नौ तलामै रहेको सबै वस्तुहरूलाई जागित्रले दुःख नदिओस् भनेर यो पूजा गरिन्छ भन्ने भनाई छ । खोलाको पूजा गर्दा ज्यापति बाहुन र घर्तीको कथा आउँछ तर त्यो भन्दा पहिला नै मुन्दुम मिथकहरूमा होङकुमाङ भनेर पूजा गर्ने चलन रहेको पाइन्छ । खोलादेवको पूजा गर्दा घरपायक पर्ने खोलाहरूमा गरिने भएकोले कसैले रूपुवा खोलामा, कसैले साप्सुवा खोलामा, कसैले मखुवाखोलामा गरेको पाइन्छ । तथापि यसको उदेश्य भनेको खोलाको वा पानीको पूजा नै हो । मुन्दुमी विश्वासमा मानव उत्पत्ति पानीबाट भएको हो र पानी मुन्दुमीहरूको निम्ति महत्वपूर्ण मानिन्छ । बच्चा बस्ने ठाउँलाई पनि साकवा भनेर पानीको पोखरी भनेर मुन्दुम रिसियामा साङ्केतिक अर्थ लगाउने गरिन्छ । मिथकीय कथाहरू जे जस्तो भएपनि साकेला गाउँपालिका मुन्दुमी सभ्यातामा विश्वास गर्ने पालिका मान्न सकिन्छ । मुन्दुमी विश्वास, रहनसहन, प्रथा परम्परामा गैर किरात राईहरूले पनि पूजाआजादेखि खेतीपाती आधारित पाइन्छ । औषधि उपचारदेखि तन्त्रमन्त्र पनि मुन्दुमी विश्वासमै रहेको पाइन्छ ।

### ३.२.६ पालिम्पा र भुसुरी : साकेला र डरमा (कमलटाकी) धिरिनाम छिरिनाम

रिङापतिको छोरा रुइनधिपा/रुनधिपाको छोरा सातिह (पालिम्पा) थिए । वातिम्खा (तावाखोला दोभान)मा पालिम्पा र बुसुरी/भुसुरी माछा मार्न जान्थे । माछा मार्ने क्रममा पालिम्पाको जालमा ढुङ्गा मात्रै परेकोले बुसुरीलाई बास बसेको ठाउँमा भनेछ– बुसुरी के हुन्छ मेरो त जालमा ढुङ्गो मात्र पर्छ आज पनि यो ढुङ्गो पऱ्यो । उसले निराश हुँदै भनेछ । बुसुरीले 'कोन्त के भयो त त्यस्तो राम्रोसँग

सपनाको विचार गर्नु है भोलि माछा पर्लाकी, अब सुतौँ' भनेर दुवै सुतेछन् । पालिम्पाले सपनामा बिरुवा देखेछ र बिरुवाले 'मलाई लगेर चोखो ठाउँमा रोप्नु म साकेला हो' भनेछ । बिहान उठेर बुसुरीलाई पालिम्पाले सपना कहेछ । सधैँझै भात पकाई खाएर माछा मार्न फेरि तावा दोभानमा गएछन् । बुसुरीको जालमा माछा पर्‍यो तर पालिम्पाको जालमा पहिला जस्तै ढुङ्गो नै परेछ । दुवै फर्के र बेलुका भइसकेकोले हतार हतार गर्दै पालिम्पाले भने छ– आज पनि यो ढुङ्गो पर्‍यो भनेर देखाएछ । बुसुरीले भनेछ ठिकै छ आज यो माछा तिमी नै राख म घर जान्छु भोलि आएर तिमीले देखेको सपना अनुसार ठाउँ खोज्न जाऔँ न त के रहेछ तिम्रो सपना भन्दै बुसुरी उकालो लागेछ । भोलि बिहानै बुसुरी पालिम्पाकोमा झरेछ र दुवैले पालिम्पाले सपनामा देखेको ठाउँ खोज्दै गए । त्यो ठाउँ पत्ता लगाए । सपनामा भनेजस्तै बिरुवा उम्रिएको रहेछ र त्यसको दुई वटा मुना रहेछन् । बुसुरीले भनेछ 'पालिम्पा तिमीले जालमा पारेको ढुङ्गा र एउटा बिरुवा सँगै रोप म एउटा बिरुवा लगेर रोप्छु' । पालिम्पाले 'हुन्छ' भनेर बिरुवा एउटा एउटा बाँडेछन् । बुसुरीले भनेछ अब धिरिनाम, छिरिनाममा यसलाई खनेर हेरौँ है के कस्तो हुँदो रहेछ । यसरी साकेलाको धिरिनाम, छिरिनाममा साकेला खन्ने र मनाउने चलन आएको हो भन्ने कथा पनि छ ।

रतन्छाको साकेला भन्दा मात्तिमको साकेला क्षतक्षति छ भन्ने विश्वास गरिन्छ । यसैले साकेला ङरमा (कमलटाकी) भएको ठाउँमा सह आउँछ भन्ने पनि छ । कतिपयले साकेला भएको ठाउँमा नाप्छर (चट्याङ)ले हान्दा पनि हाँगा भाँचिन्छ तर मर्दैन अझ थुप्रै मुनाहरू पलाएर आउँछन् ।

साकेला, बुसुरी र पालिम्पाको बारेमा विभिन्न कथाहरू भएता पनि, कथाहरूले साकेलाको सुरुवात रतन्छाबाट भएको हो भन्ने बुझिन्छ । साकेलाको सुरुवातमा हँछाबुङलेको कथाले मानव मुन्दुम सभ्यता सँगसँगै भएको हो भन्ने कुरामा दुई मत छैन । पहिला-पहिलाको कथाहरूभन्दा छोटो-छोटो रूपमा अहिलेको कथाहरू रहेता पनि साकेलाको कथा, मिथक र रिसियाहरूले साकेला हँछाबुङ पछि बुसुरी र पालिम्पाको पालादेखि निरन्तरता पाएको र उनले पहिरो, खडेरी, महामारी नआओस् भनेर आफू जहाँ जहाँ गए त्यहाँ पनि साकेला स्थापना गरी साकेला देवतासँग प्रार्थना गरेको भन्ने बुझिन्छ । त्यसैले साकेला बृहत् रूपमा अन्य स्थानतिर पनि मान्ने गरेको पाइन्छ । अहिले पनि पहिरो, खडेरी लाग्ने ठाउँहरूमा साकेलाको स्थापना गर्ने चलन छ । भाषिक रूपले फरक फरक नाम भएता पनि उद्देश्य भने एउटै रहेको पाइन्छ । कति ठाउँहरूमा साकेला निस्कने परम्परा पनि छ । साकेला भएको ठाउँमा चोखो नछुङ (कुल पुज्ने धामी) पनि निक्लन्छ र अन्नपानीको सह रहन्छ । दैवी प्रकोप, महामारी, अनिकाल टरेर जान्छ भन्ने विश्वास गरिन्छ । जति खडेरीमा पनि साकेला स्योपुइया गरेको दिन पानी पर्छ भन्ने विश्वास गरिन्छ ।

# अध्याय चार

## मुन्दुमी मौलिक गीत, लय तथा भाकाहरू

### ४.१ पृष्ठभूमि

मुन्दुम जीवनको समग्रता हो । मुन्दुममा रहेको जीवनको आयाममध्ये गीत सङ्गीत तथा लय र भाका पनि एक हो । यसलाई मुन्दुमी गीत वा लयका रूपमा पनि बुझ्न सकिन्छ । यहाँ केही मुन्दुमी मौलिक गीत, लय तथा भाकाहरूलाई प्रस्तुत गरिएको छ ।

### ४.२ दोलोकुम्मा दो

पहिला पृथ्वी, अन्तरिक्ष, ग्रहहरू आदिले युक्त भएको अनन्त लोक थियो अथवा ब्रहमाण्ड थियो र यो ब्रहमाण्डको पनि माथि दोलोकुम्मा थियो । वातुप्माङ धिया छिया संसार जलमय थियो । साङगेनिमा रुवानिमा, लादिप्मा, पितिप्मा दोलोकुम्मा दो, तारा, चन्द्र, सूर्य सबै दोलोकुम्मा भित्र छन् । हेन्खामावो दोदोमावो दोलोकुम्मा दो अथवा धरतीको पनि माउ दोलोकुम्मा दो, अथवा धरती पनि दोलोकुम्माभित्र छ । यो मुन्दुमी मिथक हो ।

रिकपा, सालपा, पारुहाङ जस्ता अनेक नामले सम्बोधन भएपनि वहाँलाई निनाम्मा (आकाश)को प्रतीक मानिन्छ । त्यस्तै रिभ्यामा, नाइमा, सुम्निमालाई धरतीको प्रतीक मानिन्छ । सुम्निमा र पारुहाङबाट यो धरतीमा मनुष्य पहिलो पुस्ताको रूपमा आएको होङ्छा हुन् । त्यसपछि पातेसुङ, दिलिदुङमा आए । उनीहरूभन्दा अगाडि मुन्दुम मिथकमा कसैको नाम आजसम्म भेटिएको छैन । मानिसहरूले जीवन निर्वाह गर्दै आउँदा जे जाने, जे कुरा बुझे त्यही नै गर्दै आए भन्न सकिन्छ ।

मानिसले आफूलाई प्रकृतिसँग अन्योन्याश्रित सम्बन्ध छ भन्ने कुराको अनुभूति गरेपछि धरती, आकाश, आगो, पानी, हावा, वन जङ्गल र सम्पूर्ण प्रकृतिको पूजा आराधना गर्न थाले । जमिन र जलबाट अन्न उत्पादन गरेर जीविका चलाउन थाले । जमिनमा लगाएका विभिन्न अन्नबालीहरूको उत्पादन बढोस्, सह रहोस् भनेर सहको देवता साकेला माङको पूजा गर्न थाले ।

दोलोकुम्मा गीत र लय गाउँठाउँअनुसार भाषी र भाषिका अनुकूल थोरै फरक जस्तो लागे पनि यसको मूल उद्देश्य भनेको उँभौलीमा प्रकृति देउलाई सम्मान गर्दै अन्नबालीको सह बसोबास, जमिनमा लगाएको बालीनाली राम्रो होस्, बालीनालीमा कीराफट्याङ्ग्रा नलागोस् भनेर प्रार्थना गर्दा गाइने आध्यात्मिक गीत हो । पूजा आराधनामा सृष्टिको कथाहरू जनलोक वा मर्त्यलोक भन्दा माथि सत्यलोकसम्म र उँधो सबैभन्दा तल पातालसम्मको कथाहरू मुन्दुम रिसिया (मन्त्र) गीत गाउन थालेको बुझिन्छ 'दोलोकुम्मा दो' ।

*नोट : यो भाका लय र प्रयोग साकेला गाउँपालिकाबाट करिब करिब हराइसकेको छ तथापि यसलाई जोगाइराख्नु पर्छ भन्ने उद्देश्य यस अध्ययनको रहेको छ । स्रोत : स्वा शुक्रशिला राई, लिला राई (लाल्मती) जयबहादुर राई, गौप्रसाद राई ।*

**दोलोकुम्मा दो**

बारासीबुङ बाता दोलोकुम्मा दो
हिक्लमा फुङसा दोलोकुम्मा दो
बक्लमा बाता दोलोकुम्मा दो
नारवा मिसाङ्ग दोलोकुम्मा दो
दुङवाङ्ग  दोलोकुम्मा दो
छिवाधिवापोरा दोलोकुम्मा दो
बाराध्योला बुत्ताकौ दोलोकुम्मा दो
चामाखि बुत्ताकौ दोलोकुम्मा दो
साकेलावमा दुङ ता कौ दोलोकुम्मा दो
सिलिमुसा साकेला खातिनेकौ दोलोकुम्मा दो

**दोलोकुम्मा दो : भावार्थ**

कटहरको फूल फुल्यो दोलोकुम्मा दो
धरतीले जीउ फुकायो दोलोकुम्मा दो
आरु ढकमक्कै फुल्यो दोलोकुम्मा दो
लहरमा कुङकारु आयो दोलोकुम्मा दो
समयको आगमन भयो दोलोकुम्मा दो
सिमसार पलायो दोलोकुम्मा दो
ढोल बज्न थाल्यो दोलोकुम्मा दो
झ्याम्टा बज्न थाल्यो दोलोकुम्मा दो
साकेला पस्ने बेला आयो दोलोकुम्मा दो
सिली गर्दै साकेला जाउँ है दोलोकुम्मा दो ।

## ४.३ होप्मा छाम (गेयात्मक मुन्दुम रिसिया गीत)

किरातहरूको दर्शनशास्त्र मुन्दुम हो । किरातीहरू जीवनको उत्पत्ति अनि अन्तको बारेमा विचार र दृष्टिकोण मुन्दुम भित्रै खोज्दछन् । जन्मदेखि मृत्युसम्मका सबै संस्कारहरू ससी मुन्दुम अनुसार नै गर्दछन् । मुन्दुमको मन्त्रहरूलाई रिसिया भनिन्छ । मुन्दुम रिसिया मूलतः गेयात्मक नै हुन्छ । कुनै-कुनै मात्र वाचनिक हुन्छ । किरातीहरू प्रकृति र पितृलाई पूजा गर्दछन् । स्वभावसिद्ध देहावसान भएका बाजेबजू र आमाबाबुलाई पितृमाङ (कलदेवता)को रूपमा सुप्तुलुङ (मुन्दुमी तीनचुलो)मा मुन्दुम रिसियाले बोलाएर पूजा आराधना गरी बल बुद्धि माग्ने काम गरिन्छ । पितृमाङ (कुलदेवता)को अलावा मामा, मावलीतिरको देवताहरू पनि आमालाई पच्छ्याएर आएको खण्डमा वा जोखाना देखिएमा छुट्टै स्थान दिएर पूजा गरिन्छ जसलाई मछामा/माङछामा लगायतको नामले पुकार गर्ने गरिन्छ ।

मछामालाई पूजा गऱ्यो बिन्तीभाउ गऱ्यो भने अन्नाबालीको सह, धन सम्पत्तिको सह बढ्छ भन्ने विश्वास रहेको छ । माङछामाको पूजा गरेर मान सम्मान गरिएन भने रिङ्गटा लाग्ने, वाकवाकी लाग्ने, अनाहकमा आँसु आउने जस्ता लक्षणहरू देखा पर्दछ भन्ने जनविश्वास रहेको छ । माङछामा/मछामाको पूजा आजा घरको मूली अथवा बोक्टोङमी, रिसिमीले गर्दछन् । (महिला पुरुष) माङछामाको पूजा गर्दा कुखुराको भाले (वापा) साम्बालकबाक (भर्लाको पात) कोम्बिछा (सानो खुर्मी), सोलोन्वा (चिण्डो) चाखाङ लाम्वेत (दाबिलो) चाहिन्छ । माङछामाको पूजा गर्दा भनिने गेयात्मक मुन्दुम रिसिया होप्माछाम (गीत) :

हे माङछाबुङमौ खिरिबुङमौ ...

*नोट : यो गीत पनि डाडागाउँमा गाउने मान्छे थियो रे तर उनको मृत्युपछि पुरै लोप भएको भन्ने छ । यसको पनि खोज अनुसन्धान गर्न जरुरी छ ।*

किरात राईहरूले छोरीचेलीको विवाह गरेर कुटुम्बलाई सुम्पिएर बिदावारी गरिसकेपछि माइतीघरमा बेलुका मछामा राख्ने चलन रहेको छ । मछामा राख्ने भनेको मछामालाई प्रार्थना गर्नु हो । हाम्रो छोरीचेली कुटुम्बको घरमा दिइपठायौँ घरको सह, अन्नको सह, धन सम्पत्तिको सह शील स्वभावको सह पनि छोरीचेली सँगै कुटुम्बको घरमा पो गयो कि सबै सहहरू यतै राखिदिनू है, घरमा होहल्ला, डाङडाङ डुङडुङ पनि गरियो कतै मछामापो रिसायौ कि, नरिसाइदिनू है, सहहरू पोखी गएपनि उडी गएपनि सहहरू लिएर घरमै बसिदिनू है, कुटुम्बको घरमा दिइपठाइएको छोरीचेलीलाई शुभ आशीर्वाद दिनू है भनेर माङे गर्दा गाइन्छ । यसको रिसिया गीतको सानो अंशः

रिमो रिमो रिम्दोयिबो
साका लोङने रुङरी लोङने
रिमो रिमो रिम्दोयिबो
साकाथाने रुङरीथाने
रिमो रिमो रिम्दोयिबो
साका चुङने रुङरी चोङने ।

## ४.४ हियारी/हियाछाम

यो हियाछाम (गीत) कसले, कहिलेदेखि गाउन सुरु गऱ्यो ठयाक्कै भन्न सकिन्न तर किरात राई समाजले अपनत्व लिएको अमूर्त सांस्कृतिक वैभव हो । विशेष गरेर यो हियाछाम नेपालको काठमाडौंदेखि भन्दा पूर्वको भूगोल पल्लो किरात अहिलेको पाँचथर, ताप्लेजुङ, इलाम, झापा, मोरङलगायतको जिल्लाहरूमा बसोबास गर्ने किरात राई समुदायमा गाइने गीत हो । *तर रतन्छा गाउँपालिकाको विशेष गरेर रतन्छामा नै पनि बुढापाकाहरूले गाउने गर्दथे भन्ने भनाइ छ । र यो गीत गाउने अन्तिम पुस्ता स्व. शुक्रशिला राई र गौप्रसाद राई थिए । (स्रोत : स्व. लिला (लाल्मती राई)* । यो गीत गाउन सुरु गर्दा घाँटीको भित्रपट्टिको एक अवयव लेग्रो तानेर आऽऽयाऽऽनी शब्द उच्चारण गरेर गाउन सुरु गरिने भएको हुनाले पनि यस गीतलाई आयानी गीत पनि भनिएको हुन सक्छ । यो गीतको

अथवा भाका विलम्बित वा विलम्ब भएको, अलि लम्ब्याइएको हुन्छ । यो गीतको लयलाई वाद्यरहित वा बाजागाजा बिना नै गाउने प्रचलन छ । यो गीतको आफ्नै मौलिक विशेषता हो । पछिल्लो समयमा सङ्गीतलाई निश्चित नीति नियममा र सिद्धान्तमा शास्त्रवद्ध गर्दा यो गीतको लयलाई छ मात्राको दादरा ताल वा ३/४ Time Singature Waltz beat मा गाउन र बजाउन सकिन्छ ।

कतिपय गीत लय, भाकाहरू यस्ता छन् जो बिना बन्देज स्वतन्त्र रूपमा तालबाजारहित नै गाउँदा वा धुन बजाउँदा छुट्टै आनन्दको अनुभूति प्राप्त हुने गर्दछ । त्यसमध्ये यो हियाछाम र लय पनि एउटा उदाहरण हो । हियाछाम गीत उहिले त किरात राई भाषामा नै गाइने, भनिने चलन थियो । तर हाल राई भाषाको अतिरिक्त खस पर्वते भाषामा मिसाएर गाउने चलन रहेको देखिन्छ । यसको मुख्य कारण भनेको किरात राईहरू बहुभाषिक हुनु नै हो हो भन्न सकिन्छ । हियाछाम गीत, लय मुख्यतः विवाहको समयमा बेहुलीको घरमा बेहुली पक्ष र बेहुला पक्षका लोकन्ते, पाहुनाहरू र बेहुली पक्षका लोकन्तीहरू बीच दोहोरो जुवारीको रूपमा कथ्दै गाइने गीत हो । यस सन्दर्भमा चाहिँ बेहुली पक्ष र बेहुला पक्षका मानिसहरू एकै भाषी भएको खण्डमा त भाषा बुझ्न कुनै कठिनाइ नहुन सक्छ तर अन्य राई भाषी भएको खण्डमा बेहुली पक्षका साइमाहरूले (सोल्टिनीहरू) बेहुला पक्षका साइबाहरूलाई ( सोल्टीहरू) गीतमा सोधनी गरेका कुराहरू स्पष्टसँग बुझाबुझ भएन भने चाहिँ स्वभाविक रूपले चलनचल्तीमा रहेको कुनै तेस्रो भाषाले स्वस्थान ग्रहण गर्छ । यो गीतमा पनि त्यसै भएको बुझिन्छ । भाषिक दृष्टिकोणबाट हेर्दा यो दुःखद् वास्तविकता हो ।

यो गीतको विषय चाहिँ सुरुको गीत उठानसँग सम्बन्धित रहन्छ । खास गरेर यो गीत गाउने ठाउँ भनेको बेहुला पक्षको पाहुनालाई सुङखिममा (पाहुनाघर) सांस्कृतिक विधिपूर्वक राखिसकेपछि लोकन्ते र अन्य साथीहरूलाई हँसीमजाक गर्ने ठट्यौली सामग्रीहरू दिइने साथै लगाइदिने गरिन्छ । जस्तै; पहेँलो गुजुरगानु (एक किसिमको कन्द)बाट बनाइएको कानमा लुर्केसुन, गलामा कण्ठमाला, पातबाट बनाएको झुम्को हालेको टोपी बाँसको लामो ढुङ्ग्रोको हुक्कामा खोर्सानीको धुलो मिसाइएको तमाखु सुर्ती आदि दिइन्छ । अनि हुक्का चिलिममा आगो सल्काएर तान्न लगाइन्छ । अनि यही सन्दर्भलाई समातेर गीत गाउन सुरु गरिएको यो एउटा गीत हो ।

यसको अतिरिक्त पाहुना बिदा गर्ने बेलामा पनि विभिन्न खालको अत्तो थापेर बेहुली पक्षकाहरूले गाउने चलन छ । गीतमा गरिएको सवालको चित्तबुझ्दो जवाफ बेहुला पक्षकाहरूले नदिएसम्म बिदा हुन नपाउने चलन पनि थियो । तर हाल अन्य संस्कृतिको प्रभावले यो हियाछाम गाउने संस्कृति पनि सियाँलिएको वा ओझेलमा पर्न गएको छ ।

**हियाछाम (गीत)**

**बेहुली पक्ष–** आयानी साइबाच्यौ कहाँको तिमी कहाँको हामी
आयानी साइबाच्यौ (लाइराखौँ पिरती लै लै)२
आयानी साइबाच्यौ थाकीमा आयौ गलीमा आयौ
आयानी साइबाच्यौ (खाइजाउन सुरती लै लै)२

**बेहुला पक्ष–** आयानी साइमाच्यौ दुवाली थुनी माछालाई मार्नु
आयानी साइमाच्यौ (सिउँडीको विषैले लै लै)२
आयानी साइमाच्यौ सुरती भनी बिरोसी (खुर्सानी) दियौ
आयानी साइमाच्यौ (कहिलेको रिसैले लै लै)२

**बेहुली पक्ष–** आयानी साइबाच्यौ पूर्वै र बाट घामै र झुल्क्यो
आयानी साइबाच्यौ (भूइँ भिज्यो शीतैले लै लै)२
आयानी साइबाच्यौ रिसैले होइन रागैले होइन
आयानी साइबाच्यौ (उहिलेको रीतैले लै लै)२

**बेहुला पक्ष–** आयानी साइमाच्यौ बालसन खोला बाढी है आयो
आयानी साइमाच्यौ (बगायो झिँगटा लै लै)२
आयानी साइमाच्यौ खरोमा सुर्ती खाइमा जाँदा
आयानी साइमाच्यौ (चलायो रिङ्गटा लै लै)२

**बेहुला पक्ष–** आयानी साइमाच्यौ माछीलाई खेल्ने हरियो दहमा
आयानी साइमाच्यौ (जाल कसले हानेको लै लै)२
आयानी साइमाच्यौ सुनै र सुनको गहना दियौ
आयानी साइमाच्यौ (कुन ठाउँमा बनेको लै लै)२

**बेहुली पक्ष–** आयानी साइबाच्यौ शिकारी ज्यानको शिकारै छैन
आयानी साइबाच्यौ (गुलेली हानेको लै लै)२
आयानी साइबाच्यौ यतिमा राम्रो गहनाहरू
आयानी साइबाच्यौ (गाउँघरमै बनेको लै लै)२

*(स्रोत व्याक्ति : जीतेन राई, इश्वरकुमार राई, मनिकुमार राई)*

## ४.५ साकेला गीत

किरातीहरूको बसोबास प्राचीन कालदेखि पहाडी भूभागलगायत यत्रतत्र सर्वत्र रहेको देखिन्छ । त्यस ठाउँको हावापानी भौगोलिक बनावट रहनसहन लवाई, खवाई, व्यवहार भाषा संस्कृति परम्परा पनि भिन्नै छ । बोलीवचन, कुराकानी गर्ने तौरतरिका, लुगा लगाउने ढाँचा, खानपिन, रीतिथिति, चालचलन, चाडाबाड, जन्मदेखि मृत्युसम्मको संस्कार, भेषभूषा, नाचगान, वाद्यवादन पनि पृथक नै रहेको छ । यसो हुनुको कारण प्राकृतिक वातावरणको प्रभाव पनि होला भन्न सकिन्छ ।

साकेला सिली नाचिमा जाउँ २
तयामा सिली टिपिमा जाउँ
सोइ सोइला हौ कुर्रा हा हा

(एनि लै लै बरिलै लै)२

(सोइढोले सोइ अर्को ढोले खोइ)२

कंकारु उड्दा आकाशमा  २

शतबीउ छर्नु धरतीमा

सोइ सोइला हौ कुर्रा हा हा

(एनि लै लै बरिलै लै)२

(सोइढोले सोइ अर्को ढोले खोइ)२

उभौली उधौली नाचौ साकेला  २

अर्को साल फेरी के होला

सोइ सोइला हौ कुर्रा हा हा

(एनि लै लै बरिलै लै)२

(सोइढोले सोइ अर्को ढोले खोइ)२

साकेला गीतको शब्द र लयलाई साकेला सिली नृत्यसँग जोडेर ढोल झ्याम्टाको तालमा गाउन सकिन्छ र नृत्यको अलावा कुनै पनि समयमा गाउन, बजाउन सकिन्छ ।

*नोट : साकेला, यसभित्र गीत, लय, ताल, नृत्य, चाड, थान आदि बुझ्न सकिन्छ ।*

समयचक्रको कुनै कालखण्डमा आइपुग्दा तयामा र खियामा नाम गरेको किराती चेलीहरूको किराती समाजमा वर्णन वा बखान भएको पाइन्छ । तिनै तयामा र खियामाले कपासको फूलको ( एकप्रकारको वनस्पति) रुवाबाट धागो कात्ने, कपडा बुन्ने र लगाउने अझ व्यवस्थित रूपमा विकास गरेको मिथक छ । तयामा कै पालामा साकेला नृत्यको अनगिन्ती सिलीहरूको अझ विस्तार र फैलावट भएको कथाहरू छन् ।

जस्तैः–

साकेला सिली नाचिमा जाउँ  २

तयामा सिली टिपिमा जाउँ

सोइ सोइला हौ कुर्रा हा हा

(एनि लै लै बरिलै लै)२

(सोइढोले सोइ अर्को ढोले खोइ)२

यो गीतको भावले तयामाले विकास गरेको साकेला सिलीको प्रसङ्ग मेल खान आउँछ । साथै यस्तो गीतहरूमा सोइसोइला नाम गरेको आदिम किराती चेलीको नाम पुकार गरिएको हुन्छ । नृत्य वा नाचलाई ठिक पारामा छाँट पारेर प्रस्तुत गर्नका लागि तालबाजा केन/ढोल/ढेला झ्याम्टा अनिवार्य हुन आउँछ ।

साकेला सिलीको विभिन्न पक्षहरू छन् । सिली भन्नाले नृत्यमा शारिरका विभिन्न अङ्गहरू सञ्चालन गर्ने तरिकाहरू हुन् । साकेला सिलीको अनगिन्ती शिल्पशैली र भेदहरू भएपनि खासगरी सिलीलाई दुई भागमा बाँडेर हेर्न सकिन्छ ।

क) मानव जीवन पद्धत्तिसँग आधारित सिलीहरू

ख) पशुपन्क्षीहरूको हाउभाउलाई अनुकरण आधारित सिलीहरू ।

मानव जीवन पद्धतिसँग आधारित सिलीहरूमा मानिस जन्मेदेखि मुत्यु सम्मका सबै भोगाइहरू पर्दछ । विशेष गरि मनुष्यहरूले पृथ्वीमा मानव रूपधारण गरिसकेपछि कसरी बाँच्ने के खाने, के लगाउने, कसरी सामूहिक रूपमा बसोबास गर्ने, घामपानीबाट कसरी जोगिने, घर कस्तो बनाउने, खेतीपाती कसरी गर्ने, आफन्त पराय कसरी छुट्याउने, दया माया सौन्दर्य, चेतना आदि इत्यादिको बारेमा ज्ञान चैतन्य विकास भएपछिको गतिविधि झल्किने सिलीहरू साथै आस्था र विश्वास जगाउन प्रोत्साहित गर्ने असङ्ख्य सिलीहरू पर्दछन् ।

त्यस्तै पशुपक्षीहरूको हाउभाउलाई अनुकरण गरिएको सिलीहरूमा चराचर जगत्भित्र असङ्ख्य जनावर, चराचुरुङ्गीहरूले आफ्नो जीवनचर्या जसरी सञ्चालन गर्दछन् त्यसको किरातीहरूले कलात्मक ढङ्गले अनुकरण गरेर सिलीमा प्रस्तुत गर्ने गर्दछन् । यो रूपात्मक जगत्मा भीमकाय प्राणीहरूदेखि अत्यन्त सूक्ष्म देहधारी प्राणीहरूको ब्रहमाण्डमा मानिसहरूको जस्तै अस्तित्व रहेको छ भन्ने सन्देश प्रवाह गर्नका लागि पनि ती देहधारी जीवहरूको गतिविधिहरूलाई साकेला सिलीमा अनुकरण गरिएको बुझिन्छ । यो पशुपन्क्षीसँग सम्बन्धित सिली पनि गणना गरेर भन्न नसकिने अनगिन्ती सिलीहरू छन् । यसमा कतिपय सिलीहरू किरात मुन्दुमी मिथकमा वर्णन पनि गरिएको छ ।

साकेला गीतको भाकाहरू भेकअनुसार सामान्यतया भिन्न लागे पनि साकेला सिली नाच्दा चाहिँ सिलीद्योला/सिलीकेन र मानिमो/झयाम्टाको तालले सबै लयहरूलाई एउटै तालमा बाँधेर राखेको हुन्छ । साकेला शब्द बहुअर्थ लाग्ने शब्द हो । साकेला सिली, साकेला गीत साकेला ताल, साकेला लय, साकेला थान, साकेला चाड इत्यादि । किरात राईहरू विविध भाषी भएको कारणले साकेलालाई विभिन्न नामले चिनिन्छ । मूलतः साकेला सिली ढोल झ्याम्टाको तालप्रधान नृत्य हो । सिली भन्नाले नृत्यका प्रकारहरू भन्ने बुझिन्छ । यो नृत्यलाई कलापूर्ण ढङ्गले हात खुट्टा अनि शरीरको अरू अङ्गहरू

सञ्चालन गरेर भाव प्रकट गरिन्छ । यो साकेला सिलीलाई अझ उत्साहित बनाउनका निमित्त बेलाबेलामा ताल र भाव मिल्ने गीतहरू पनि गाउने गरिन्छ ।

साकेलाछाम (गीत)को भाकाहरू र शब्दको भावहरू धेरै छन् त्यसमध्ये एउटा लय र शब्दः

धिरिनाममा सिली नाच्नु
(सिमेभूमे पूजा गरि ए होई स्यामुना)[2]
धरतीमा खनिखोस्री
(अन्नबाली छरिराख्नु ए होई स्यामुना)[2]
ढोल बज्यो गजैले नाचिराखौं मज्जैले है सोई सोईसोई सोई सोइला
मदेसैको करयाङकुरुङ
(हिमालतिर उडी आउँदा ए होइ स्यामुना)[2]
त्यही बेला जानि राख्नु
(उभौली सुरु भएछ ए होइ स्यामुना)[2]
ढोलको ताल सुनेर सिली नाचौ घुमेर है
सोई सोई सोई सोई सोइला
लेखैबाट पशुपक्षी
(मदेशतिर झर्न थाल्छ ए होइ स्यामुना)[2]
छिरिनाममा नयाँबाली
(पितृमाङलाई चढाई जाउँला एहोई स्यामुना)[2]
ढोल झ्याम्टाको रन्कोमा, सिली नाच्नु फन्कोमा है
सोई सोई सोई सोई सोइला

## ४.६ साकेला गाउँपालिकामा रहेका मौलिक वाद्ययन्त्रहरू

गीत सङ्गीत र नृत्य अथवा नाचगानमा ताल (Rhythm) अनिवार्य नै हुन आउँछ । त्यतिमात्र नभएर स्वास्थ्य र सबल रहनका लागि हृदय गति अथवा मुटुको धड्कन (Heartbeat) सही हुनु जरुरी छ । जतिबेला मानिसको चेतनाले नाचगान सुरु गर्‍यो त्यतिबेला कुनै पनि तालबाजा बनेको थिएन । त्यो समयमा दुई हातको थपडी हत्केला बजाएर ताली/ताल निकालिन्थ्यो । त्यसपछि मात्रै कुनै वस्तु एक अर्कामा ठोकेर, जुधाएर ढोल, मादल, झ्याम्टा जस्ता ताल बाजाहरूको निर्माण गरियो । सुरुमा मुटुको धड्कन (Heartbeat) बाट नै गति (Timing) को निश्चित व्यवस्थापन भएको मान्न सकिन्छ । समयको गतिसँगै मानिसहरूको चेतनामा बढोत्तरी हुँदै जाँदा थुप्रै सङ्गीत ज्ञाताहरूको जन्म भयो र सङ्गीत शास्त्रको निर्माण भयो । त्यसपछि सङ्गीतबारे विवेचना, समीक्षा हुँदै तालको बारेमा मात्रा, विभाग, ताली, खालीको शास्त्रीयकरण हो ।

### ४.६.१ हवाफिरिप्मा, सुम्फेक (पात बजाउने)

किरातीहरू प्रकृतिसँग रमाउँदै आउँदा प्रकृतिप्रेमी भएको कारणले सङ्गीत उपकरणको निम्ति सबै भन्दा पहिला र सबैभन्दा बढी वनजङ्गल र बोटबिरुवाहरूलाई प्रयोगमा ल्याएको देखिन्छ । फललस्वरूप अलि नरम खालको बिरुवाको पातलाई दोबारेर मुखमा राखी दुई ओठको सहायताले फुक्दा निस्किएको आवाजलाई किरातीहरूले मिठो साङगीतिक धुनको रूपमा प्रयोग गर्दै आइरहेको कुरा किरात गाउँ बस्तीमा देखिन्छ ।



*चित्र १४ : पात बजाउँदै ।*

### ४.६.२ टुङ (यलम्बर केन) यलम्बर बाजा

प्रायः सबै लोकव्यवहार सुहाउँदो भौतिक सृजनाका स्रोत प्रकृति नै हो । अथवा प्रकृति बाटै प्रभावित छ । यही प्रकृतिलाई आत्मसात गर्दै आउँदा किरातीहरूले बाँसको उपजाति मालिङ्गो, पऱ्याङ, निगालो, सिगाने आदिद्वारा विभिन्न सङ्गीतका वाद्य सामाग्रीहरू आविष्कार र प्रयोग गर्दै आएको देखिन्छ । उदाहरणको लागि ठूलो बाँसको झ्याङमा हामीले नियालेर सुन्न सक्छौँ र बुझ्यौँ भने त्यहाँ टुप्पो नभएको दुलो (प्वाल) परेको वा फुटेको बाँसमा हावाको झोका ठोक्किन पुग्यो भने वा एक आपसमा रगडियो भने विभिन्न प्रकारका सङ्गीत उपयोगी ध्वनिहरू उत्पत्ति भएको पाउँदछौँ । त्यस्ता प्रकारका ध्वनिहरूलाई मानव सीप र सृजनामा रूपान्तर गरी किरातीहरूले प्रयोग गर्दै आएको देखिन्छ । फलस्वरूप टुङ (यलम्वर बाजा) पनि यही क्रममा आविष्कार भएको एउटा बाजा मानिन्छ । यो ठूलोखाले बाँसको दुवैतिर आँखा नकाटेको ढुङ्गको माथिल्लो सतहमा दुई वटा त्यही बाँसबाट परेन्जो आकारको चोया खिपेर फेसाको सहायताले माथि तन्काएर निकालिन्छ । त्यस चोयामा दुवैतिर च्यापिने गरी एउटा चेप्टो बाँसको चोइटा खिपेर च्यापिन्छ र त्यो चोइटामा हातको औँलाले बजाएर मादलको जस्तै दुवैतिरबाट हातले कोट्याएर बजाइने बाजा सायद मादलको पहिलो रूप थियो यो ।



*चित्र १५ : यलम्बर बाजा ।*

### ४.६.३ बिनायो (कोङकोङमा, दोङदोङमा, दाङखोली, कोम, दवाङकुम)

यो कोङकोङमा बाजा पनि टुङ बाजा जस्तै बाँस उपजाति मालिङ्गोको कप्टेरो खिपेर बनाइएको सानो तर किरात समुदायमा यो अत्यन्तै लोकप्रिय बाजाको रूपमा रहेको छ । लगभग ५-६ इन्च जति लामो कप्टेरोलाई कर्द वा नहर्नीले खिपेर बनाइन्छ । बिनायो बाजाको बीचमा जिब्री निकालिएको हुन्छ । एउटादेखि दुई वटासम्म जिब्रीहरू निकालिन्छ । त्यसको एक छेउमा समातिन्छ र अर्को छेउमा धागोको डोरीले बाँधेर दुई ओठको बीचमा राखेर झड्काइन्छ । जसको कारणले जिब्रीको कम्पनबाट एक प्रकारको कर्णप्रिय ध्वनी (धुन) निस्कन्छ । यो बिनायो बाजाको आवाजलाई सुरको रूपमा साथै तालको लागि पनि प्रयोग गर्न सकिन्छ । किराती समुदायमा उपहारको रूपमा आदान-प्रदान गर्नुको साथै किराती युवाहरूको सीपको प्रतीक, गहनाको प्रतीक तथा मनोभावना अभिव्यक्त गर्ने साङगीतिक उपकरणको रूपमा लिन सकिन्छ ।




चित्र.१६.कंङकंङमा/दाङखोली(बिनायो) स्रोत जीतेन राई

४.६.४ मुरली (फिरिप्मा/बिम्बिलिमा/नाइलिमा

मुरली बाजा पनि बाँसको विभिन्न उपजाति मालिङगो, निगालो, गोपे, आदिबाट निर्मित बाजा हो । मालिङ्गो वा सानो बाँसको ढुङ्ग्रो काटिन्छ र एक छेउमा छड्के काटेर मठारिन्छ । त्यस ठाउँमा काठको त्यस्तै आकारको ठेडी लगाइन्छ । त्यो ठेडी भएको ठाउँमा हावा छिर्ने सानो प्वाल पनि राखिन्छ । र त्यो ठेडीमा मुखले फुक्दा एक प्रकारको अविछिन्न लयात्मक धुन निस्किन्छ । मुरलीमा हातको औंला राख्ने ६ वटा प्वालहरू राखिएको हुन्छ । मुरली एकल पनि हुन्छ र दुइवटा जोडेर जोरमुरली पनि बनाएर बजाउने प्रचलन रहेको छ ।



चित्र.१७फिरिप्मा(मुरली) स्रोत सामिजक सञ्जाल

४.६.५ बाँसुरी (फुरुरिमा, लिबुसाम, बाङसुली)

फुरुरिमा बाँसुरी पनि मुरली जस्तै बाँस वा मालिङ्गोबाट बनाइएको सुर बाजा हो । यो मुरलीभन्दा अलिकति फरक तरिकाले फुकिन्छ भने ६ वटा प्वालमा हातको औंलाको सहायताले सुर मिलाएर बजाइन्छ । यी बाजाहरूको उल्लेख गरिरहँदा किरात समुदायमा मात्रै नभएर संसारको मानिसहरूले आ-आफ्नै प्रकारले निर्माण गरेर भाका र लय प्रयोग गरेको पाइन्छ ।



चित्र.१८ बिम्बिलिमा(बाँसुरी)स्रोत सामिजक सञ्जाल

४.६.६ तुन्तुलिमा/खकुमा (चरीबाजा)

तुतुलिमा/खकुमा(चरीबाजा) पनि बाँस उपजाति बाटै बनाइएको बाजा हो । यो बाजा हातको औँला जतिकै मोटाइ र भित्रपट्टि खुला भएको बाँस जोडेर सस्केल (Scale) अनुसार कर्ड (Curd)अनुसार

बनाएर बजाउन सकिन्छ । यसबाट विभिन्न चराहरूको स्वर जस्तै आवाज निकाल्न सकिने भएकोले यसलाई तुतुलिमा/खकुमा(चरीबाजा) भनिएको हो ।



चित्र.१९ खकुमा,स्रोत जीतेन राई

### ४.६.७ केन/बाराध्योला/मावीकेन/सिलीकेन(ढोल बाजा)

मानव सृष्टि र सभ्यतासँगै किरात सभ्यता पनि जोडिएको हुनाले किरातीहरूको सभ्यता र सांसकृतिक पहिचान दिने अनगिन्ती गीत सङ्गीत वाद्ययन्त्र र वाद्यवादन नृत्यहरूको साकेला सिली(साकेला नाच) हरूको निर्माण भएको देखिन्छ । ती साङ्गीतिक नृत्यहरूलाई सजिलो,जोशिलो,तेजिलो,फूर्तिलो साथै तालमा अनुशासित र लयबद्ध बनाउनका लागि केन(तालबाजा)को आविष्कार भएको बुझिन्छ । यो काठको ढुङ्गोमा जनावरको छालाले दुवैतिर मोहरेर छालाको तानाले तन्काएर बनाईएको हुन्छ । यसलाई हात र गजाले बजाउदा ढोलबाट निस्कने बोलहरू :-

| | | | |
|---|---|---|---|
| ढुंङकु ढडुंकु<br>१ २ | ढुंङकु<br>१ २ | ढुंङकु ढडुंकु<br>१ २ | ढुंङकु ढुंङकु<br>१ २ |

| | |
|---|---|
| रिक्धुम्<br>रिक्धु | रिक्रिक्<br>रिक्रि |

| म | क् |
| --- | --- |
| १ २ | १ २ |

गीत,सङ्गीत र नृत्यमा ताल अनिवार्य नै हुन आउँछ। त्यतिमात्र नभएर जीवन स्वास्थ्य र सबल रहन हृदय गति अथवा मुटुको धड्कन सही हुनु जरुरी छ।



चित्र.२० ढोल स्रोत समिजक सञ्जाल

### ४.६.८ क्यारछारी/सायकेन/ढ्याङग्रो

ढ्याङग्रो बाजा काठको कुँडुलो परेको वृत्तकार घेरोमा जनावारको छालाले दुवैतिर मोहरेर बनाइएको विशेष प्रकारको तालबाजा नै हो । यो सामान्यतया अरूबेला बजाइदैन। खासगरि मपा, नछुङहरूले आध्यात्मिक कार्यको बेला काम्दा र नछुङ नाच्दा नाचलाई तालमेल मिलाउनको लागि बजाइन्छ । ढयाङग्रो समाउने भागलाई मुर्रा भनिन्छ । यसलाई बजाउन मालिङगोको बाङगो-टिङगो जरा वा कुकुरडाइनु नभए बेतलाई बाङ्गो बनाएर गजा प्रयोग गरिन्छ। यसको बोल नाचअनुसार वा धामीझाँक्री अनुसार हुन्छ । धामीझाँक्रीले चिन्ता बसेर बिमारीको रोग चिन्ने र निको पार्ने मनोवैज्ञानिक चिकित्सा प्रणाली हो। बोन धर्मावलम्बी लगायत अन्य जातिहरूमा पनि ढ्याङग्रो बजाउने प्रचलन छ।

| | |
| --- | --- |
| ढयाङढयाङ<br>ढयाङढयाङ | ढयाङढयाङ<br>ढयाङढयाङ |

आदि । पुनश्च : यो ढयाङग्रो विभिन्न समुदायहरूले विभिन्न प्रयोजन र उदेश्य प्राप्तिका निमित्व प्रयोग गरेको देखिन्छ ।



चित्र.२१ क्यारछारी,स्रोत समिजक सञ्जाल

### ४.६.९ दाम्दोली/गेन्ताङ (मादल)

दाम्दोलीको बारेमा साधारणतया सबैलाई जानकारी छ । किरातीहरूले बाँसद्धारा निर्मित टुङ(यलम्वर बाजा) पछि ताल बाजाको रूपमा प्रयोगमा ल्याएको बुझिन्छ । मादल नृत्य, गीत गायन, तथा श्रव्य दुवै प्रयोजनमा ल्याउन सकिने बाजा हो । मादल पनि काठको ढुङ्गोखोलेर जनावरको पातलो छालाले मोहरेर छालाकै तानले तानि तन्काइएको हुन्छ । यसको बोल :-

| ताङ खत्ताङ ताङघिन घिनताङ | इत्यदि । |
| --- | --- |

मादलको आकार चाहिँ सानो वा ठूलो दुबै खालको बनाउन सकिन्छ । प्रकार चाहिँ ढुङ्गोलाई दाहिने तिर अलिक सानो र देब्रेतिर अलिक ठूलो बनाइएको हुन्छ । यसको दुवै तर्फ कडा खालको कोइला पराल पोलेर कुटेर त्यसमा लिटो वा गीलो भातसँग फलामको किट मुछेर गोलाकार बनाएर मसलाको रूपमा खरी राखिन्छ । साधारणतया दाम्दोली/मादललाई हातले बजाउदा दाहिने तिरबाट ताङ ताक जस्ता बोलहरू निकाल्न सकिन्छ भने देब्रे तिरबाट घिन खत जस्ता बोलहरू निकाल्न सकिन्छ । यी बोलहरूलाई तालको मात्रा अनुसार बिभाजन गरेर बोलहरू बजाउन सकिन्छ । यी बोलहरूलाई संयुक्त रूपमा पनि बजाइन्छ । यो बाजालाई अन्य समुदायहरूले आ-आफ्नो तर्कानाले व्याख्या गरेर चिन्दछन् ।



चित्र.२२ गेन्ताङ,स्रोत समाजिक सञ्जाल

### ४.६.१० सालिखुङ/चामाखि/मानिमो/झयाम्टा

जब मानिसहरू ढुङ्गे युग हुँदै धातुयुगमा आइपुगेपछि विभिन्न प्रकारका धातुका सामानहरू निर्माण गर्दै आए होला । त्यही मेसोमा सङ्गीतका बाद्यसामाग्रीहरू पनि निमार्ण गरेको देखिन्छ । त्यही युगदेखि कम्पन अथवा झङकार भएको ताल बाजाको ( Rhythm) रूपमा झयाम्टालाई प्रयोगमा ल्याएको देखिन्छ । यो बाजा काँस धातुबाट बनाइएको हुन्छ । यसको प्रकार चेप्टो र बीचमा खोपिल्टो जस्तो गहिरो हुन्छ । त्यही ठाउँबाट सानो प्वालपारेर डोरी बाहिर निकालिन्छ र त्यही डोरीमा समातेर खासगरी किरातीहरूले चाहिँ ढोल सँग संयुक्त रूपमा बजाउँदछन् । किरातीहरूको सांस्कृतिक पहिचान्को रूपमा नाचिने साकेला, स्याँदर, केलाङ जस्ता नाचहरूमा अनिवार्य रूपमा बजाइन्छ । जसको अभावमा ती नाचहरू फिक्का सावित हुन्छ । यो सामाग्रीलाई अन्य समुदायहरूले आफ्नो भाषामा विभिन्न नामले चिन्दछन् ।

झयाम्टाको बोलः-

| झयाम् झयाम्, ‖ झयाम् झयाम्, |



चित्र.२३ चामाखि, स्रोत सामिजक सञ्जाल

### ४.६.११ छेम्वीकेन/काँसेथाल/मछिना

यो काँसधातुबाट बनाइएको थाल जसलाई झर्केथाल पनि भनिन्छ । यो वस्तु बहुउपयोगी मानिन्छ । यसलाई सङ्गीत वाद्ययन्त्रको रूपमा पनि प्रयोग गरिन्छ । यसलाई एक छेउमा छेडेर डोरीले झुण्डाएर वा हातैले समाएर अथवा घोप्टोपारेर बँदेलको दाह्रा(लामोदाँत)ले अथवा अलिक कडा अरू कुनै गजाले बिस्तारै हिर्काउँदा त्यहाँबाट एक किसिमको झन्झनाहट ध्वनि तरंग आन्दोलित हुन्छ । यसरी अविच्छिन निस्किएका तरङ्गित ध्वनिलाई किराती नछुङहरूले आध्यात्मिक चिन्तनको समयमा नृत्य प्रस्तुत गर्दा प्रयोग गर्ने गर्दछन्। यो थाल बजाउँदा यसबाट निस्किएको ध्वनि तरंगलाई एकाग्र ध्यान,योग गर्नको लागि उपयुक्त ध्वनि मानिन्छ । यसको अतिरिक्त काँसे थाललाई दैनिक घरायसी कामको प्रयोगमा पनि यसको महत्वपूर्ण भूमिका रहेको छ ।

| | |
|---|---|
| ठयाङठयाङ<br>ठयाङठयाङ | ठयाङठयाङ<br>ठयाङठयाङ |



चित्र.२४ छेम्बिकेन, स्रोत सामाजिक सन्जाल

### ४.६.१२ सिलिमी/सिर्लिङमा/पमी

यो सिलिमी फलाम धातुबाट बनाइएको एकप्रकारको सहायक बाजाको रूपमा लिन सकिन्छ । यसले ढोल र झयाम्टालाई सहयोगी को रूपमा सिली नाच्दा प्रयोग गरिन्छ । यसबाट सिर्लिङ सिर्लिङ गरेर निस्कने आवाजले नृत्यमा जोशिलो फूर्तिलो अनुभूति गराउँदछ । यो सिलिमी अन्दाजी एक फुट जतिलामो फलामको सानो पाताको छेउ छेउमा मसिनो मुन्द्रीहरू झुण्डाइएको हुन्छ । जसलाई हातले हल्लाउँदा सिर्लिङ,छिर्लिङको आवाज निस्किन्छ ।

यसको बोलः

| सिर्लिङ सिर्लिङ | छिर्लिङ छिर्लिङ |
| --- | --- |



चित्र.२५ सिलिमी,स्रोत समाजिक सञ्जाल

**४.६.१३ कोङकेन/रिङमाकुङ/भर्चिङा/युलोङमा (मुर्चङ्गा)**

रिङमाकुङ फलाम,पित्तल,तामा धातुबाट निर्मित बाजा हो । आकारको हिसाबले निकै सानो भएतापनि यसको आवाजभने अत्यन्तै कर्णप्रिय छ । धातु युगको सुरुमा किरातीहरूले फलामको काम आफैगर्दथे । र त्यही युगदेखि नै किरातीहरूले पनि मुर्चुङगा बाजाको निर्माण गरेको बुझिन्छ । यो बाजा फलामको सानो छेस्को जत्रो हुन्छ । यसको बीचमा बाङ्गो प्रकारको केहीलामो जिब्री जडान गरिएको हुन्छ । सामान्यतया ओठले च्यापेर दाँतमा अडाएर जिब्रीमा हातको औँलाले कोट्याएर बजाउँदा यस बाट विभिन्न कीटपतङ्गको आवाजहरू जस्तै सङ्गीत उपयोगी ध्वीनलाई विभिन्न प्रकारका भाकाहरू निकाल्न सकिन्छ । मुर्चुङगालाई सुरक्षित राख्नको लागि किरात युवाहरूले मालिङगोको,बाँसको मसिनो ढुङ्गोबाट बुट्टेदार खोल बनाएर किरात युवतीहरूलाई सम्झना स्वरूप उपहार दिने प्रचलन पनि छ । मुर्चुङगाबाट उत्पन्न भएको ध्वनि वा आवाजलाई सुरकोरूपमा पनि प्रयोग गर्न सकिन्छ र तालको रूपमा पनि प्रयोग गर्न सकिन्छ । हाल यो मुर्चुङगा बाजा किरात समुदायमा मात्र सिमित नभएर विश्वको अनेकौ मानव समुदायहरूमा पनि विभिन्न आकार र प्रकारको मुर्चुङ्गा प्रचलित रहेको देखिन्छ ।



*चित्र २६ कोङकेन,स्रोत समाजिक सञ्जाल*

# अध्याय पाँच

# किरात मुन्दुम संस्कार

## ५.१ पृष्ठभूमि

जन्मदेखि मृत्युसम्म किरात राई समुदायले विभिन्न किसिमका संस्कारहरू गर्ने गर्छन् । वास्तवमा जन्मनुपूर्वबाट नै किरात मुन्दुम संस्कार सुरु हुन्छ । बुनहेक्मा वा बुखुन्दिमा पूजा गरेर किरात मुन्दुम संस्कारको सुरुवात हुन्छ र अन्तिम मृत्यु संस्कारबाट अन्त्य हुन्छ ।

साकेला गाउँपालिकामा १३ जातिको बसोबास रहेको छ । जसमध्ये किरात राई जाति सबभन्दा बढी ४३.६ प्रतिशत रहेका छन् । यस अध्ययनको उद्देश्य किरात मुन्दुमी संस्कार संस्कृतिको अध्ययन रहेकाले यहाँ किरात राई समुदायमा प्रचलनमा रहेका प्रचलनलाई समेटिएको छ ।

## ५.२ खराधिम्मा/बुनहेक्मा/बुखुन्दिमा

यो पूजा आधा शताब्दी वर्षअघिसम्म गर्ने चलन थियो तर पछिल्लो समय छोडिदै आएको र गर्भवती महिला बिमारी भएमा गर्ने चलन चाहिँ कतै कतै अवशेषका रूपमा १५-२० वर्ष अगाडिसम्म पनि थियो । तर आधुनिक चिकित्सा प्रणाली अभ्यासमा आएसँगै डाक्टरको औषधि वा स्वास्थ्य संस्थाहरू आएपछि बुखुन्दिमा पूजा गर्ने चलन हराउँदै गएको बुझिन्छ । विशेष गरेर बच्चा बसेको थाहा पाएपछि दुई महिनादेखि तीन महिनाभित्रमा गर्ने चलन थियो । यो पूजा घर नजिकैको बारीको कोल्टो-कोल्टो पाटामा गर्ने गरिन्थ्यो । यो पूजा गर्नुको उद्देश्य नानी आमाको पेटमा हुँदा बिमारी नहोस्, आमालाई दुःख नदेओस् र सग्लो जन्मोस् भन्ने कामनाका लागि हुन्छ । यो पूजा भएपछि गाउँको, घरको सबैले उनको बारेमा मिठो र उनलाई मन पर्ने खाना ल्याइदिने चलन थियो । आमा, बजुहरूले श्रीमान्सँग सुत्दा विचार गर्नुपर्ने कुराहरू सिकाउँदथे । बस्दा, उठ्दा, हिँड्दा ध्यान दिनुपर्ने, खाँदा ध्यान दिनुपर्ने कुराहरूको बारेमा अवगत गराउँदथे । पहिलो बच्चाको आमा हुँदै गर्दा बेलुका दिदी, बहिनीहरू आएर सुत्न साथी दिने गर्ने चलन थियो । सुत्केरी हुँदा आवश्यक खानेकुराको दुःख नहोस् भनेर कसैले कुखुरा पाल्ने, कसैले चामलको, कसैले घिउ, तेल, कसैले कपडाको जोहो गरिदिने चलन थियो । अझ घाँस काट्न जाँदा, मेलापातमा पनि सँगसँगै जाने गर्दथे । श्रीमान्ले पनि श्रीमती गर्भवती भएपछि काटमार गर्न नहुने, गोठमा चोयाहरू बाँध्न नहुने, सर्प मार्न नहुने र श्रीमतीलाई गर्नुपर्ने व्यवहारको बारेमा पूजाको दिन सम्झाउने बुझाउने चलन थियो ।

**पूजामा प्रयोग गरिने सामाग्रीहरू यस प्रकार छन् :**

- .फुटेको बुछालु (माटोको भाडा)को एक पाटो
- जाँड निचोरेको छोका एक टपरी
- एक टपरी फूलखरानी
- केराको थामा

- सेतो फुको धागो
- आगो बाल्ने

खरधिम्मा (दोजिया)लाई काठको पिरामा राखेर उनको दाहिनो र देब्रे दुबै खुट्टाको बुढी औँलाबाट धागो कसेर केराको थाम राख्ने सात फन्को कसैले एक फन्को र कसैले तीन फन्को घुमाउने गर्दछ। फुटेको बुछालुको पाटा (बुख्या)मा छोक्रा र खरानी मुछेर भाडाको एक पाटोमा मुन्दुम गर्दै हान्ने गर्दछ भने कतै छोक्रा र खरानी मुछेर टपरामा घरको आकार बनाएर मुन्दुम गर्ने चलन पनि थियो भन्ने छ। कतै कतै पोथी, कतै अण्डा, र कतै अण्डा, पोथीबाहेक गर्ने चलन पनि थियो। यस समयमा कसै कसैले मावलीहरूलाई पनि बोलाउने चलन थियो भन्ने छ । कतै छिमेकीहरूलाई बोलाउने र कतै बजुखालहरूलाई मात्रै बोलाएर पूजामा सहभागी गराउने चलन थियो। यो दिनमा सबै कुरा बच्चाको बुबा, आमालाई सिकाउनुपर्ने, घरको मान्छेहरूले ख्याल राख्नुपर्ने सबै कुराहरू भन्ने गरिन्थ्यो। यो पूजा गर्दा धामी वा सदुङपाले गर्ने चलन थियो भन्ने छ। यो पूजा विशेष गरेर बिहान झुल्के घामको साथमा गर्ने चलन छ।

माथिको भनाइहरूबाट यो स्पष्ट हुन्छ कि किरात राईहरूको संस्कार मानवमैत्री रहेको देखिन्छ। बुखुन्दि दुँवा (गर्भपूजा)ले एउटा गर्भवती महिलाले पाउनुपर्ने सेवा सुविधाको बारेमा उल्लेख गरेको छ। यसले गर्भ अवस्थामा हुनुपर्ने तथा गर्नुपर्ने सबैखाले चेतना कर्तव्यको बारेमा सचेत गराउने र आमा एवम् बच्चाको राम्रो स्याहार सम्भार होस् भनेर यस कार्यले सन्देश दिएको देखिन्छ । यो मानव जीवनको पहिलो पद्धति हो।

## ५.३ हियाफ्रमा

जब बच्चा जन्मछ त्यो बेलामा हियाफ्रमा गर्ने गरिन्छ। यो कोकु वा घरको महिलाले गर्ने गरिन्छ। छोरा भए भाले र छोरी भए पोथीकुखुरालाई सुत्केरीको जिउमा खुट्टाले तीन चोटी कोरेर कसैले छोरी पठाउँछ। यसको अर्थभने कुखुराको खुट्टाले कुलचेर रोगलाई टाढा पठाइदिन्छ भन्ने छ। तर कसैले दबिलोले कुटिमारेर सुत्केरीलाई खान दिने चलन पनि छ । स्रोत व्यक्तिहरूले सुनेको कथाअनुसार सुत्केरी अवस्थामा आमा अचेत भएर धेरै खुन बगेर गयोर मरयो र त्यसपछि यो हियफमाको सुरुवात भयो भन्ने छ। हिया+फमा=को अर्थ खून छुटाउने वा बच्चादानीमा रहेको खून र आमाको शरीरको खूनलाई फरक फरक गर्ने भन्ने देखिन्छ। खून बग्दा बच्चाको घरमा रहेको खून जानुपर्छ गएन भने यसले रोगल्याउछ र सुत्केरी मर्न पनि सक्छ। यो खून बगेर जानु नै पर्छ भन्ने छ। तर खून बग्ने कममा आमाको शरीरको पनि खून बग्नु चाहि आमाको ज्यानको खतरा हो। कतिले कुखुराको नङले कोर्दा सुत्केरीको शरीरको मरेको नसाहरू चल्न सुरु गर्छ र उनी अचेत हुँदैन भन्ने छ। कसैले कुखुराको प्वाखहरू डढाउँदा मामाहिलावा जो पहिला सुत्केरी अवस्थामा मरेका थिए उनीहरू टाढा टाढा भाग्छन् भन्ने विश्वास पनि रहेको छ। त्यसैले यो पुर्खाहरूले आध्यात्मिकता अपनाएको हो भन्ने बुझिन्छ। यो मानव जीवनको दोस्रो पद्धति हो।

## ५.४ नुङवैमा/मलिडा पमा (न्वारन)

न्वारन यसपालिकाका मुन्दुमी राईहरूले मसान्त नपरेको खण्डमा छोराको छ दिन र छोरीको पाँच दिनमा गर्ने चलन रहेको छ । यो कार्यको प्रमुख विशेषता बच्चाको कान छेड्ने गरिन्छ र हातमा, कम्मरमा, खुट्टामा सेतो फुको धागोको डोरी बाटेर लगाइदिने गरिन्छ । कान छेड्दा 'मेरो मेरो' भन्ने गरिन्छ । कान नछेडेसम्म भगवानकै हुन्छ भन्ने विश्वासका कारण यसो भनिएको हो । कानमा डोरी, कम्मरमा कन्धनी र हात र खुट्टामा कल्लीको रूपमा धागो बाटेर लगाएपछि, सुप्तुलुङमा (कुलमा) नवजात शिशुको नाम दर्ता गरिन्छ/गराइन्छ । उनलाई यो बेलामा पितृहरूसँग चिनाउने नाम राखिन्छ । यसैले कसैले यसलाई नुङवैमा भन्ने बुझेको देखिन्छ । यदि कुलमा नाम दर्ता भएको छैन भने मृत्यु संस्कार गर्दा उसलाई पितृले चिन्दैन र बाटो अलपत्र पर्छ भन्ने आध्यात्मिक विश्वास रहेको छ । छ दिन र पाँच दिनको बारेमा विभिन्न भनाइहरूको आधारमा प्रकृति विज्ञानसँग सम्बन्ध रहेको पाइन्छ । छोराहरूको ज्ञानेन्द्रियहरू वा अङ्गहरूको विकास भन्दा छोरीहरूको अङ्गहरूको विकास अलिक छिटो हुने प्राकृतिक नियम देखिएकोले पुर्खाहरूले यो नियमलाई पालना गरेको बुझिन्छ ।

न्वारनमा विशेष गरेर कोकु (बजु)हरू अझ सम्भव भएमा मावली कोकुहरू, घरको कोकुहरू मिलेर गर्ने चलन छ । यो बेलामा बच्चाको आँखा, कान, खुट्टा, हात सबै राम्रो चलोस्, दिशा पिसाब राम्रो होस्, उभो जाँदा भोटसम्म जाओस्, उँधो जाँदा नियामा (मधेश) सम्म जाओस् भन्ने आशय व्यक्त गरिन्छ । यसैले भोट गएको बेला गोरो हुने र मधेश गएको बेला बच्चाको अनुहारमा कालो हुने गरेको वर्णन गरेको पाइन्छ । न्वारन गर्दा कोक्रो एकै दिनमा बनिसक्नुपर्ने विश्वास छ । कोक्रोमा छोरा भए कर्द र छोरी भए खुर्मी सिउरने चलन छ । छोरीको लागि थाक्रो काङगियो, तान बुन्ने रासी जुवा र छोराको लागि हलो जुवा उनको नाममा दलिनमा सिउरिने गरिन्छ । बच्चाको नाम तिथिमिति वा बच्चाको हाउभाउ हेरेर राखिदिने गरिन्छ । नाम राख्ने पहिलो अधिकार आमा बाबुलाई हुन्छ र यसपछि कोकु कोक्पाहरूको हुन्छ । पहिला पहिला सात मूलको पानीमा तितेपाती, हर्रा, दुबो र सिरु माटोको सानो भाँडो (छयातिवा)मा राखेर आमा बच्चा र घर आँगनको सबैतिर छर्केर चोखो बनाउने काम हुन्थ्यो भने पछि गाईको गउतको प्रयोग गरेर पनि चोख्याउने चलन थियो भन्ने गरिन्छ । यो जीवन पद्धतिको तेस्रो पद्धति हो ।

## ५.५ द्यो पम्मा/अन्नप्राशन

द्यो पम्मा छोराको भए छ महिना र छोरीको भए पाँच महिनामा गर्ने गरिन्छ भन्ने भनाइहरू रहेको छ । छोरीहरूको पाचन प्रणाली छोराहरूको भन्दा चाँडो हुने भन्ने बुझिन्छ । मुन्दुमले प्रकृतिलाई गुरु मान्ने भएको कारणले पनि प्रकृतिमय नीति नियमलाई मान्यता दिएको देखिन्छ । यसले बच्चाले अब प्राकृतिक रूपमा नै अन्न खान र पचाउन सक्ने भयो भन्ने कुराको जनाउ दिन्छ ।

द्यो पम्मा कार्यमा दिदी वा फुपूहरूले बच्चालाई पक्रने र जे खाने गरेको छ घरपरिवारले त्यो खुवाउने गरिन्छ । पहिला आमा बाबुले खुवाउने र पछि अन्य सबैले पालैपालो खुवाउने गरिन्छ । खुवाउँदा पहिला काठको सफा चैटा बनाएर खुवाउने चलन थियो पछि भद्रायोको चुच्चोले खुवाउने

चलन आयो भन्ने गरिन्छ । काठको चैटाले खुवाउँदा कुनै पनि रोगहरू लाग्न सक्दैन भन्ने विश्वास छ । भद्रायोको चुच्चोले खुवाउँदा छिटो बोली फुट्छ भन्ने विश्वास गरिन्छ । तर अहिले पैसाले खुवाउने चलन छ । सम्भवत द्यो पम्मा गरेपछि बच्चा बोल्ने प्रक्रियातिर लाग्छ भन्ने भनाइ पनि रहेको छ । यो कार्यमा मावलीहरू अनिवार्य सहभागी हुनु पर्दछ र मावलीको सायाचोङमा (शीर उभाउनु) गर्नु पर्दछ । यो जीवन पद्धतिको चौँथो पद्धति हो ।

## ५.६ टुइईमा/गुन्यू चोलो

छोरीलाई बिजोडी वर्षमा गुन्यू चोलो दिने गरिन्छ भन्ने स्रोत व्यक्तिहरूको रहेको छ । विभिन्न भनाइहरूलाई अध्ययन गर्दा जब छोरीहरू रजस्वला हुने अवस्थामा पुग्छन् त्यो समयमा उनलाई सचेत गराउने एउटा प्रक्रिया पनि हो । यो बेलामा उनको शरीरको अवस्था असामान्य भएर आउँछ । मनोविज्ञान फरक भएर आउँछ । यसलाई नियन्त्रण गर्ने क्षमताको विकास गर्ने शिक्षा वा ज्ञान दिने एउटा विधिको रूपमा रहेको पनि देखिन्छ । यो कार्य भइसकेपछि स्वेच्छिक रूपमा छोरी आफैले स्वस्फूत सामाजिक र असमाजिक कुरालाई बुझ्न सक्दछ भन्ने आशय पनि देखिन्छ । यसैले यो कार्यलाई रीतिथितिको रूपमा मुन्दुमी समाजले गर्दै आएको देखिन्छ । आध्यात्मिक विश्वासमा गुन्यू चोला नगरी विवाह गर्न मिल्दैन । विवाह गर्नुअगाडि अनिवार्य गुन्यू चोलो संस्कार गर्नुपर्दछ नत्र विवाह अफाप हुन्छ भन्ने कुरा रहेको पाइन्छ । यस कार्यमा मावलीहरूको सहभागिता अनिवार्य मानिन्छ । मावलीहरूले टीका नलगाई र मावलीको शीर नउभ्याई कुनै पनि कार्य पूर्ण हुँदैन भन्ने विश्वास गरिन्छ । हरेक मुन्दुमी कार्यमा छोरीचेली र मावली अनिवार्य पाहुनाको रूपमा सहभागिता गराउनुपर्छ भन्ने मान्यता रहिआएको छ । यो जीवन पद्धतिको पाँचौ खुड्किला हो ।

## ५.७ टखोमा (छेवर)

टखोमा ३, ५, ७, ९, ११ वा बिजोडी वर्षहरूमा गर्ने चलन छ । मावलीले पहिला केस काट्ने र चेलीले टपरामा केस थाप्ने र नदेखाइकन फूलबारीमा राख्ने चलन छ । कति ठाउँमा गाईको दाम्लाले बाँधेर मामाले केस काट्ने चलन पनि छ । मामा नभएको खण्डमा आमा आफैले काटिदिने चलन छ । त्यस्तै आमासमेत नहुँदा एकाघरका दाजुभाइभन्दा बाहिरका व्यक्तिले कपाल काटिदिने चलन रहेको छ । छेवर नगरी मान्छे मरेमा उमेर पुगेकै भएपनि चिहानमा राख्न मिल्दैन भन्ने विश्वास रहेको पाइन्छ । यदि मृत्यु भएमा कोक्रोमा राखेर छाबुल्ला (ढुङ्गाको ओडार)मा राख्ने गरिन्छ र उनको बर्खान्त सानो बच्चाको जस्तै गरिन्छ । जसको कारण उनको आत्मा बाटो लागेको हुँदैन र परिवारलाई दुःख बिमार गराइरहन्छ भन्ने विश्वास रहेको छ । छेवर गरिसकेपछि उसले समाजको कामहरू गर्न रीतिथिति गर्न बाटो खुल्छ भन्ने अर्को भनाइ रहेको छ । आमाबाबु कोही मरेमा उसले चिहानमा जान पाउँछ, चाछुवा दिन पाउँछ भन्ने मत पनि रहेको छ । यो छोरा मान्छेको पाँचौं जीवन पद्धति हो ।

## ५.८ रुङरीकाम्मा/रुङरीखम्मा (विवाह)

रुङरीकाम्मा वा रुङरीखम्माको मूल मर्म द्योलैमा र नामेवमा हो भन्ने बुझिन्छ ।

क)   **द्योलैमा वा वाक्दान/वाक्दत्ताः**

छोरीलाई ज्वाइँको घरमा पठाउँदा वाक्दत्ता बोलिने कुरा महत्वपूर्ण हो । यो भनेको छोरीलाई माइतको सुप्तुलुङको पापालुङबाट छेकुलुङ वा रमिलुङमा सार्ने प्रकृया हो । अथवा माइत कुलको सुप्तुलुङबाट घर कुलको सुप्तुलुङमा सार्ने प्रकृया हो । न्वारानमा छोरीको नाम माइत पट्टिको कुलमा दर्ता भएको हुन्छ । विवाह गरेर जाँदा दर्ता गरिएको नामलाई त्यहाँबाट हटाएर बेहुलाको कुलमा दर्ता गराउने प्रमाण प्रदान गर्नुपर्छ । अर्थात् चेली अब बेहुलाको कुलमा जाँदैछ भनेर सुप्तुलुङमा जानकारी गराउनुपर्छ । यसपछि मात्र माइत पट्टिको कुलले उनलाई पाहुनाको रूपमा हेर्ने गर्दछ भन्ने भनाइ रहेको छ । माइत पट्टिको कुलबाट निकालेपछि मात्र घरको कुलमा दर्ता गर्न मिल्छ नत्र माइत पट्टिको कुलले रोक्छ भन्ने विश्वास रहेको छ । यसो गरेपछि मात्र घरपट्टिको कुलले उनको रक्षा गर्दछ र बुहारी वा घरको हकदारको रूपमा अपनाउँछ । अथवा पक्का बुहारी भयो भन्ने बुझिन्छ । पक्का बुहारी भएपछि मात्र पितृहरूको निम्ति गरिने हरेक कार्यमा बुहारीले दिएको खानेकुराहरू पितृहरूले ग्रहण गर्दछ भन्ने गरिन्छ । उनलाई परिवारको रूपमा आशीर्वाद दिने गर्दछन् वा रेरेवा कुकुवा गर्दछन् भन्ने आध्यात्मिक विश्वास रहेको पाइन्छ ।

वाक्दत्ता दिँदा र लिदा दुवै पट्टिको आधिकारिक व्यक्तिहरूको रोहवरमा बेहुला र बेहुलीलाई सँगै सुप्तुलुङको अगाडि राखेर सामाजिक कानूनको व्याख्या गरेर बाचा गर्ने गरिन्छ । यो बाचा पूरा गर्न सकेन भने बेहुलाले, बेहुलीलाई उखुन्डी गरेर कन्या बनाएर लाने प्रथा पनि रहेको थियो । बेहुला पक्षबाट दिएको बुलुखुङ, वाछुक्ष्नरी सबै फिर्ता दिएर इज्जतको साथ बाबु माइतीसँग बाबुको घर जान सक्छ । र अर्को बिहे पनि चाहेको खण्डमा गर्न पाउँछ । उनी कन्या छोरी सो सरह नै हुन्छिन् । तर पछिल्लो समय खासै यसको प्रयोग भएको पाइदैन । आजभोलि धेरै भागी विवाह वा प्रेम विवाह गर्ने चलन आयो र माइती पक्षले पहिला जस्तो छोरीचेलीलाई सुरक्षा गर्ने मान्ने चलन पनि हराउँदै गएको छ । यसमा आधुनिक तथा बाह्य संस्कृतिको प्रभाव परेको देखिन्छ ।

बेहुलीले बाचा पूरा नगरेमा माइती पक्षको स्वीकृतिमा अर्को विवाह गर्न पाउने चलन छ । बेहुलीले तलमाथि गरेर अर्को विवाह गरेमा बेहुला पक्षले जारी उठाउने चलन छ । यो बेलामा माइती पक्षले पनि छोरीलाई साथ दिँदैन । छोरीले अर्को विहे गरेर गएमा साइनो मेटिने चलन पनि रहेको छ ।

ख)   **नामेवमा** (बुहारी भित्र्याउनु)

नामेवमा भनेको अर्थ बुहारी घरमा ल्याइन्छ र बुहारीलाई कुलमा नाम दर्ता गरिन्छ भन्ने बुझाउँदछ । कुलमा नाम दर्ता गरेपछि मात्र कुले मान्ने र रेरेवा कुकुवा (सुरक्षा, संरक्षण) गर्ने र मृत्यु कार्यमा कुलले लिने गर्दछ । सुप्तुलुङमा विधिगत बुहारीलाई देखाएको छैन भने कुलले उनलाई लिदैन भन्ने गरिन्छ । माइतको सम्पूर्ण हक अधिकार श्रीमान्को घरमा स्थानान्तरण गर्ने र उनी अबदेखि यो घरको आधिकारिक सदस्य हो भनेर बुझिन्छ । कुलमा नाम दर्ता नगरेसम्म उनी पाहुनाको रूपमा मात्र रहेको हो भन्ने कुलले बुझ्दछ भन्ने गरेको पाइन्छ, र उनलाई कुलमा समावेश नगरेसम्म बिमार

लागेमा उपकार लाग्दैन भन्ने विश्वास गरिन्छ । उनीबाट जन्मेको छोराछारी पनि कुलबिहीन हुन्छ भन्ने भनाइ पनि रहेको छ ।

## ५.९ सिरा रिलुङ (मुत्यु संस्कार)

सिरा रिलुङ मृत मानिसलाई नछुङले सुप्तुलुङबाट निकालेर मम्माटमा पानी खुवाउन लाने गर्दछ भन्ने विश्वास छ । यो उनको पुर्ख्यौली थलो वा पुर्खाहरूले पहिला पानी खाएको वा बसोबास गरेको स्थान भन्ने बुझाउँदछ । यसपछि सोलामा हालेर रम्माला (चिहान) मा लाने गरिन्छ । प्रायजसो सबै पाछाको आ-आफ्नो रम्माला रहेको पाइन्छ । रम्मालामा राखेपछि मलामी मान्छेहरूको सातो मृत मानिससँग नजाओस् भनेर सातो निकाल्ने गरिन्छ । नछुङ रम्मलामा जानु हुँदैन भन्ने विश्वास छ । एक माना चामल, उनले चलाएको सामानहरू, फुटेको बुछालु (माटोको भाडा)मा खाचा (जाडको छोका) छ भने मछामाको राखिदिने चलन रहेको छ । धारा नजिकै वा कुवा नजिकै छयोक्मा (सिस्नु) सिरु, पाम्पेमा (ऐसेलुको) बोट राखेर मृतकको आत्मालाई बाटो छेकी कोरामा बस्नेहरूको केस काट्ने चलन छ । मलामी सबैलाई सिरु वा सिस्नु पानीले छर्केर चोख्याउने गरिन्छ । एक रात कोरामा बस्ने र भोलि बिहानै नुनतेल छोएर चोखिने चलन छ । मसान्त परेमा रातको बाह्र नबज्दै नुनतेल छुने चलन पनि रहेको छ । कपाल खौरनेदेखि चोखिने समयसम्म भानिज वा घरको ज्वाईंले खाना खुवाउने, बाहिर लैजाने काम गर्नुपर्ने चलन छ ।

सुप्तुलुङमा आयोकी कहाँ बस्छ भनेर स्योम्दी (सोध्ने कार्य धामी बसेर मृत मानिसको आत्मालाई) गर्ने गरिन्छ । मृत मानिसको आत्माले भने जस्तै फूलबारी वा बलेसी, वा कहीँ ठाउँ पाएन भने पनि बिजुवाले बाटो लगाउने काम गर्छ । यो कार्य बेलुका ढोल बजाएर गरिन्छ । कुलमा जान्छ भने बिहान सुप्तुलुङ पुज्ने नछुङले पितृलाई जिम्मा दिने काम गर्दछ । यसरी अन्तिम कार्य गरिन्छ । यसमा मावली, माइती पक्षहरू आउन जरुरी हुन्छ । छोरी मान्छेको हो भने माइती र छोरा मान्छेको हो भने मावली अनिवार्य अन्तिम कार्यको दिन सम्ममा जसरी भएपनि आइपुग्नुपर्छ । छरछिमेकी दाजुभाइ, छोरीचेली सबै भेला हुने गर्दछ ।

## ५.१० अन्य चलन तथा संस्कारहरू

अघिल्लो अध्यायमा उल्लेखित जीवन पद्धति वा संस्कारबाहेक अन्य चलन तथा संस्कारहरू पनि साकेला गाउँपालिकामा रहेका छन् । तिनले समाजलाई जीवन्तता दिएका छन् भने अर्कातिर पालिकाको पहिचान पनि कायम भएको छ । यहाँ अन्य चलन तथा संस्कारहरू प्रस्तुत गरिएका छन् :

५.१०.१ विभिन्न प्रचलनहरूमध्ये थ्यार्पालुङ वा चौतारा बनाउने प्रचलन पनि साकेला गाउँपालिकाको सुन्दर पक्ष छ । विशेष गरेर मृत मानिसहरूको नाममा चौतारा बनाउने चलन पहिलादेखि नै रहिआएको देखिन्छ । यहाँ मृतकहरूको आत्मा आएर बस्ने गर्दछ भन्ने जनविश्वास पनि छ र यहाँ बस्दा थुथु गरेर तितेपातीको मुन्टा सुँघेर बस्ने चलन छ । चौतारा मृतकको बर्खान्तको दिन बनाइसक्नु पर्दछ र त्यो दिन मृतकको नाममा छोरीचेली, भान्जा,

भान्जीहरूलाई त्यहाँ लगेर टीका लगाइदिने, दान गर्ने र मिठो मसिनो खुवाउने चलन रहेको छ ।



*चित्र १—थ्यार्पालुङ (चोतारा, स्रोत जीतेन राई)*

### ५.१०.२ खिम दुवाँ/वाइलिङमा दुवाँ/वालुङरी दुवाँ (घर पैसा, घर देवताको पूजा, धुरी पूजा)

साकेला गाउँपलिकामा मुन्दुमी चलनअनुसार नयाँ घर बनाइसकेपछि खिम दुवाँ/वाइलिङमा दुवाँ/वालुङरी दुवाँ (घर पैसा, घर देवताको पूजा, धुरी पूजा) कार्य गरिन्थ्यो तर अहिले यो हराउँदै गएको भन्ने गरेको पुर्खाहरूको भनाइ रहेको छ । यसलाई पछिल्लो समयमा घर पैसा/घर पैचो भन्ने चलन रहेको छ । यसको ठ्याक्कै अर्थ नलागेता पनि खस पर्वते भाषामा घरमा पितृ राख्ने कार्य हो भन्ने बुझिन्छ । मुन्दुमीहरूको पनि यसमा विभिन्न मत रहेका छन् । जस्तै;

कसैले घर पैसा भनेको खिम दुवाँ वा घरको पूजा हो भन्ने गरेका छन् । कसैले पहिलो घरको कल्पनाकार वाइलिङमा भएकोले उनको पूजा गर्नु भनेको उनलाई प्रार्थना गरेको हो भन्ने गरिन्छ । वाइलिङमाको पूजा गर्नु भनेको घरमा राम्रो होस् उनको आशीर्वाद सधैं रहिरहोस् भन्ने रहेको छ । कसैकसैले वालुङरी दुवाँ भन्ने गरेको पाइन्छ । यो भनेको घरको धुरीलाई पूजा वा पवित्र बनाउने भन्ने रहेको छ । विशेष गरेर यसको पूजा गर्नुको अर्थ भनेको आजसम्म जोजो बसेता पनि आजबाट मानव बस्ने घर भएको छ भन्ने हो । साथै, घरमा आगो नलागोस्, कुलको बास होस्, सुख शान्तिले भरिपूर्ण होस् भन्ने आशय रहेको पाइन्छ ।

अध्ययन अवलोकनमा पाइएअनुसार यसको प्रक्रिया नयाँ घर बनाएपछि भाले काटेर धुरी नघाउने चलन रहेको छ । करिब तीन पटकसम्म भालेले धुरी नघाउने चलन छ । यति गरेपछि कुनै पनि अशुभ हुँदैन भन्ने जनविश्वास छ । अबदेखि यहाँ कुनैपनि किसिमको नराम्रो आत्माहरूले बास नगरून्, सधैं शुभ होस् भन्ने सङ्कल्पका साथ भालेलाई धुरीको वारपार गर्ने गरिन्छ । हावा पानीबाट बचाओस्, घरमा आगो नलागोस्, घरमा बस्ने मानिसहरूको सुरक्षा गरोस्, अन्नपानीको सह बसोस् भनेर सुप्तुलुङमा पूजा पनि गर्ने र घरको साया (शीर) उठाउने चलन रहेको छ । सबै छरछिमेकी, छोरीचेली, नातागोतालाई

बोलाउने रीति छ । यो बेला सरहा (सघाउनी) स्वरूप चारुङ (चामल), आराखा (रक्सी), वासिम (जाँड) र कसुङ (पैसा) पनि कसैकसैले दिने गर्दछन् । सुप्तुलुङ नराखेको घर ओडार मात्र हो भन्ने विश्वास छ र खिम दुवाँ नगरेको घरमा घरको साया ढल्छ भन्ने विश्वास छ । खिम दुवाँ गर्दा सबै धुरी, बलो, छानो, खाँबो, थाम, गारो सबैको साया उठ्छ र घरलाई बलियो बनाउँछ भन्ने विश्वास छ । साथै घरको परिकल्पनाकार पुर्खा वाइलुङमालाई आशीर्वादको लागि प्रार्थना गरेको हो भन्ने भनाइ पनि रहेको पाइन्छ ।

५.१०.३ बारासी ध्योला (ढोल), चामाखी (झ्याम्टा)हरू बन्द गरेपछि विवाहको माङे गर्दा बाहेक अरूमा निकाल्नु, बजाउनु हुँदैन भन्ने चलन तथा विश्वास छ । यदि अरू बेला पनि बजाएमा जङ्गली लाग्ने वा बिमार हुने र पितृ पुर्खाहरू, कुल देवता, मछामा, चारिकु लिप्तीकुहरू रिसाउने विश्वास गरिन्छ । ढोल झ्याम्टा विशेष गरेर साकेलाको समयमा पितृहरूलाई खुउल (प्रार्थना) गरेर बजाउन अनुमति लिने र उनीहरूलाई नै प्रार्थना गरेर बजाउन बन्द गर्ने चलन छ । बन्द गर्दा कहिले फेरि बजाउने भन्ने करा सबै बक्साएर राख्ने गरिन्छ । यो बाहेक विवाहमा बजाउने गरिन्छ र यसको लागि मछामालाई बक्साएर मात्र बजाउने गर्नुपर्छ भन्ने मान्यता रहेको छ । खेतीपातीको निरन्तरमा देखा परेको पात्र हँछाबुङले आमाले दिएको मुन्दुमअनुसार विभिन्न प्रजातिको काठबाट केन बनायो आखिरिमा बारासि (कटहर)को काठबाट बजेको आवाजले मात्रै खोतीपाती गर्ने माटोहरूको आत्मा जागेको, पानीको आत्मा जागेको, मेरी (मुसुरे कटुस)को बोटको वरिपरी राखेको बीऊहरूमा आत्मा जागेर टुसाएको, र सम्पूर्ण प्राणीजगतलाई बचाएको भन्ने हँसुङ (प्रार्थना), त्यत्ति ( सृष्टिकथा), रिलुङ (चरण)हरू र शसि (प्रणाली, प्रथा) मुन्दुमहरूले व्याख्या गर्दै आएको छ भन्ने बुझाइ रहेको छ । हँसुङ, त्यत्ति, रिलुङ र शसि मुन्दुमहरूले नै अन्नपानीको सहको देवता वा पितृ तथा पुर्खा घरको मछामा हो भने सम्पूर्णको प्रकृतिको पितृ वा पुर्खा तथा देवता साकेला हो भन्ने भनाइ रहेको पाइन्छ । यसैले नियमभन्दा बाहिर जहिले पायो तहिले बजाउँदा देवताहरू तथा प्राकृतिक आत्माहरू नै अलमलमा पर्ने भएकोले रिसाउँछन् र खेतीपाती बिग्रिन्छ, प्रकृतिको नियमहरू भत्किन्छन् भन्ने मनोविज्ञान रहेको पाइन्छ ।

५.१०.४ नयाँ अन्न र नयाँ अदुवाहरू छौवा/न्वागी छेम्मा + दुँवा = छौवा, छेम्म - महिला पुर्खा, दुँवा-पूजा वा अन्नको पुर्खा बजुको पूजा/अन्नको देवता भन्ने बुझिन्छ । कथाअनुसार न्वागी भन्नाले जब लेहेना (महिला पुर्खा जो पानी मुनि बस्थे)को विवाह पतेन (पुरुष पुर्खा, जो आकाशमाथि बस्थे) सँग हुन्छ तब उनीहरू धरतीमा बस्ने निधो गर्दछन् र बस्छन् । उनीहरूले लगाएको खेतीपाती केही पनि राम्रो हुँदैन र दुवै मिले लेहेनाको आमालाई सोध्न जान्छिन् र लेहेनाको आमाले एउटा लामो ढुङ्गो दिएर पठाउँछिन् र त्यसलाई चोखो ठाउँमा राखेर मुन्दुम गर्न सिकाइ दिन्छिन् । आमाले भनेजस्तै गरेपछि उनीहरूको खेतीपाती राम्रो हुन्छ । उनीहरूले हरेक अन्न पाकेपछि त्यो ढुङ्गालाई थान स्थापना गरेको ठाउँमा अन्नको सहदेवताको प्रतीक मानेर चढाएर मात्र खाने गर्दथे । यसैलाई न्वागी भन्ने गरेको हो भनेको पाइन्छ । भनाइ फरक रहेता पनि पात्र र मान्ने उद्देश्य भने एउदै देखिन्छ । कसैले यसलाई

न्वागी र कसैले यसलाई छौवा भन्दै गएको हो भन्ने तर्क पनि भेटिन्छ । यसैको विकास क्रम मछामा, र साकेलाको साथै मामालुङ रहेको पनि पुर्खाहरूको भनाइले बुझाउँदछ ।

अहिलेसम्मको जन विश्वासमा छौवा पूजा नगरी खान हुँदैन र खाएमा मुख बाङ्गिने, घाँटी बटारिने भन्ने विश्वास छ । र, कसैले अन्जानमा खाएमा छेमा पूजा गर्ने चलन छ । छौवा नगरी खाएमा, खाएको अन्नले रोग ल्याउँछ भन्ने भनाइहरू रहेको छन् ।

५.१०.५ साकेला गाउँपालिकाको अर्को विशेषता भनेको असारे रोपाइँमा बेठी लगाउने हो । यो समयमा दमाइ सहुदाय नौमती बाजा बजाएर खेतको वरिपरी नाच्ने, बेठी गीत गाउनेहरू गाउँदै रोपाइँ रोप्ने र सयौं मुरी धान फलोस् भनेर आशीष दिने चलन रहेको थियो । रोपा रोप्न सक्दै गर्दा खेतको सबै भन्दा ठूलो गह्रा छानेर बिउको मुठा मुठा रोप्दै खेतको धनीलाई बोकेर घुमाउँदै अन्त्य गर्ने चलन गरेको पुर्खाहरूले बताउने गरेको पाइन्छ । तर पछिल्लो समय युवा पुस्ताहरू सबै पढ्न र रोजगारीको लागि शहर तथा विदेश जाने र उतै बस्ने भएकोले यो कार्य पनि कथनमा मात्रै सीमित हुन थालेको देखिन्छ । यो समुदायको लागि मात्र चिन्ताको विषय होइन, सम्पूर्ण राज्यकै चिन्ताको विषय हो ।

५.१०.६ माघे संक्रान्तिको दिन सबैले खलिसकी (वन तरुल), खालसकी (गिठा भ्याकुर) खाने चलन छ । विशेष गरेर यो बेलामा खलिसकी र खालसकीको स्यावा (बाहिरको फल) यसको लागि अघिलो दिनमा नै मानिसहरू जङ्गलमा गएर वन तरुलको जरा खनेर र गिट्ठा भ्याकुरको स्यावा (दाना) टिपी ल्याएर उसिनी भोलिपल्ट खाने चलन छ ।



*चित्र,२ खलि सकि,स्रोत सामाजिक सञ्जाल*



*चित्र,३ खलि सकिको बोट,स्रोत सामाजिक सञ्जाल*

यसरी खाएपछि वर्षभरीको चिसो जान्छ र शरीरलाई तातो बनाउँदछ भन्ने विश्वास गरिन्छ । तरुल पितृ पुर्खाहरूको नाममा चढाउने तथा उहिलेको कथाहरू भन्दै खाने गरिन्छ । यही खाएर पुर्खाहरू बाँचेको हुनाले पनि यस्तो खाना एकदिन सबैले खानुपर्छ भन्ने मान्यता छ ।

खालसकि र टुभासकि दुवैको पात एकै किसिमको देखिन्छ । यद्यपि टुभाको पात अलि काँडा हुन्छ र खालसकिकोमा काँडा हुँदैन । खालसकि र टुभासकिको माथि फलेको दाना माघ

महिनामा वा जाडो समयमा खाइन्छ । तर यसको जरा फागुन चैत्रमा वा यसको मुना पलाएपछि खनेर मुना पलाएको भाग भन्दा चार अमल जति छोडेर काटेर वा भाँचेर बाँकी त्यहीँ राखी झ्यास मलहरू लगाएर छोडिन्छ र अर्को नयाँ फलको लागि तयार हुन्छ भन्ने गरिन्छ ।

गिट्ठा र टुभासकि फगुन चैत्रमा खानुको कारण यसको बोट माथि गएको हुन्छ तर फेद भेटिदैन । माथि फलेको दाना मात्रै देखिन्छ, जब मुना आउँछ तब मात्र यसको फेद देखिन्छ यसैले यो बेलामा खन्ने चलन चलेको हो भन्ने पाइन्छ । अर्को यो बेलामा अन्नको अभाव हुन्छ र गिट्ठा तथा टुभासकि खाइयो भने विभिन्न देशानहरू लाग्दैन, रुरी लाग्दैन भन्ने गरिन्छ । जस्तोसुकै भोकको महामरीमा पनि यो खाँदा बाँच्न सकिन्छ भन्ने किंवदन्ती पनि पुर्खाहरूले सुन्दै भन्दै आएको भन्ने पाइन्छ । पहिला पहिला फागुन चैत्रमा जङ्गलमा आगो लगाएर यसको मुनाहरू पलाएपछि खन्ने गरेको चलन थियो भन्ने छ । आगो लगाएपछि यसको फेदमा जमेको झ्यासहरू डढेर मलको रूपमा काम गर्ने र यसको मुना पलाउन पनि माटो खुकुलो हुने, तापक्रम ठिक्कको हुने र पानी पर्ने बित्तिकै यसको मुना आउन थाल्दछ भन्ने पुर्खाहरूको अनुभव थियो भन्ने गरेको पाइन्छ । यी सकिहरू बारीमा रोप्ने खासै चलन छैन जङ्गलमा मात्रै हुन्छ भन्ने विश्वास गरेको पाइन्छ ।





*चित्र, ४ खालसकि(गिट्ठा भ्याकुरा,स्रोत समाजिक सञ्जाल ,चित्र, ५ खाल सकीको बोट र स्यावा(गिट्ठाको दाना र बोट,स्रोत समाजिक सञ्जाल*

५.१०.७ घर छ्याप्ने चलन पनि साकेला गाउँपलिकाको एक फरक प्रचलन हो । सेतो कमेरो माटो र रातो माटोको आधा आधा भाग छुट्टाइ घर पोत्ने चलन रहेको थियो । रातो माटोले मात्रै पोत्ने चलन अलि कम छ । तर पछिल्लो समय आधुनिक घर निर्माणसँगै घर छ्याप्ने वा पोत्ने चलन हराउँदै गएको पाइएको छ ।

५.१०.८ कपडा सिलाउने दमाइ समुदायले गर्दथ्यो । उनलाई वार्षिक मङ्सिरमा अन्न भर्ने गरिन्थ्यो । हात हतियारहरू अर्जाप्ने कार्य कामीहरूले गर्दथे । उनीहरूलाई वार्षिक अन्न मङ्सिरमा दिने

गरिन्थ्यो । जुत्ता बनाउने काम सार्कीले गर्दथ्यो र उनलाई पनि अन्न नै भर्ने चलन थियो । यसलाई बालीघरे चलन भनिन्छ । तर आजभोलि त्यो चलन हराउँदै गएको छ । लगभग शून्यमै पुगेको देखिन्छ ।

५.१०.९ धान थन्काउँदा भूमे पाथी छोरीहरूलाई नाङलोको उल्टो पारेर दिने चलन छ । किनभने धानको सह नजाओस् र छोरीको आशिष रहिरहोस् भन्ने गरिन्छ । तर आजभोलि यो संस्कृति पनि छेउ लाग्दै गएको छ ।

५.१०.१० गाई वा भैंसी ब्याएपछि सात चोटीसम्मको दूध दुधिलोको पातमा काठको सानो हाँगा दुई बित्ता जतिकोलाई चिरेर दिनै पिच्छेको दूधलाई राखी बेर्ने र त्यहाँ च्यापेर सिउरने र बाँकी दूध बिगौतिको रूपमा खाने गरिन्छ । यसलाई सातपत्रे भनिन्छ । लगातार सात पटकसम्म राखेपछि दूध समिलिएको वा दूध दही बनाउने समय भयो भन्ने बुझिन्छ । त्यसपछि सुत्केरी गाई वा भैंसीलाई चोखाउने गरिन्छ । चोखाउँदा गाई र बाछा वा बाछीलाई टीका लगाइदिने गरिन्छ । तर आजभोलि एकैचोटी सातपटक बेरेर राख्ने चलन हुँदै गएको भेटिएको छ । यसो हुनुमा जनशक्ति कम हुँदै गएकाले समयको पावन्दी कम भएर हुनसक्छ ।

५.१०.११ रुखहरू काट्दा ढोगेर काट्ने र काटिसकेपछि माटो लागाईदिने चलन छ । यो रुख वा बोटबिरुवाप्रतिको सम्मान हो ।

५.१०.१२ मासु ल्याउँदा पातमा सिसि फल्ने चलन छ । जागित्र (नराम्रो आत्मा)हरूलाई काचो खुन पातमा राखेर बाहिर दिने र पकाएर वा पोलेर चुलामा आउने पितृलाई दिने चलन छ ।

५.१०.१३ मही पारेर पहिला धुप लगाएर मात्रै मही पिउने चलन छ ।

५.१०.१४ गाईवस्तु वन लागेपछि ठेका चलाउनु हुँदैन वा दही दूध चलाउनु हुँदैन भन्ने गरिन्छ । यसको पालना गर्दै आइएको छ । यद्यपि पछिल्लो समय भने कडाइका साथ पालना गर्ने चलन हट्दै गइरहेको पाइन्छ ।

५.१०.१५ कसैको कुनै चिजमा आँखी डाही लागेमा सिस्नुले चिल्ने चलन छ ।

५.१०.१६ घर बनाउँदा मूल खाँबोको मुनिबाट तामाको पैसा, पहिला चलाएको पुरानो हतियार राखेर भाले काट्ने वा भाले नभएमा फट्याङग्राको भएपनि भोग दिने चलन रहेको छ । तर आजकाल यो परम्परा हराउँदै गएको छ । तामाको पैसा वा पुरानो हतियार राख्ने भनेको चट्याङलाई तर्काउनु अथावा आधुनिक शब्दमा भन्ने हो भने अर्थिङ हो । त्यस्तै घरमा खुनखराबीको काम कहिल्यै पनि नहोस् भनेर भोग दिने चलन कायम रहेको हो ।

## अध्याय छ

## मुन्दुमी चिकित्सा

### ६.१ पृष्ठभूमि

किरात राई समुदायको आफ्नै मुन्दुमी चिकित्सा परम्परा रहेको छ। चिकित्सालयका रूपमा सुप्तुलुङलाई लिइन्छ । मुन्दुमअनुसार सुप्तुलुङ नै सम्पूर्ण रोगव्याधीको उपचार थलो हो । मुन्दुमी ज्ञानअनुसार सुप्तुलुङ केन्द्रविन्दु भएपनि विभिन्न जडिबुटीको प्रयोग प्राचीन कालदेखि हुँदै आइरहेको देखिन्छ।

### ६.२ मुन्दुमी उपचार

किरात राई समुदायमा रोगअनुसारका विविध उपचार शैली रहेका छन् । प्रमुखतः माङपा अर्थात् बिजुवासँग यो जोडिन आउँछ। उनले बच्चाको लावा (सातो) जाँदा त्यसलाई पुनः फर्काउने कार्य गर्छन् । जसले गर्दा झोक्राएर रुन्चे भइरहने बच्चा निको हुने विश्वास गरिन्छ । धामीले 'जागित्र' लागेको, शिकारी लागेको जस्ता विभिन्न किसिमका उपचार आफ्नो विधिअनुसार गर्छन् ।

### ६.३ जडिबुटी

किरात समुदायमा धामी झाँक्रीसँगै उपचारका लागि विभिन्न जडिबुटीको प्रयोग गरिन्छ। यहाँ तिनलाई प्रस्तुत गरिएको छ :

६.३.१ खुट्टा मर्किएमा फूल खरानी मुछेर मर्केको ठाउँमा लिपेर तोरीको तेलमा केराको पात चोबेर आगोमा सेकाउने गरिन्छ। यो कार्य करिब तीन दिनसम्म सहन सक्ने गरी गरियो भने निको हुन्छ। खराब भएको खुन सबै हराएर जान्छ।

६.३.२ रिँगटा लागेमा सिहे, मामापा लाग्यो भन्ने विश्वास गरिन्छ। यस्तो हुँदा तितेपाती सुँघ्ने, केस डढाएर सुँघ्ने, मैन पोलेर सुँघ्ने, आम्लारी (सुनाखरी)को बोट पोलेर सुँघ्ने गरिन्छ। र स्यामुरी पनि लगाउने गरिन्छ।

६.३.३ वाक वाक लागेमा र पेट बटारिएमा बिखुमा (हिमाली क्षेत्रमा पाइने ओखतीमूलक वनस्पति) खुर्केर खाने गरिन्छ।

६.३.४ धेरै ज्वरो आएमा चिराइतो पानीमा भिजाएर पिउने गरिन्छ।

६.३.५ लेक लागेमा सातु, माटो, जाडको छोका, मकै भट्मास, नुन खाने गरिन्छ।

६.३.६ पेट कटिएमा वा सेतो आउ परेका फिन्चाम/चिङफिङ खाने गरिन्छ।

६.३.७ पखालो चलेमा कोदोको जाँडको छोका खाने गरिन्छ। कोइराला, टाकीको फूल वा बोका उसिनेर पानी पिउने गरिन्छ।

६.३.८ खाना खादा पेट दुखेमा वा खाना अरूचि भएमा हलेदो, भात र मुरिम्मा (सिउडीको) गुदी दुनामा मिसाएर उल्टा काटेर (धामीले फुकेर) खाने गरिन्छ।

६.३.९ खोकी लागेमा ससुङपा (हर्रा) खाने गरिन्छ । चिसोले खोकिलागेमा मौरीको मह र अदुवाको मिश्रण,वा तीनपाने रक्सी,वा कुखुराको तितेहालेको रस खाने गरिन्छ ।

६.३.१० जीउ दुखेमा मौरीको मह,वा तीनपाने रक्सी,वा कुखुराको तितेहालेको रस खाने गरिन्छ ।

६.३.११ घाटीमा घाउ भएमा वा दुखेमा पाम्पेमा (ऐसेलु)को जरा वा मुन्टा खाने गरिन्छ । सिमलीको मुन्टा पनि खाने गरिन्छ । कोदो पिठोको पातलो खोले वा बेसार पानी वा अदुवा महको मिश्रण बनाएर पिउने गरिन्छ ।

६.३.१२ पिलो आएमा मर्चा लगाएर पकाउने र पिप फाल्ने गरिन्छ । भरखर निस्कदै गर्दा खुकुरीले तीन पटक,५पटक डामेर पनि पिलोको उपचार गरिन्छ । आरो(फलामको छेस्को वा छिप्पिएको बासको छेस्कोलाई तिखो बनाएर आगोमा तातो बनाएर हान्ने)हानेर पनि पिलोको पिप फाल्ने चलन थियो ।

६.३.१३ काटेको घाउमा बीरबीरे झार खेतको भित्तामा उम्रिन्छ वा,वनमारा झार वा तितेपाती माडेर लगाउने गरिन्छ ।

६.३.१४ मलद्वारमा मासु पलाएमा बुङसेमा(हलहले)को सागपकाएर वा काचो माडेर झोल बनाएर खाने गरिन्छ ।

६.३.१५ दादुरा आएमा लुसा(पाहा) उसिनेको पानी पिउने गरिन्छ ।

६.३.१६ टाउकोमा जुम्रा पलाएमा रायोको तेल लगाउने गरिन्छ ।

६.३.१७ बर्खामा खुट्टा कुहेमा मकैकाठको तेल सिलटिम्बुरको तेल लगाउने गरिन्छ ।

६.३.१८ माछाको काडा अड्किएमा गुरासको सुकेको फूल चपाउने, खाने गरिन्छ ।

६.३.१९ हिलो पानीले खुट्टा खाएमा राढीको छेउको भाग डढाएर भेडाको घिउसँग मिसाएर लगाउने । मिरेसुङ (एक किसिमको वनस्पति जडिबुटी) माडेर लगाइन्छ ।

६.३.२० नानीहरूको सातो गएमा आमा र बच्चा नबोली ढोकामा बस्ने र एक जनाले नानीको हातमा काँचो धागो बाँधेर कुवासम्म धागो खोल्दै जाने र पानी भरेर तावौ-तावौ,बानौ-बानौ भन्दै धागो बटुल्दै बटुल्दै ल्याउने र नानीलाई नबोली खुवाइदिने र कानमा फुकीदिने गरिन्छ । त्यसपछि धागो घाटीमा लगाइदिने गरिन्छ ।

६.३.२१ बुटीमा लुसा(पाहा)को अण्डा, कस्तुरीको रौँ, दुम्सीको काढाको टुका, नानीको नाइटो सुकेको सानो भाग,सुनाखरीको सानो डाँठको टुका,भालुको सुकेको पित्त,बाघको छाला वा रौँ र मौरीको चाकाबाट बनेमो मइनको सानो टुक्रा, र दाकवा(पाङग्रा)को भित्रको सेतो भागको एक टुक्रा लगाएर कपडामा राखेर बुटी बाँध्ने गरिन्छ ।

६.३.२२ जन्तरमा पनि यो सबै राखिन्छ र यसमा मन्त्र पनि लोख्ने गरिन्छ ।

६.३.२३ दाकवा(पाङग्रा) घाटीमा लगाए वा हातमा बाँधेमा चिसो लाग्दैन भन्ने गरिन्छ ।

६.३.२४ जुका वा चुर्ना परेमा चौलानी पानी वा फूलखरानी पानी पिउने गरिन्छ ।

६.३.२५ पखाला लागेमा मेहेलको चुक,केरा,दहि केरा चिउरा खाने गरिन्छ ।

६.३.२६ लुतो भएमा बोफ्कोको जरा वा पात दल्ने गरिन्छ ।

६.३.२७ दाँत दुखेमा दाँतमा धतुरो लगाउने वा ल्वाङफूलको पात दाँतमा च्याप्ने गरिन्छ ।

६.३.२८ पिसाबले पोलेमा काचो मकै चपाउने,खालीजातो घुमाउने गरिन्छ वा रसुङ्चा (घोरताप्रे झार)लाई काचै पात वा यसलाई दलेर रस निकालेपनि खाने गरिन्छ ।

६.३.२९ बच्चा जन्मन नसकेमा नाङलोमा पानी लडाएर खुवाउने चलन छ,र कुह्लोको बोट ल्याएर केसमा लगाइदिने पनि गरिन्छ । कुह्लोको बोट उखाल्दा दुइवोटा जरा भएमा छोरा र एकवोटा जराभएमा छोरी हुन्छ भन्ने विश्वास पनि गरिन्छ ।

६.३.३० आँखा छेउछाउ चोट लागेमा माकुराको जालो लगाउने गरिन्छ यसले दाग बस्दैन भन्ने छ ।

६.३.३१ बच्चाले हरियो दिसा गरेमा अबिजाले झार दलेर खुवाउने गरिन्छ ।

६.३.३२ पिसाब फेर्न गाह्रो भएमा सिरु वा दुभोको जरा कुटेर रस निकाले पिउने गरिन्छ ।

६.३.३३ वाकवाक वा हाई लागेमा, टाउको दुखेमा, पेट दुखेमा बज्र ढुङ्गोलाई पोलेर पानीमा राखी पानी पिउने गरिन्छ ।

६.३.३४ हनमपासी (बोकेटिमुर)ले वस्तुहरूको नाकमा लाग्ने जुकालाई झार्ने काम गर्छ र मान्छेलाई चुर्ना पर्दा पनि खाने गर्दछ । अन्नमा किरा नलागोस भनेर त्यहाँ पनि राख्ने गरिन्छ ।

६.३.३५ सुप्तुलुङ (तीन चुला)को टीका लगाएर हिँड्दा कुनै भूत प्रेतले दुःख दिँदैन भन्ने विश्वास छ,वा पैतालाको धुलोको पनि टिका लगाउने गरिन्छ ।

६.३.३६ विलिमसे (सिलटिमुर)ले दाँत गन्हाउने, दाँतबाट खुन आउने कार्यलाई कम गर्छ, खुट्टको औंलामा हिलोलागेको,खुट्टाफुटेको ठाउँमा लगाउने गरिन्छ ।

६.३.३७ छयोक्मा(सिस्नु)ठुलोमहामरीमा सिस्नु खाएर बाचेको भन्ने भनाइहरू रहेको छ यसले उच्च रक्तचाप,चिनी रोगलाई कमगर्ने काम गर्छ ।

६.३.३८ एकदम धेरै रुघालगेर सिगान चुहिएमा चिन्चिरिप्पा(अमिलोझार) झारलाई दलेर/माडेर झोल निकालेर खाने गरिन्छ ।

६.३.३९ गहुँको, जौको टुडो घाँटिमा अड्किए गुराको सुकेको फूल खाने गरिन्छ ।

६.३.४० घाँटी बाङगीएमा शिकारी झार दल्ने गरिन्छ ।

## तस्बिरहरू



*दाकवा*



*रसुङ्चा*



*चिन्चिरिप्पा*



*बुङ्सेमा*



साकेला गाउँ कार्यपालिकाको सभाहलमा आयोजित अध्ययनका लागि पृष्ठपोषण कार्यक्रम ।



साकेला गाउँपालिका २ मा गैरकिराती समुदायका धामीबाट झारफुक गरिँदै ।



साकेला गाउँ कार्यपालिकाको सभाहलमा आयोजित अध्ययनका लागि पृष्ठपोषण कार्यक्रम ।



मृतकको सम्झनामा निर्मित चौतारा ।



अध्ययनका क्रममा वडा नं. १ का वडाध्यक्षको कार्यकक्ष पुग्दा ।



निर्माणधीन गोठ/टहराको अवलोकन ।



वडा नं. २ रतन्छास्थित घरको छानोमा काठको बुटा ।



वडा नं. २ रतन्छास्थित एक घर ।



वडा नं. २ रतन्छास्थित साकेला थान ।



साकेला गाउँ कार्यपालिकाको सभाहलमा आयोजित अध्ययनका लागि पृष्ठपोषण कार्यक्रम ।



वडा नं. ५ मा अध्ययनका क्रममा ।




रतन्छास्थित एक चोक । यो चोकको नाम एक चाम्लिङ पाछाको नामबाट राखिएको छ ।

## सन्दर्भ सामग्री


राई, शान्ति देवी, (२०८२). *किरात राई ब्रह्माण्डशास्त्रमा महिला शक्ति र सांस्कृतिक स्थान.* सुम्निमा, ३, पृ २९-३३. किरात राई सुम्निमा संघ काठमाडौं ।

राई, शान्ति देवी, राई पूर्ण बहादुर (जीतेन), र राई, सन्तोष (निरा), (२०८१). *किरात मुन्दुम संस्कार र रिसिया* . किरात मुन्दुम अध्ययन केन्द्र, ललितपुर, १४ ।

राई, शान्ति देवी, (२०८२). *मानव उत्पत्ति र खुवालुङसँग जोडिएका मिथक तथा विश्वासहरू.* तुवाचुङ, १६,१५,पृ १९-२९ ।

राई, शान्ति देवी, राई, पूर्ण बहादुर (जीतेन), र राई, सन्तोष (निरा), (२०८१). *किरात मुन्दुम अध्ययन प्रतिवेदन.* जन्तेढुङ्गा गाउँपालिका, खोटाङ ।

राई, शान्ति देवी, राई, पूर्ण बहादुर (जीतेन), र राई, सन्तोष (निरा), (२०८१). *किरात मुन्दुम अध्ययन तथा सङ्कलन प्रतिवेदन.* ललितपुर महानगरपालिका, पुल्चोक ।

Chamling, B. (2015). Kirat ra mundum: Nepali paribes ra matrisatta In *Dosro Kirat Rai antarastriya sammelan* (pp. 40-47). Dosro Kirat Rai Antarastiya Samaanwya samiti.

Kaila, B. (2006). Hudson pandulipyma limbubhasasambandhi samagriko smchhipta Bibarn. *Baha : journal, 3*(3), 105-135. https://doi.org/1033

Lugun, A., Katicha, U., Mukhiya, A. K., & Rapacha, L.-S. (2019). Paramparagat sangthan,gyan,nya tatha kanun pranali. In L.-S. Rapachha (Ed.), *Kirati-koich(sunwar/mukhiya):Pahichan tatha bhasa-sahityako eaitihasik sarwechyan* 289 (pp. 213-224). Adiwasi Janajati Uthan Rastriya Pratisthan, Jawalakhel.

Nicoletti, M. (2006). *Shamanic solitudes: ecstasy, madness and spirit possession in the Nepal Himalayas*. Vajra Publications-Kathmandu.

Prapannachrya, S. k. R. (2003). Shikchhya ko udeshya. In *Vedama k chha* (6th ed., pp. 30). Sajhaprakasan.

Rai, S. D. (2026). Indigenous Education System: A Symbolic Representation of the Mundumic Suptulung–Narrating the Educational System of the Kirat Rai. *The Journal of DMC*, *4*(1), 105-119.

Rai, S. D., & Rai, P. B. J. (2026). Dolokumma in the Kirat Rai Philosophy: Ritual Continuity or Cosmic Creation. *Kirat Pragya किरात प्रज्ञा*, *5*, 140-150.

Rai,S.D.(2023). *Kirat Rai's Suptulung as a Place for Transferring Religious Learning Into Educational Practice* (Doctoral diseration, Tribhuvan University).

Rai, S. D. (2016). Kirat raiharuma suptulung ko mahatwa. In A. R. Shanti Kumari Rai, Shanti Devi Rai (Ed.), *Tuwachung* (Vol. 9, pp. 45-51). Kirat Rai Chamling Khambatim Mahila Bibhag,Ngamaichimai Wachat Samuha. 296

Rai, S. D. (2017). Sutulung ra shichhya. In S. K. Rai, A. Rai, & S. D. Rai (Eds.), *Tuwachung* (Vol. 9, pp. 22-36). Kirat Rai Chamling Khambati Ngamaichimai Samuha.

Rai, S. D. (2018a). Kirat rai haruko thirtha dham 'suptulung'. In S. Nira (Ed.), *Sumnima-Paruhan* (pp. 48-52). Kirat rai bidharthi sangh TU elaka karyasamiti.

Rai, S. D. (2018b). Kirat raiharuko tirthadham "Suptulung". In S. Nira (Ed.), *Sumnima Paruhang* (Vol. 10, pp. 48-52). Kirat Rai Bidharthi Sangh.

Rai, S. D. (2018c). Suptulung. In B. C. Tara Mani Rai (Ed.), *Kirat r suptulung:Sanskritik sanstha chulosambandhi adhyan* (Vol. 1, pp. 173-178). Nepal Sarkar ,Adiwasi Janajati Uthan Rastriya Pratisthan,Lagankhel,Lalitpur.

Rai, S. D. (2020a). *Kirat and Kirat Rai's Suptulung:Indigenous education in Nepal*.

Rai, S. D. (2020b). Suptulung as indigenous knowledge of Kirat Rai people. *Siddajyoti Interdisciplinary Journal(SIJ), 1*, 139-147.

Rai, S. D. (2020c). Suptulung as indigenous knowledge of kirat rai people. *Siddhajyoti Interdisplinary Journal(SIJ), 1*. https://doi.org/https://doi.org/10.3126/sij.v1i0.34928

Rai, S. D. (2020d). Suptulung ra rishya. In S. K. Rai, A. Rai, & S. D. Rai (Eds.), *Tuwachung* (Vol. 12, pp. 50-57). KIrat Rai Chamling Khambatim Mahila Samuha.

Rai, S. D. (2021). Indigenous Knowledge in Mundum and Suptulung. *AMC Journal, 2*(1), 75-88. https://doi.org/10.3126/amcj.v2i1.35789

Rai, S. D. (2022). Kiratrai and Mundumiya Suptulung. In M. Karki, K. Luitel, S. Khanal, N. Sharma, L. Gautam, & A. Shaha (Eds.), *Nepal adhyan journal*

Shiwahang, J. (2011). Krishna Kumari Rai.

Yamphu, H. (2018). Yamphu kirat itihas, sabhyta r darsan. *Rilung*, *1*(1), 17-44.

**स्रोत व्यक्तिहरू**

१. ज्ञानबहादुर राई, साकेला गाउँपालिका-१ (रिसिमी)

२. हेमन राई, साकेला गाउँपालिका-१ (वडा अध्यक्ष)

३. हिमाल राई, साकेला गाउँपालिका-१ (होप्माछाम गाउने)

४. जुनाम्पा, साकेला गाउँपालिका-१ (रिसिमी)

५. जयबहादुर राई, साकेला गाउँपालिका-२ (बैदाङ, ज्योतिसी, रिसिमी, दोलोकुम्मा, मारुनी, होप्माछाम भाका गाउने)

६. गौप्रसाद राई, साकेला गाउँपालिका-२ (रिसिमी, दोलोकुम्मा, होप्माछाम, हियारी भाका गाउने)

७. शुक्रशिला राई, साकेला गाउँपालिका-२ (मुन्दुमी कथा प्रसतोता, दोलोकुम्मा, होप्माछाम, हियारी, भाका गाउने)

८. अन्तरी कमेनी, साकेला गाउँपालिक-२(बेठी भाका गाउने)

९. मोहन प्रसाद राई, साकेला गाउँपालिका-२(बेठी भाका गाउने)

१०. देशवीर राई, साकेला गाउँपालिका-२ (साकेला नछुङ)

११. मनकुमारी राई, साकेला गाउँपालिका-२ हाल तरहरा(साकेला नछुङ)

१२. रत्नकुमार राई, साकेला गाउँपालिका-२ सासिप (बिजुवा धामी)

१३. खड्गेम्पा, साकेला गाउँपलिका-२ (पारतिरको पूज्ने धामी)

१४. रामप्रसाद राई, साकेला गाउँपालिका-२ (रिसिमी)

१५. लक्ष्मीभक्त राई, साकेला गाउँपालिका-२ (रिसिमी)

१६. कुलबहादुर राई, साकेला गाउँपालिका-२ (रिसिमी)

१७. बयान सिं राई, साकेला गाउँपालिका-२ (रिसिमी, मुन्दुमी पुस्तक लेखक)

१८. गडुलमान राई, साकेला गाउँपालिका-२ (रिसिमी, क्यान्छारी, मुन्दुमी पुस्तक लेखक)

१९. जीतमान राई, साकेला गाउँपलिका-२ (धामी)

२०. धिराज राई, साकेला गाउँपालिका-२ (साकेला धामी)

२१. नाउवीर राई, साकेला गाउँपालिका-२ (रिसिमी,साकेला सेउली राख्ने)

२२. पृथेम्पा, साकेला गाउँपालिका-२ (साकेला धामी)

२३. प्रसन्न राई,साकेला गाउँपालिका-२(साकेला नछुङ)

२४. जीतेन्द्र राई,साकेला गाउँपालिका-२ (वडा अध्यक्ष)

२५. श्रीराम राई,साकेला गाउँपालिका-२ (रिसिमी, तरेम्पा कथा प्रस्तोता)

२६. गज केशर राई, साकेला गाउँपालिका-३ (रिसिमी,मुन्दुमी कथा प्रस्तोता)

२७. गोविन्द तामाङ, साकेला गाउँपालिका-३ (वडा अध्यक्ष)

२८. मिनबहादुर राई,साकेला गाउँपालिका-३ (मुक्तिमी)

२९. शिवबहादुर राई, साकेला गाउँपालिका-३ (धामी तथा वडा सदस्य)

३०. सुम्निमा राई,साकेला गाउँपालिका-३ (सहभागी, थानी कथा प्रस्तोता)

३१. जबरमान राई, साकेला गाउँपालिका-४ वर्ष ८२ (रिसिमी) ।

३२. विर्ज बहादुर राई, साकेला गाउँपालिका-४ साकेला, वर्ष ५८, (सदुङपा)

३३. प्रवन राई साकेला गाउँपालिका-४, वर्ष ५६,(बिजुवा तथा खातवा धामी)

३४. भिमबहादुर खड्का, साकेला गाउँपालिका-४(वडा.अध्यक्ष)

३५. पञ्चधन राई,साकेला गाउँपालिका-५(क्यान्छायरी,साकेला सिलीमपा)

३६. कर्ण बहादुर राई,साकेला गाउँपालिका-५(क्यान्छारी)

३७. विष्णु राई, साकेला गाउँपालिका-५ (रिसिमी)

३८. दिलकुमार चाम्लिङ राई, साकेला गाउँपालिका-५, (साकेला धामी,साकेला कथा प्रस्तोता) वर्ष ७६ ।

३९. हरिहर ढकाल, साकेला गाउँपालिका-५, (काबा, अध्यक्ष)